FNJ JHAPA

# चौथो अङ्ग

*Bulletin* बुलेटिन

२०८०




नेपाल पत्रकार महासंघ झापा

# झापा शाखा कार्यसमिति (०७८-०८०)




## कार्यालय

- बिर्तामोड, झापा (अर्जुनधारा-११)
- फोन नं. ०२३-५४०२०६
- इमेल: fnjjhapa2071@gmail.com
- Web: fnjjhapa.org.np


चौथो अङ्ग बुलेटिन-२०८०

**भाषा सम्पादन**
लक्ष्मण ढकाल

**आवरण/तस्वीरहरु**
बिनोद पाण्डे 'कमल'

**लेआउट**
सन्तोष अधिकारी

१ करोडको पत्रकार सहारा उपचार कोष

दुई तले भवन




२९ वटा प्रशिक्षण अन्तरक्रिया

पुस्तकालय र ई-पुस्तकालय

१२ लाख ५१ हजारको पुरस्कार अक्षयकोष

चौथो अंग बुलेटिन इबुलेटिन प्रकाशन

झापाको पत्रकारिता आरम्भदेखि ०४० पुस्तक

# तीन वर्षमा हामीले के गऱ्यौं ?

## अध्यक्षको मन्तव्य



● एकराज गिरी
अध्यक्ष

२५ चैत २०७७ मा १३ औं जिल्ला अधिवेशनबाट निर्वाचित भई ६ बैशाख २०७८ मा पदभार ग्रहण गरेको नेपाल पत्रकार महासंघ झापाको वर्तमान कार्यसमितिले तीन वर्षको अवधि पूरा गरेको छ। कोभिड-१९ को विश्वव्यापी संकट तथा पत्रकारिता क्षेत्रका कैयौं चुनौतिका बीच हाम्रो कार्यकाल शुरु भयो। कोभिड-१९ को संक्रमणबाट जोखिममा परेका पत्रकारको स्वास्थ्य सुरक्षाका लागि अक्सिजन सिलिण्डर, अक्सिमिटर, थर्मोमिटर, मास्क, सेनिटाइजर, फेसशिल लगायतका स्वास्थ्य सामग्री, पौष्टिक आहार, गम्भीर बिरामी पत्रकारको उपचारमा अस्पतालसँग समन्वय, चिकित्सकसँगको मनोपरामर्श र खोप व्यवस्थापनमा महासंघले निर्वाह गरेको भूमिका स्मरणीय छ।

कोरोना प्रभाव कम हुँदै गर्दा महासंघले संस्थाको विकास र श्रमजीवी पत्रकारको हितका लागि योजना बनाएर त्यसको कार्यान्वयनलाई तीब्रता दियो। यस अवधिमा हामीले श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि एक करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँको पत्रकार सहारा उपचार कोष बनाउन सफल भयौं। बिर्तामोडस्थित भुइँतले साँघुरो कार्यालय भवनको स्तरोन्नति गरी दुईतले बनायौं। उपचार कोषमा करोड घोषणा र स्तरोन्नति गरिएको भवनको उद्घाटन नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट भएको क्षणले गौरवको महशुस गराएको छ। कार्यालयमा पुस्तकालय र ई-पुस्तकालयको व्यवस्थापन गरिएको छ।

कार्यालयलाई सञ्चार केन्द्रको रुपमा विकास गरी पत्रकारलाई खोज, अध्ययन तथा सञ्चारकर्म सम्पादनमा सहज बनाइएको छ। पत्रकारलाई पेशाप्रति सक्रिय रहन प्रोत्साहित गर्न र योगदानको कदर गर्न पुरस्कार अक्षयकोष र पुरस्कार राशि वृद्धि गरिएको छ। तीन वटा नयाँ पुरस्कार स्थापनासहित महासंघले वितरण गर्ने पुरस्कार अब पाँच वटा भएका छन्। पाँच लाखको अक्षयकोषसहित भ्रष्टाचारविरुद्ध कलम चलाउने पत्रकारलाई हरेक वर्ष पुरस्कृत गर्न छुट्टै पुरस्कारको स्थापना गरिएको छ। सबै पुरस्कारको अक्षयकोष १२ लाख ५१ हजार रहेको छ।

बैठक व्यवस्थित गर्न, पुरस्कारहरुलाई पारदर्शी र व्यवस्थित ढंगले वितरण गर्न छुट्टै कार्यविधि तयार गरी लागू गरिएको छ। उपचार कोषको कार्यविधि समयानुकूल परिमार्जन गरी उपलब्ध गराउने सुविधाको दायरा र दर वृद्धि गरिएको छ। अब महासंघ झापाका हरेक सदस्यले उपचार कोषबाट सुविधा पाउने व्यवस्था गरिएको छ। यसअघि सुविधा लिन कोषको सदस्यतावापत तीन हजार रुपैयाँ शुल्क बुझाउनुपर्ने व्यवस्था थियो।

चौथो अङ्क नामक इ-बुलेटिन, बुलेटिन प्रकाशन नियमित छ। झापाको पत्रकारिताको इतिहास समेटिएको 'झापाको पत्रकारिताःआरम्भदेखि ०४०' पुस्तक प्रकाशोन्मुख छ। श्रमजीवी पत्रकारलाई पत्रकारितासँग सम्बन्धित काममा तथा उपचारका लागि काठमाडौं जान-आउन सहज होस् भनेर सौर्य एयरसँग सम्झौता गरी झापाका पत्रकारलाई १०० थान हवाइ टिकट निःशुल्क उपलब्ध गराइएको छ। महासंघको छुट्टै वेवसाइट बनाएर स्थापनादेखि हालसम्मका आवश्यक विवरण अद्यावधिक तथा महासंघका गतिविधि नियमित प्रकाशन गर्न थालिएको छ। यस अवधिमा पेशागत दक्षता अभिवृद्धिका लागि २९ वटा प्रशिक्षण-अन्तरक्रिया सम्पन्न भएका छन्। महासंघ झापाको समन्वय तथा सिफारिसमा ३२ जना पत्रकारलाई लेखनवृत्ति प्रदान गरिएको छ। महासंघको अगुवाईमा झापाको कनकाईमा प्रदेशस्तरको मिडिया उत्सवको तयारी भइरहेको छ। तीन वर्षमा हाम्रो नेतृत्वले गरेका सबै कामहरुलाई संक्षेपमा लिपिबद्ध गरेर यो बुलेटिन प्रकाशन गरिएको छ। प्रकाशनमा सहयोग गर्ने सबैमा धन्यवाद।

अन्त्यमा, हामीलाई निर्वाचित गरेर सञ्चार क्षेत्रको विकास र श्रमजीवी सञ्चारकर्मी, सञ्चार माध्यमको दीगो हितमा काम गर्ने अवसर दिनुभएकोमा सबै सदस्यहरुप्रति धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछौं। हामीलाई निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने प्रदेश समिति र केन्द्रीय समितिप्रति आभारी छौं। उपचार कोषलाई करोडको लक्ष्य हासिल गर्न, भवन स्तरोन्नति गर्नदेखि महासंघका हरेक गतिविधि र सञ्चार क्षेत्रको समस्यामा साथ दिनुहुने, सहयोग गर्नुहुनेहरुको गुन बिर्सने छैनौं। तपाईहरु सबैप्रति हार्दिक सम्मानका साथ आभार प्रकट छौं। आगामी दिनमा पनि सञ्चार क्षेत्रलाई माया गरी दिनुहुनेछ, महासंघको अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा र विश्वास व्यक्त गर्दछौं।

हामीलाई सदैव सल्लाह, सुझाव, हौसला र सकारात्मक ऊर्जा प्रदान गर्नुहुने अग्रजहरु, सल्लाहकारहरु, महासंघका सदस्यहरु, सहकर्मीहरु, शुभचिन्तकहरु सबैप्रति आभारी छौं। यो तीन वर्षे कार्यकाल ऐतिहासिक रुपमा सफल बनाउन सहयोग गर्ने कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरुप्रति अध्यक्षको हैसियतले धन्यवाद ज्ञापन गर्दछु। कार्यलय सचिव अनुषा चुडाल, प्राविधिकरुपमा सहयोग गर्नुहुने सन्तोष शर्मा, सन्तोष अधिकारी, रुपा मुखियालाई हार्दिक धन्यवाद। यस अवधिमा प्रत्यक्ष एवम् परोक्ष सहयोग गर्नुहुने सबैप्रति हार्दिक सम्मान छ, हार्दिक नमन छ।

# करोडको पत्रकार सहारा उपचार कोष





झापाका श्रमजीवी पत्रकारहरुको सामाजिक सुरक्षाका लागि नेपाल पत्रकार महासंघ झापाद्वारा स्थापित पत्रकार सहारा उपचार कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैंया जम्मा भएको छ।

कोषको व्याजबाट पत्रकारहरु दुर्घटनामा घाइते हुँदा, जटिल रोगबाट बिरामी हुँदा तथा पत्रकार महिला सुत्केरी हुँदा उपचार खर्च दिइदै आएको छ। कोष करोड पुगेको अवसरमा अब ६५ वर्ष माथिका ज्येष्ठ पत्रकारलाई समेत औषधि सेवन खर्च वापत नियमित रुपमा (वार्षिक एकमुष्ठ) भत्ता दिने तयारी गरिएको छ। कोष वृद्धिको अभियान करोडको लक्ष्यमा पुर्‍याउन र कोषप्रति हरेक पत्रकारलाई उत्तरदायी बनाउन यसअघि महासंघका सदस्यबाट कोषको सदस्यता वापत लिइदै आएको रु. तीन हजार शुल्कको व्यवस्था कोष करोड पुगेको अवसरमा हटाइएको छ।

अब महासंघ झापा शाखाका हरेक सदस्यले कोषबाट सुविधा पाउने छन्। यी सबै सुविधा कोषबाट प्राप्त हुने व्याज रकमबाट उपलब्ध गराइदै आएको छ। कुनै पनि परिस्थितिमा कोषको साँवा रमक चलाउन नपाइने व्यवस्थासहितको कार्यविधि महासंघको साधारणसभाबाट पारित भई लागू भएको छ। कार्यविधिमा घाइते रोगीको वर्गीकरणसहित सुविधा बारे स्पष्ट व्यवस्था गरिएको छ। कार्यविधिमा उल्लेख गरेभन्दा बढी सुविधा कसैलाई दिन नपाइने यदि दिनु पर्ने परिस्थितिमा महासंघको अन्य स्रोतबाट दिने व्यवस्था समेत गरिएको छ।

कोषको स्थापनाका लागि सहारा नेपाल वचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको महत्वपूर्ण योगदान छ। संस्थाका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीको सल्लाह र हौसलाबाट ०७३ पुस १३ गते सहाराको ५ लाख र महासंघको ४ खाख गरी ९ लाख रुपैयाँबाट कोषको सुरुवात गरिएको हो। महेन्द्रकुमार गिरी, तत्कालिन अध्यक्ष भीम नेम्वाङ, उपाध्यक्ष तारामणि सापकोटा र सचिव तथा हालका अध्यक्ष एकराज गिरीको सल्लाहबाट कोषको स्थापना भएको हो।

त्यसलगत्तै निर्वाचनबाट तारामणि सापकोटाको नेतृत्व निर्वाचित भएपछि त्यस समितिले तत्कालिन उपाध्यक्ष एकराज गिरीलाई कोषको संयोजक बनायो। उपाध्यक्ष तथा कोषका संयोजक गिरीको नेतृत्वमा कोषमा रकम संकलन गर्ने अभियान चलाइयो। गिरी संयोजक रहेको समितिको सदस्य सचिवमा केशव भट्टराई, सदस्यहरु सुष्मा राजवंशी, लिलाराज झापाली र विनोद सापकोटाको योगदान र सक्रियता थियो। ९ लाख रुपैयाँबाट सुरु भएको त्यस अभियानबाट ४४ लाख जम्मा भयो। त्यसपछि ०७७ चैत २५ गते एकराज गिरीको नेतृत्व महासंघमा निर्वाचित भएपछि कोषलाई मुख्य प्राथमिकतामा राखेर कोषको रकम एक करोड पुर्‍याने लक्ष्य घोषणा गरी अभियान तीव्र पारियो। अभियान अन्तर्गत गिरीकै नेतृत्व र कार्यकालमा कोषको रकम एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैंया पुर्‍याउन महासंघ सफल भयो।

# करोड घोषणा र दातालाई सम्मान समर्पण




२०८१ वैशाख ३ गते बिर्तामोडमा विशेष कार्यक्रमका बीच नेपाल पत्रकार महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैंया पुगेको घोषणा गरिएको छ।

कोषका दाताहरुलाई कोषको संस्थापक घोषणा गरिएको छ। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा महासंघ झापाका अध्यक्ष एकराज गिरीले सो घोषणा गर्नुभएको हो। प्रथम राष्ट्रपति डा. यादवले कोषका दाताहरुलाई त्यस अवसरमा सम्मान प्रदान गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै डा. यादवले नेपाल पत्रकार महासंघ झापाले शुरु गरेको अभियान उत्कृष्ट र उदाहरणीय भन्दै यस्तो अभियान देशभर सञ्चालन गर्नुपर्ने बताउनुभयो। डा. यादवले श्रमजीवी पत्रकारका हितमा झापामा देशकै उदाहरणीय कार्य भएको भन्दै पत्रकार महासंघ झापा शाखाको प्रशंसा गर्नुभयो।

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखेलले पत्रकार महासंघ झापाले उदाहरणीय काम गरेको भन्दै प्रशंसा गर्नुभयो।

उनले अन्य जिल्लालेसमेत झापाबाट धेरै कुरा सिक्नुपर्ने बताउनुभयो।

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल पत्रकार महासंघ झापाले पत्रकारको हितमा गरेको कामको प्रशंसा गर्दै पत्रकारको पेशागत दक्षता र क्षमता अभिवृद्धिबाट आफू समेत प्रेरित भएको बताउनुभयो।

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापाले पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको कोषको प्रशंसा गर्नुभयो। उहाँले कोषमा सहयोग गर्ने दाता परिवारलाई समेत धन्यवाद दिनुभयो।

सहारा नेपाल साकोसका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले दीर्घकालीन सोच राखेर शुरु गरिएको यो अभियानले सार्थकता पाएको भन्दै खुशी व्यक्त गर्नुभयो। सही नेतृत्व पाए बाँकी रहेका कामले सफलता प्राप्त गर्ने भन्दै गिरीले यसपटक झापा शाखाले देखेको सपना पूरा भएको बताउनुभयो। उहाँले यसको संरक्षण, विकास र प्रवर्द्धनमा ध्यान दिन सुझाव दिनुभयो।

नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीले पत्रकार महासंघ झापा शाखाले स्तुत्य कार्य गरेको भन्दै अध्यक्ष एकराज गिरीसहित अभियानमा जोडिएका सबैलाई धन्यवाद दिनुभयो। उहाँले कोषको रकम दुरुपयोग हुन नदिने बताउनुभयो।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष गिरीले अभियानमा जोडिने सबैलाई धन्यवाद दिँदै कोषको रकम दुरुपयोग हुन नदिने बताउनुभयो। उहाँले कोषलाई अझ बढाएर लैजाने प्रतिबद्धता जनाउनु भयो। उहाले कोषबाट प्राप्त ब्याजबाट ज्येष्ठ पत्रकारलाई औषधि खर्च वापत भत्ताको व्यवस्था गर्ने बताउनुभयो।

कार्यक्रममा अभियानमा सहयोग गर्ने सहारा नेपाल साकोस, अन्तर्राष्ट्रिय झापाली समाजसहित व्यक्तिगत रुपमा सबैभन्दा धेरै रकम प्रदान गर्ने दाता जयनारायण ढुंगाना/अञ्जना ढुंगाना, महेन्द्रकुमार गिरी, महेन्द्र चम्लागाईं, मोहन ढकाल, कोष वृद्धिमा विशेष सहयोग गर्ने पूर्व मुख्यमन्त्री उद्धव थापा लगायत दाताहरुलाई सम्मान गरिएको थियो। सरकारी निकाय, विभिन्न संघ-संस्था र दातालाई कार्यक्रमका प्रमुख अतिथि डा. यादवले सम्मान पत्र प्रदान गर्नुभएको थियो। महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले सञ्चालन गरेको कार्यक्रममा सचिव डिकेश लामाले स्वागत गर्नुभएको थियो।












नेपाल पत्रकार महासंघ झापा
पत्रकार सहारा उपचार कोष

# श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाः उपचार कोष

जीवन जिउने माध्यमको रुपमा अवलम्बन गरिएका मानिसका पेशाहरुका आ-आफ्नै पेशा, विषेशता हुन्छन् ।

सबै मानिस आफूले गरेका कर्महरुप्रति सन्तुष्ट नहुन पनि सक्छन् । कतिपय पेशाकर्मी र पेशाहरुले निश्चित व्यक्ति, परिवार र सेवाग्राहीलाई मात्रै प्रभावित गरिरहेका हुन्छ । तर केही कर्मक्षेत्रहरु यस्ता हुन्छन् तिनले सिंगो समाज, समुदाय र राज्यलाई दुरगामी प्रंभाव राख्दछन् ।

यस्तै दुरागामी र बहुआमायिक महत्व राख्ने पत्रकारिता क्षेत्र र त्यसमा आवद्ध सञ्चारकर्मीहरु जसका पछिल्तिर यो समाज, समुदाय वर्ग राज्ज र राज्यका एवम् निकाय प्रत्यक्ष/परोक्ष रुपमा जोडिएका हुन्छन् न कि कसको परिवार मात्रै ।

आवाजविहीनहरुको आवाज, शोषित पीडितहरुको न्यायोचित माग, सफल व्यक्ति र सफलताका कथाहरुको उजागर, जैविक अथवा भौतिक सम्पत्ति र सम्पदाहरुको संरक्षण गर्न/गराउन मात्रै नभएर ससाना घटना परिघटनालाई विषयवस्तुको केन्द्र विन्दु बनाएर व्यक्तिलाई विश्व परिवेशसँग जोडिने दर्बिलो माध्यम पनि हो पत्रकारिता ।

यसको महत्व र अन्तर्यलाई अत्मसात गरी निष्ठा एवम् पत्रकारिता गर्नेहरु समयको कालखण्डमा सन्तुष्ट मात्र होइन सम्मानित पनि भइरहेका छन् । जसले नवीन पुस्तालाई पत्रकारिताको धर्म निर्वाह गर्न सँधै उत्प्रेरित गरिरहेको छ । अन्य पेशाको तुलनामा पत्रकारिता पेशा आफैंमा चुनौतिपूर्ण छ ।

आर्थिक उपार्जनका दृष्टिले पनि यो पेशा नेपालमा संकटपूर्ण घडीमा गुज्रिरहेको छ ।

राज्यले तोकेको न्यूनतम् पारिश्रमिक समेत नपाइरहेको विषम् परिस्थितिमा पनि निष्ठापूर्वक पत्रकारिता पेशालाई मर्यादित बनाएर कर्मक्षेत्रमा खटिने पत्रकारको संख्या निक्कै ठूलो छ ।

झापा कोशी प्रदेशकै सबैभन्दा धेरै सञ्चार संस्था र सञ्चारकर्मी रहेको जिल्ला हो । मुलुकको विभिन्न कालखण्डमा भएका राजनीति परिवर्तनका लागि पनि झापाली पत्रकारहरुले गरेको अगुवाई र जनपक्षीय भूमिका यो समाजका अगाडि घाम जस्तै छर्लङ्ग रहिआएको छ ।

लाग्छ यही विश्वास नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको 'पत्रकार सहारा उपचार कोषमा आज १ करोड रुपैयाँ भन्दा बढी जम्मा गर्न हामी सफल भएका छौं । संस्थागत रुपमा नेपालकै प्रतिष्ठित र पहिलो नम्बरमा स्थापित सहारा नेपाल साकोस परिवारको दर्विलो पृष्ठभूमिमा यो समाजका सबै लब्ध प्रतिष्ठित सामाजिक व्यक्तित्वहरु, उद्योगी, व्यवसायी, शुभेच्छुक र स्वयम् पत्रकार साथीहरु यो उपचार कोषको संस्थाक सदस्य बन्नु भएको छ ।

पत्रकारिता कहिल्यै आत्म केन्द्रित हुँदैन । यदि कसैले निहीत स्वार्थलाई परिपूर्ति गर्न सञ्चारकर्म गर्दैछ भन्ने त्यो पत्रकारिता हुनै सक्दैन ।

तसर्थ सिंगो समुदाय, समाज र देशका लागि गरिने पत्रकारिताको कार्य क्षेत्रमा खटिएका सञ्चारकर्मी घाइते वा विरामी हुँदा उपचार सहयोग गर्न सकियोस् भन्ने अभिप्रायले यो कोषबाट पत्रकार महासंघ झापा शाखाले थुप्रै सेवाग्राही सञ्चारकर्मीलाई राहत प्रदान गरिसकेको छ । पछिल्लो पटक महिला पत्रकार सुत्केरी हुँदा समेत यो कोषको व्याजबाट उपचार खर्च प्रदान हुँदै आएको छ ।

**जल विन्दु निपातेन, क्रमशः पुर्यते घटः**
**स हेतु सर्व विद्यानाम् धर्मश्य च धनस्य च ॥**

जसरी क्रमिक रुपमा झरेको पानीको थोपाले समय क्रममा घडा भरिन्छ, त्यसरी नै निरन्तरको अभ्यास, लगनशीलता र कर्मले विद्या, धर्म र धनको सञ्चय गर्न सकिन्छ भन्ने पूर्वीय शास्त्रको मान्यतालाई अबलम्बन गर्दै नेपाल पत्रकार महासंघ झापा शाखाले सञ्चारकर्मीहरुकै हितका लागि पत्रकार सहारा उपचार कोषमा कहिल्यै क्षय नहुनेगरी करोड रुपैयाँ बचत गर्न सफल भएको छ ।

यस कोषबाट प्राप्त हुने व्याजमार्फत झापाली सञ्चारकर्मीहरुको अप्ठ्यारा परिस्थितिमा राहतको मलहम लगाउँदै गर्दा पहिलो जस कोषका संस्थापक सदस्यहरुमा जाने कुरामा द्विविधा पक्कै छैन ।

समाज विकासको गोरेटोमा सँधैभरि रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्दै अहोरात्र कर्मक्षेत्रमा क्रियाशील झापाका पत्रकारहरुको स्वास्थ्य, सुरक्षालाई मध्यनजर राखी यो अक्षयकोषमा रकम प्रदान गर्ने सरकारी, गैरसरकारी संघसंस्था, एवम् शुभेच्छुक सामाजिक व्यक्तित्वहरुप्रति नेपाल पत्रकार महासंघ झापा शाखा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछ ।

**प्रस्तुतिः केशव भट्टराई**



# पत्रकार सहारा उपचारका मुख्य सुविधाहरु

१

घाइते वा रोगी पत्रकारलाई रु. ५०,०००/– सम्म ।

२

महासंघका सदस्य कुनै पत्रकारको मृत्यु हुन गएमा आश्रित परिवारलाई एक लाख रुपैयाँसम्म । सदस्यका परिवारमा हुने मरिमराउमा सरहे वापत रु. ११००० उपलब्ध गराइने ।

३

कुनै पत्रकारको मृत्यु भइ निजका नजिकका आश्रित परिवार पनि नरहेको अवस्थामा त्यस्ता पत्रकारको काजक्रिया खर्च वापत रु. ३० हजार उपलब्ध गराइने ।

४

आर्थिक अवस्था कमजोर रहेका रोगले ग्रसित पत्रकार वा लामो समय पत्रकारितामा व्यतित गरेर अवकासमा रहेकाले निवेदन दिएमा रु. २५ हजार उपलब्ध गराइने ।

५

गर्भवती महिला पत्रकारको उपचारको लागि वा सुत्केरी भएको अवस्थामा रु. २५ हजार उपलब्ध गराइने ।

६

पत्रकार महासंघका सदस्यको परिवारमा हुने मरिमराउमा समवेदना पत्रसहित शरहेबापत रु. ११ हजार नगद उपलब्ध गराइने

७

पत्रकार महासंघका सदस्य बिमारी भई स्वास्थ्यलाभको कामना गर्न जाँदा (उपचार खर्च दिनु नपर्ने अवस्थामा) रु. ३५०० सम्मको पौष्टिक खानेकुरा उपलब्ध गराइने ।

८

पत्रकारको श्रीमती वा सन्तानलाई गम्भीर प्रकृतिको कुनै रोग लागेमा रु. १५ हजार उपलब्ध गराइने ।

९

पत्रकार महासंघको सदस्य नरहेका तर पत्रकारितामा क्रियाशील पत्रकारलाई गम्भीर प्रकृतिको कुनै रोग लागेमा रु. १५ हजार उपलब्ध गराइने ।

१०

झापा बाहिरको हकमा पेशामा क्रियाशील विभिन्न जिल्लाका पत्रकारहरुमध्ये गम्भीर प्रकृतिको दुर्घटनामा परेको, गम्भीर रोग लागेर उपचार गर्नुपर्ने अवस्थामा महासंघ केन्द्र, प्रदेश तथा जिल्ला शाखाहरुले सहयोगका लागि सार्वजनिक अपिल गरेको अवस्थामा १५ हजार रुपैयाँ उपलब्ध गराइने छ ।

११

**११) ज्येष्ठ पत्रकार वृति**

६५ बर्षमाथिका ज्येष्ठ पत्रकारहरुलाई औषधि सेवन तथा पौष्टिक खाद्यान्नमा सहयोग पुर्‍याउन वार्षिक रुपमा एकमुष्ठ रु. २० हजारसम्म रकम उपलब्ध गराइनेछ ।

# भवन स्तरोन्नतिः भुइँतलेबाट दुई तले

## प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट उद्घाटन









नेपाल पत्रकार महासंघ झापाको बिर्तामोडस्थित कार्यालय भवन स्तरोन्नति गरिएको छ।

भुइँतले भवनमा दैनिक कार्य सम्पादन बैठक लगायतका कार्य गर्न असहज भइरहेका बेला एकराज गिरी नेतृत्वको महासंघको वर्तमान कार्य समितिले उक्त भवन स्तरोन्तति गरी तीन तले बनाएको हो।

भवनमा बैठक कक्ष, पुस्तकालय ईपुस्तकालयसहित दैनिक कार्य सम्पादनका लागि आवश्यक कक्षको व्यवस्थापन गरिएको छ। प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय (तत्कालीन यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय समेत), बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, झापा गाउँपालिका समेतको सहयोगमा भवन स्तरोन्नति गरिएको हो। २०७८ पुस २३ गते तत्कालीन आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की (पूर्व मुख्यमन्त्री) र नेपाल पत्रकार महासंघका प्रदेश अध्यक्ष लीलावल्लव घिमिरेले संयुक्त रुपमा भवन स्तरोन्नतिको शुभारम्भ गर्नुभएको थियो।

भवनको उद्घाटन मिति २०८१ वैशाख ३ मा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव र नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले गर्नुभयो। २०८१ वैशाख २ गते डा. यादव र अध्यक्ष पोखरेलले बिर्तामोड बसपार्कस्थित उक्त भवनको अवलोकन गर्नुभयो। त्यसक्रममा प्रथम राष्ट्रपति डा. यादवले महासंघको कार्यलयमा दीप प्रज्ज्वलन गर्नुभएको थियो। भवन स्तरोन्नतिका लागि महासंघले केशव भट्टराईको संयोजकमा निर्माण उपभोक्ता समिति गठन गरी जिम्मेवारी दिएको थियो। भवन उद्घाटन समारोहमा पूर्व मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहित सहयोग गर्नेहरुलाई सम्मान प्रदान गरिएको थियो।

कार्कीले आफू झापाबासी भएको र झापाली पत्रकारिता क्षेत्रको विकासका लागि आफू मन्त्री भएको समयमा महासंघ झापालाई सहयोग पुऱ्याउन पाएको भन्दै खुशी व्यक्त गर्नुभयो। उहाँले आगामी दिनमा पनि सहयोग गर्ने वचन दिनुभयो।

# भवन निर्माणको आवश्यकता



● केशव भट्टराई
उपाध्यक्ष/ भवन संयोजक
भवन निर्माण समिति




२०७८ बैशाख ६ गते औपचारिक रुपमा कार्यभार सम्हालेको एकराज गिरी नेतृत्वको नेपाल पत्रकार महासंघ झापा शाखाले सोही बर्षको पुस २३ गते भुइँतलामा सीमित कार्यालय भवनको स्तरोन्नतिका लागि निर्माण कार्य प्रारम्भ गरेको थियो ।

झापाका सञ्चारकर्मीको संख्या र आवश्यकतालाई मध्यनजर गर्दै भवन स्तरोन्नति गर्ने क्रममा कोशी प्रदेश सरकारको महत्वपूर्ण सहयोग रहेको छ । भुइँतले साँघुरो भवनमा महासंघको दैनिक कार्यसम्पादनमा कठिनाइ भए पछि बर्तमान कार्यसमिति प्राथमिकतामा राखेर भवन निर्माणको कामलाई अघि बढाएको हो ।

महासंघको भुइँतलाको छतमा प्रदेश सरकारका पूर्वमुख्यमन्त्री हिक्मत कार्कीको उपस्थितिमा निर्माण कार्यको औपचारिक प्रारम्भ गरिएको हो । यो भवनलाई स्तरोन्नति गर्ने क्रममा प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका र झापा गाउँपालिकाले आर्थिक सहयोग प्रदान गरेका छन् ।

स्तरोन्नतिपछि महासंघको कार्यालय भवनमा बैठक कक्ष, ई-लाइब्रेरी, सभाहल, सचिवालय र कार्यालय सचिवको कार्यकक्ष सञ्चालनमा रहेको छ । कार्यसमितिको बैठकले म उपाध्यक्ष केशव भट्टराईको संयोजकत्वमा भवन निर्माण समिति गठन गरी जिम्मेवारी दिएको थियो । महावीर कन्स्ट्रक्सनमार्फत कार्यालय भवनको थप दुई तला स्तरोन्नति कार्य निर्धारित समयमै सम्पन्न गरिएको हो । थप दुई तला स्तरोन्नतिसहित निर्माण सम्पन्न गरिएको भवनको शुभारम्भ गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट मिति २०८१ बैशाख ३ गते सुसम्पन्न गरिएको हो ।

झापाका सञ्चारकर्मीको छाता संगठन नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यालय भवन (स्तरोन्नति समेत) निर्माणमा सहयोग पुऱ्याउने जगदाता बिर्तामोड आवास योगदा प्रालि, पूर्व कार्यसमिति, वर्तमान कार्यसमिति, कोशी प्रदेश सरकार, बिर्तामोड , अर्जुनधारा नगरपालिका र झापा गाउँपालिका परिवारप्रति हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछौं । साथै मेरो नेतृत्वमा रहेको भवन निर्माण समितिका सदस्यहरु रञ्जित प्रसाईं, रञ्जित परियार, होमप्रकाश अधिकारी, चिरञ्जीवी घिमिरे, सुनिरा मैनाली, राजन साम्पाङलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

कार्यालय भवनलाई आकर्षक र स्तरीय बनाउँदै स्तरोन्नति गर्न भवन निर्माण समितिको जिम्मेवारी प्रदान गर्ने अध्यक्ष एकराज गिरी र उहाँ नेतृत्वको कार्य समितिप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।








# पुस्तकालय र ई-पुस्तकालय


नेपाल पत्रकार महासंघ झापाको बिर्तामोडस्थित कार्यालयमा पुस्तकालय तथा इपुस्तकालय सञ्चालनमा ल्याइएको छ।

पत्रकारहरुलाई प्रविधिमैत्री बनाउन, पुस्तक पढ्ने संस्कृतिको विकास, खोज अनुसन्धानमा प्रोत्साहन र क्षमता विकासमा टेवा पुर्‍याउन महासंघले पुस्तकालय-ईपुस्तकालय सञ्चालनमा ल्याएको हो।

पुस्तकालयमा पत्रकारितासँग सम्बन्धित नेपाली, अंग्रेजी, हिन्दी भाषाका ५५६ थान पुस्तक छन् ।

ईपुस्तकालयमा सात थान कम्प्युटर छ भने महासंघको वेवसाइट FNJJHAPA.ORG.NP को ईपुस्तकलायमा पत्रकारितासँग सम्बन्धित २४ वटा पुस्तक राखिएको छ। पत्रकारलाई अब महासंघकै कार्यालयबाट समाचार लेख्न, सम्पादन गर्न, सम्प्रेषण तथा अनलाइनमा प्रकाशन गर्न सहज भएको छ।

महासंघको उक्त कार्यले पत्रकारहरुलाई पेशामा सक्रिय गराउनुका साथै डिजिटल पत्रकारितामा अभ्यस्त हुन प्रेरित गर्ने अग्रजहरुले बताएका छन्। उक्त कार्यका



लागि महासंघले उपाध्यक्ष सुशीला संग्रौलाको संयोजकत्वमा पुस्तकालय-ईपुस्ताकालय व्यवस्थापन समिति गठन गरी जिम्मेवारी दिएको थियो।

# पुस्तकालय तथा ई-पुस्तकालयको स्थापना किन?



● सुशीला संग्रौला
संयोजक/उपाध्यक्ष
पुस्तकालय तथा
ई-पुस्तकालय समिति

२०७७ चैत २५ गते भएको महासंघको निर्वाचनबाट एकराज गिरीको नेतृत्वमा वर्तमान कार्यसमिति (०७८-०८०) निर्वाचित भएपछि झापाली सञ्चार क्षेत्रमा दीर्घकालीन महत्वका धेरै काम भएका छन्। त्यसमध्येको एक हो- पुस्तकालय तथा ई-पुस्तकालय स्थापना।

महासंघ झापाको मिति ०७८ माघ २८ गते को कार्यसमिति बैठकले विभिन्न विभागीय समितिहरु गठन गऱ्यो। त्यसमध्ये एक हो पुस्तकालय तथा ई-पुस्तकालय समिति। म सुशीला संग्रौलाको संयोजकत्वमा अच्युत सुवेदी, सन्तोष शर्मा, द्रोण अधिकारी र होमप्रकाश अधिकारी सदस्य रहने गरी पुस्तकालय तथा ई-पुस्तकालय समिति बन्यो। यो जिम्मेवारीका निमित्त सबैभन्दा पहिले महासंघ झापाका अध्यक्ष र सिङ्गो कार्यसमितिलाई धन्यवाद ज्ञापन गर्दछु।

अघिल्लो कार्यसमितिको दायित्व भुक्तानीबाट शुरु भएको वर्तमान कार्यसमितिको कार्यकाल आर्थिक स्रोत अभावका बीच स्रोत जुटाएर दीर्घकालीन महत्वका भौतिक तथा संस्थागत विकास र सामाजिक सुरक्षाको पाटोमा ऐतिहासिक काम भएको छ। यस्तो महत्वपूर्ण कार्यसम्पादन गर्न सक्ने कार्यसमितिको उपाध्यक्ष तथा पुस्तकालय-ई-पुस्तकालयको संयोजक हुन पाएकोमा गौरवको महशुस भएको छ। कार्यसमितिले दिएको जिम्मेवारीलाई मेरो संयोजकत्वको समितिले पूरा गर्ने प्रयत्न गरेको छ।

पुस्तकालयको सुरुवात अघिल्लै कार्यसमितिले गरे पनि व्यवस्थित थिएन। व्यवस्थित गर्न स्थान अभाव थियो। वर्तमान कार्यसमितिले भवनको स्तरोन्नति गरी दोस्रो तलामा पुस्तकालय तथा ई-पुस्तकालय स्थापना गऱ्यो। सबैभन्दा पहिले पुस्तकालयलाई व्यवस्थित गर्ने कार्य भयो। अहिले पुस्तकालयमा नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाका पत्रकारितासँग सम्बन्धित र अन्य गरी ५५६वटा पुस्तक छन्।

पत्रकारलाई प्रविधिको उपयोग गर्दै खोज, अध्ययन, अनुसन्धानमा सहयोग पुऱ्याउन हामीले ई-पुस्तकालय स्थापना गऱ्यौं। ई-पुस्तकालयका लागि महासंघले प्रदेश सरकार, पालिका र वडाहरुको सहयोगमा आवश्यक फर्निचरसहित सात वटा डेस्कटप कम्प्युटर खरिद गरी सञ्चालन गरिएको छ। ई-पुस्तकालयसँगै पत्रकारलाई समाचार लेखन, सम्पादन, भीडियो सम्पादनमा समेत टेवा पुऱ्याउन उच्च क्षमताको इन्टरनेट जडान गरिएको छ। आवश्यक साधन जुटाएर महासंघले पुस्तकालय तथा ई-पुस्तकालयलाई सञ्चार केन्द्रको रुपमा समेत विकास गर्ने सोच बनाएको छ। जहाँबाट सञ्चारकर्मीहरुले आफ्ना नियमित सञ्चार कर्म सम्पादन गर्न सकून्।

महासंघले आफ्नो छुट्टै वेवसाइट धधध।लवववजबउबायचनालउ सञ्चालनमा ल्याएको छ। यसमा महासंघको स्थापनादेखि हालसम्मका ऐतिहासिक विवरण, पत्रकारका विवरणसँगै पत्रकारितासँग सम्बन्धित तीन दर्जनभन्दा बढी डिजिटल पुस्तक उपलब्ध छ। यसबाट पत्रकारले र पत्रकारिताका प्रशिक्षार्थी समेतले लाभ लिन सक्छन्। पत्रकारले पेशागत सीपमा दक्षता हासिल गर्दै समय सहाउँदो ढंगले अघि बढ्न यी साधनको उपयोग गर्नुको विकल्प छैन। प्रविधिको उपयोग नगरी, बिना खोज, अध्ययन, अनुसन्धान अबको पत्रकारिता सम्भव छैन।

अध्ययनको महत्वव बारे महात्मा गान्धीले भनेका छन्- जसमा पुस्तक पढ्ने बानी छ, त्यो सबैभन्दा सुखी रहन सक्छ। यस भनाइलाई जार्ज बर्नार्ड शाँको अभिव्यक्तिले पनि पुष्टि गर्छ- पुस्तकहरु पढ्नाले सबैभन्दा कम खर्चिलो मनोरञ्जन हुन्छ र यो स्थायी पनि हुन्छ। पुस्तकको महत्वबारे गान्धीले थप प्रष्ट्याएका छन् कि- पुस्तकहरुको मूल्य रत्नभन्दा पनि अधिक हुन्छ। किनकि रत्नले बाहिरी चमक देखाउँछ भने पुस्तकले अन्तःकरणलाई उज्ज्वल बनाउँछ।

हामीलाई अध्ययनको कति आवश्यकता छ भन्ने कुरा जोसेफ एडिसनको भनाइले पनि पुष्टि गर्छ- मष्तिस्कको लागि अध्ययनको त्यति नै आवश्यकता पर्दछ जति शरीरलाई व्यायामको आवश्यकता पर्दछ।

यी भनाइहरुले हरेकको जीवनमा अध्ययनको आवश्यकता र महत्वबोध गराउँछ। सञ्चारकर्ममा रहेका हामी सञ्चारकर्मीको मुख्य काम भनेकै खोज, अध्ययन, अनुसन्धान गर्ने हो। त्यसरी प्राप्त तथ्यलाई प्रवाह गर्ने दायित्व सञ्चारकर्मीको हुन्छ। सञ्चारकर्मीको क्षमता विकास, खोज, अध्ययन, अनुसन्धानमा सहयोग पुऱ्याउन नेपाल पत्रकार महासंघ झापा शाखाले पुस्तकालय तथा ई-पुस्तकालय स्थापना गरेको हो। यसबाट अधिकतम् लाभ लिनका लागि म सबै सञ्चारकर्मीहरुलाई आग्रह गर्दछु।

# नेपाल पत्रकार महासंघ झापामा रहेका पुरस्कारहरु

पत्रकारितामै जीवन समर्पण गर्नुहुने, लामो समय योगदान गर्नुहुने अग्रजहरूको सम्मान तथा पेशामा क्रियाशीलहरूलाई प्रोत्साहित गर्न नेपाल पत्रकार महासंघ झापाले विभिन्न पुरस्कार स्थापना गरेको छ। नेपाल पत्रकार महासंघ झापा शाखाले तत्कालीन सभापति केशव आचार्य र तत्कालीन निवर्तमान सभापति गोविन्दचन्द्र क्षेत्रीको अगुवाईमा नेपाली पत्रकारिताको शुरुवातकर्ता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार' , झापाका जेठा पत्रकार/सम्पादक श्यामकृष्ण उपाध्यायको स्मृति र उहाँद्वारा सम्पादित झापाको पहिलो पत्रिका २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित 'केटो'को सम्मानमा तत्कालीन सभापति चिन्तामणि दाहालको कार्यकालमा 'केटो' पत्रकारिता पुरस्कार र नेपालको संविधान २०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशीताको विषयलाई आत्मसात गर्दै अध्यक्ष एकराज गिरीको कार्यकाल अन्तर्गत २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम २०८० सालबाट वितरण हुने गरी सक्रिय समावेशी पत्रकारिता पुरस्कार र उदयीमान पत्रकारिता पुरस्कार स्थापना गरिएको छ।

## मोती पत्रकारिता पुरस्कार

### राशि रू. १,०११११

नेपाली पत्रकारिताको शुरूवातकर्ता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार' स्थापना गरिएको हो । मोतीराम भट्ले वि.स. १९४३ देखि नेपाली पत्रकारिताको शुरूवात गर्नुभएको हो। उहाँले नेपाली भाषामा पहिलो पत्रिका 'गोर्खा भारत जीवन' प्रकाशित गर्नुभएको थियो।

उक्त पत्रिका भारतको बनारसबाट प्रकाशित भएको थियो। मोतीरामकै सक्रियतामा वि.सं. १९५५मा नेपालकै पहिलो पत्रिकाको रूपमा 'सुधासागर' को प्रकाशन शुरू भयो।

'सुधासागर'पछि नेपाली भाषामा नेपालमै प्रकाशित भएको दोस्रो पत्रिका 'गोरखापत्र' हो। झापामा मोतीरामको स्मृतिमा पत्रिकारिता पुरस्कार स्थापना भएकोमा झापाली पत्रकारको रचनात्मक सोच, कार्य र पत्रकारिताको गरिमालाई उच्च बनाउन भएको योगदानको प्रशंसा गर्दै त्यसताका गोरखा पत्र दैनिकले सम्पादकीय समेत प्रकाशित गरेको थियो। पुरस्कारको राशि शुरूमा एक हजार रहेको थियो।

विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गरी ५१ हजार पुर्‍याइएकोमा नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम यस पुरस्कारको राशि रू.१०,११११ (एक लाख एक हजार एक सय एघार रुपैयाँ मात्र) पुर्‍याइएको छ।

यस पुरस्कारबाट अग्रज पत्रकारहरु नकुल काजी, डिल्लीराम निर्भिक, मदन ढकाल, डिकमान विरही, गञ्जबहादुर दाहाल, लीला बराल, चन्द्र भण्डारी, माधव बिद्रोही, गञ्जबहादुर दाहाल, लीला बराल , र गोविन्दचन्द छेत्री पुरस्कृत हुनुभएको छ।

यो पुरस्कार २५ वर्षदेखि पत्रकारितामा क्रियाशील तथा नेपाली पत्रकारिता र प्रेस तथा अभिब्यक्ति स्वतन्त्रतामा विशिष्ठ योगदान पुर्‍याउने अग्रज पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ।

## केटो पत्रकारिता पुरस्कार

### राशि रू. २५,५५५

'केटो' २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित हुन थालेको झापाको पहिलो पत्रिका हो। मासिक रूपमा प्रकाशित भएको यो पत्रिका प्राप्त अभिलेख अनुसार तत्कालिन मेची अञ्चलकै जेठो मानिन्छ।

श्यामकृष्ण उपाध्याय उक्त पत्रिकाको सम्पादक हुनुहुन्थ्यो। २०५५ मा झापाका जेठा सम्पादक श्यामकृष्ण उपाध्याय स्मृतिमा 'केटो' पत्रकारिता पुरस्कार स्थापना गरिएको हो। उक्त पुरस्कार पहिलोपटक रामनाथ बास्कोटाको कार्यकालमा (२०५८ बाट) वितरण शुरू भएको हो। शुरूमा पुरस्कारको राशि ५ सय रूपैयाँ रहेको थियो। विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गरी रु. १५ हजार पुर्‍याइएकोमा नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) पुर्‍याइएको छ।

यस पुरस्कारबाट पत्रकारहरू गोपाल गड्तौला, रमेश समदर्शी राई, तीर्थ सिग्देल, यादव पौडेल , दीपक अधिकारी , डीकेश लामा र गीता ढुंगाना पुरस्कृत हुनुभएको छ।

यो पुरस्कार १० वर्षदेखि पत्रकारितामा क्रियाशील युवा पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ।

## पत्रकारमा हुनुपर्ने गुण

**पत्रकार व्यस्त कीरो नभई मिहिनेती, आक्रामक नभई पक्डन सक्ने, कसैको पात्र नभई सँधै क्रियाशील, चियाको पात मात्र नहेरी भित्र हेर्न सक्ने, शास्त्रीय नभई विचारशील, सनकी नभई संकालु, टाइपिस्ट नभई दुरुस्त उतार्न सक्ने, डरपोक नभई होशियार, तार्किक नभई दृष्टि निश्चय तथा अन्ध आज्ञाकारी नभई सिष्ट व्यवहारिक हुनुपर्छ । – *जोन होइनबर्ग***

***(द प्रोफेसनल जर्नलिस्ट)***

- शैक्षिक हिसाबले स्नातक
- समय पालक
- शान्त स्वभाव
- आत्मानुशासन
- परिश्रमी
- छरितोपन/ चलायमानता
- कल्पनाशील
- व्यवसायिक तालिम प्राप्त

# सक्रिय समावेशी पत्रकारिता पुरस्कार
## राशि रू. २५,५५५

नेपालको संविधान २०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशीताको विषयलाई आत्मसात गर्दै नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम 'सक्रिय समावेशी पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ। पुरस्कारको राशि हाललाई रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) कायम गरिएको छ।

यो पुरस्कार १५ वर्षदेखि पत्रकारितामा क्रियाशील महिला, दलित, आदिवासी, जनजाति,मधेशी, मुस्लिम, सीमान्तकृत, पछाडि पारिएका समुदायका पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ। लक्षित समुदायका सवाललाई केन्द्रविन्दुमा राखेर रिपोर्टिङ गर्ने, उनीहरुको सशक्तिकरणमा टेवा पुर्‍याउने पत्रकार पनि यो पुरस्कारका लागि योग्य मानिने छन्। पुरस्कार ०८० को अधिवेशनबाट वितरण सुरु हुनेछ।

# टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार
## राशि रु. ५०५५५



भ्रष्टाचारविरुद्ध कलम चलाउने झापाका एक जना पत्रकारलाई हरेक वर्ष ५० हजार पाँच सय ५५ रुपैयाँ राशीसहित पुरस्कृत गर्न पुरस्कार स्थापना गरिएको छ।

नेपाल पत्रकार महासंघ झापा शाखामा उक्त पुरस्कार स्थापना गरिएको हो। हेम-सरिता फाउण्डेशन टेक्सास, अमेरिका र नेपाल पत्रकार महासंघ झापा शाखावीच भएको दुई पक्षीय सम्झौता बमोजिम रु. ५ लाखको अक्षयकोषसहित पुरस्कार स्थापना गरिएको हो।

हेम-सरिता फाउण्डेशनका संस्थापकका पिता टंकप्रसाद पाठक र माता रमादेवी पाठकको नामबाट हरेक वर्ष टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार प्रदान गरिने छ।

अक्षयकोषको व्याजबाट भ्रष्टाचारविरुद्ध तथा सुशासन प्रवर्द्धनका लागि कलम चलाउने, पत्रकारितामार्फत सुशासनका लागि महत्वपूर्ण योगदान गर्ने पत्रकारलाई पुरस्कृत गरिने छ। भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका दिन डिसेम्बर ९ तारिखमा उक्त पुरस्कार प्रदान गरिने छ।

# उदीयमान पत्रकारिता पुरस्कार (दुई जनालाई)
## राशि रू. ११,१११

व्यवसायिक पत्रकारिताको अध्यासमा प्रवेश गरी क्रियाशील उदयीमान पत्रकारहरुलाई प्रोत्साहित गर्न नेपाल पत्रकार महासंघ झापाले 'उदयीमान पत्रकारिता पुरस्कार' स्थापना गरेको छ।

पुरस्कारको राशि हाललाई जनही रू.११११९ (एघार हजार एक सय एघार रुपैयाँ मात्र) कायम गरिएको छ। यो पुरस्कार कम्तीमा पाँच वर्षदेखि पत्रकारितामा क्रियाशील उदयीमान पत्रकारमध्ये दुई जनालाई प्रदान गरिने छ। पुरस्कार ०८० को अधिवेशनबाट वितरण सुरु हुनेछ।

# लैङ्गिक समानता पत्रकारिता पुरस्कार
## राशि रु. २५०००



लैङ्गिक समानता हासिल गर्न समाजलाई अभिप्रेरणा गर्ने, समतामूलक समाज निर्माणमा भूमिका खेल्दै पैरवीयुक्त, खोजमुलक र प्रभावशाली समाचार/आलेख प्रकाशन/कार्यक्रम प्रसारण गरी पत्रकारिता गर्ने मध्येबाट एक जना पत्रकारलाई प्रोत्साहित गर्ने उद्देश्यले हरेक वर्ष रु.२५००० राशिसहित पुरस्कृत गर्न " लैङ्गिक समानता पत्रकारिता पुरस्कार" स्थापना गरिएको छ।

समानताको पक्षधर तथा विभेदमुक्त समाजका लागि घरपरिवार गाउँटोलमा सदैव प्रेरणा प्रदान गर्नु हुने झापा बिर्तामोड १ निवासी माता मनमाया र पिता केदार बजगाँईको स्मृतिमा छोरा-बुहारी विपिन (विश्वेश्वर) र विनिता (होमकला) बजगाईंद्वारा महासंघ झापामा रु.दुई लाख ५१ हजार अक्षयकोषसहित पुरस्कार स्थापना गरिएको हो।

# झापाका पत्रकारलाई सौर्य एयरको १०० टिकट



सौर्य एयरलायन्स र नेपाल पत्रकार महासंघ झापा शाखाबीच भएको सम्झौता अनुसार महासंघ झापाका सदस्य पत्रकारका लागि बार्षिक एक सय थान हवाई टिकट उपलब्ध भएको छ।

सौर्य एयरलायन्सकातर्फबाट अध्यक्ष दीपक पोखरेल तथा नेपाल पत्रकार महासंघ झापाका तर्फबाट अध्यक्ष एकराज गिरीले मिति ...मा दुई पक्ष सम्झौतामा हस्ताक्षर गरेपछि पत्रकारले उक्त सुविधा उपभोग गर्दै आएका छन्।


महासंघ अध्यक्ष गिरीको पहलमा सौर्य एयरलायन्सका अध्यक्ष पोखरेलले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बार्षिक रुपमा उक्त टिकट पत्रकार महासंघमार्फत झापाका पत्रकारलाई उपलब्ध गराउने घोषणा गरेका हुन्।


सौर्य एयरलायन्सले सामाजिक उत्तरदायित्व अन्तर्गत समाज रुपान्तरणका लागि अहोरात्र खटिने पत्रकारहरुको सुविधाका लागि टिकट उपलब्ध गराएकोमा महासंघ झापाले धन्यवाद ज्ञापन गरेको छ।

महासंघ झापाको सिफारिसमा टिकट वितरण हुँदै आएको छ। महासंघ झापाले सिफारिस समितिको संयोजकको जिम्मेवारी उपाध्यक्ष केशव भट्टराई दिएको छ।

पत्रकारितासँग सम्बन्धित काम र उपचारका लागि आवातजावत गर्ने पत्रकारलाई हवाई टिकट उपलब्ध गराइँदै आएको छ। उक्त सम्झौताको नवीकरण हरेक आर्थिक बर्षको सुरुवातमा गर्ने सहमति भएको छ।

# सीसी क्यामेरा जडान





नेपाल पत्रकार महासंघ झापा शाखाको बिर्तामोडस्थित कार्यालयमा सीसी क्यामेरा जडान गरिएको छ।

महासंघ कार्यालयको अग्रभागको सडक, कार्यालय कक्ष र पुस्तकालय-ईपुस्तकालय कक्षको नियमित निगरानीका लागि सीसी क्यामेरा जडान गरिएको हो।

सीसी क्यामेरा जडानसँगै महासंघ कार्यालयको सुरक्षा र गतिविधि अब मोवाइलबाट निगरानी गर्न सकिने भएको छ।

# कालको मुखमा गुज्रिएको हाम्रो कार्यकाल



● डिकेश लामा
सचिव

**पृष्ठभूमिः**

रोमका तत्कालीन सम्राट जुलियस सिजारले सूचना प्रवाह गर्नका लागि इसापूर्व ५९ तिर प्रयोगमा ल्याइएको एक्टा डिउर्ना अर्थात दैनिक भएका गतिविधि जानकारी गराउने ध्येयले जारी गरिएको सूचना पाटी नै सूचना संचारको पहिलो खुड्किलाको रुपमा लिइन्छ। त्यसो त सूचना प्रवाहका लागि संचार गर्न  सूचना प्रवाह गर्ने चलन मानव सभ्यताको विकाससँगै हाउभाऊ, संकेत, चित्र आदिबाट हुँदै आएको हो। तथापि मेसोपोटामिया सभ्यतामा इशापूर्व ३ हजार बर्ष तिर ढुङ्गामा थालिएको लेखन कार्य नै बर्तमान सभ्यतासम्म आइपुग्दाको हाब्रिड संचार सँस्कृतिको विकास हो भन्न सकिन्छ। चीनमा सन् १०५ तिर आविष्कार भएको कागज र काठमा मसी दलेर व्लक बनाएर छाप्ने लिथोग्राफिक प्रविधिले आजको हाइब्रिड वेभ टु प्रिन्टिङ प्रविधिसम्म आईपुगेको हो।

यस्तै सन् १८३७ मा स्यामुयल फिन्ले व्रिज मोर्सले पता लगाएको मोर्सकोड (टेलिग्राफ सिस्टम)ले ब्रोडकास्ट पत्रकारितामा आमुल परिवर्तन ल्याएको छ। सन् १९९० पछि वर्ल्ड वाइड वेभको विकाससँगै मल्टिमिडिया कन्टेण्ड व्रेक गर्ने एप्लिकेशन र डिभाइसले छापा पत्रकारितालाई नै चुनौति दिएको छ। त्यस बखत ग्लोवल भिलेजको अवधारणामा शुरु भएको वेभले बर्तमान अवस्थामा ग्लोकोलाइजेशन अर्थात विश्वको कुरा हामी माझ र हाम्रो कुरा विश्व माझ सेकेण्ड भरमै छर्न सफल बनेको छ। जसले गर्दा पत्रकारितामाथि सामाजिक संजालको प्रभाव र वर्चश्व बढ्दै गएको छ। त्यतिमात्र नभएर संचारकर्मीले गर्ने काम समेत आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगबाट संचार सामाग्रीहरु उत्पादन र प्रसारण हुन थालेका छन्। जुन केही चर्चित संचार माध्यमहरुले समेत प्रयोग गर्न थालेका छन्।

संचार क्षेत्रमा भित्रिएको डिजिटल प्रविधिले संचार संस्कृति र विधि नै परिर्वन भएको छ। सिटिजन जर्नालिज्मको अभ्यास बढ्दै गएको छ। यस्तै पत्रकारिताको मुल्य, मान्यता र सिद्धान्त नै वद्लिँदै जान थालेको छ, जसले गर्दा पत्रकारितामा हुनु पर्ने अति आवश्यक सत्य, तथ्य र विश्वासनीयतामा समेत प्रश्न उठ्न थालेको छ।

यस्तो परिस्थितिमा हामी तेस्रो विश्वका संचारकर्मीहरु स्वयम् प्रविधिसँगै घुलमिल भएर अगाडि बढ्ने प्रयास हुँदै आएको छ। प्रविधिमैत्री बन्दै जाँदा पत्रकार आचार संहिता, नीति, नियम र कानून समेत उल्लंघन हुन थालेको छ। जुन प्रेस काउन्सिलको उजुरी र कालो सूचीमा दर्ज गर्ने कार्यले देखाएको छ। यसले समाजको विकास र सभ्यता कता तिर जाँदैछ भन्ने कुरामा चिन्ता थपिएको छ। समाजको सभ्यता र विकासमा संचारकर्मीहरुको महत्वपूर्ण भूमिका हुन्छ। तर हामीले उत्पादन गर्दै आएको संचार सामाग्री र विश्वका एक तिहाइ बढी मानिसले प्रयोग गर्ने विभिन्न एप्समा के कस्ता सूचना प्रवाह गरिरहेका छौं भन्ने कुराले पनि समाजलाई कता लाने भन्ने कुरामा निर्भर पर्दछ।

यसै परिवेशमा पत्रकार महासंघ झापा शाखाले पनि धेरै कुराहरुको अभिलेखिकरण गर्दै आएको छ। श्री एकराज गिरीको अध्यक्षतामा वि.सं. २०७७ साल चैत्र २५ गते सम्पन्न निर्वाचनबाट आएको २० सदस्यीय टीमले पत्रकारलाई प्रविधिमैत्री बनाउँदै मल्टिमिडिया सामाग्री उत्पादन र प्रसारण गर्न सक्ने बनाउन धेरै वटा तालिम र कार्याशाला सञ्चालन गरिएको छ। कोरोना कहरबीच शुरु भएको हाम्रो ३ बर्षे कार्यकाल वास्तममा मृत्युको मुखमा गुज्रिएको कार्याकाल भन्दा फरक नपर्ला। तथापि हामीले समस्या, चुनौतिलाई अवसरकोरुपमा सदुपयोग गर्दै केही काम गर्ने प्रयास गरेका छौं।

**पत्रकारको क्षमता अभिबृद्धिः**

नेपाल पत्रकार महासंघ झापा शाखाले आफ्नो ३ बर्षे कार्याकालमा झण्डै २ बर्ष लामो कोरोनाको मारका कारण भौतिक दुरी कायम गर्नु पर्ने सरकारको निर्देशनलाई अक्षरशः पालना गर्दै पत्रकारको हक, हित र सुरक्षासँगै क्षमता अभिबृद्धिमा विभिन्न तालिमहरु संचालन भएका छन्, जसमा खोज पत्रकारिता, अनलाइन पत्रकारिता, फिचर लेखन, निर्वाचन लक्षित पत्रकारिता र आचारसंहित, मल्टिमिडिया र प्रविधिमैत्री पत्रकारिताको विकाससम्बन्धी २ दर्जन बढी तालिमहरु आयोजना गरी सफलता पूर्वक सम्पन्न गरिएको छ।

तालिमलाई प्रभावकारी बनाउन लेखनबृति तथा कार्यशाला संचालनको समेत अभ्यास गरिएको छ। तालिमका लागि नेपालमा पत्रकारितासम्बन्धि दक्ष प्रशिक्षकको व्यवस्थापन समेत गरी पत्रकारको शीपलाई थप निखार ल्याउने काम गरिएको छ।

**कार्यविधि तथा उपसमिति निर्माणः**

झापा शाखाले लामो कोरोना कहरकाबीच पनि पत्रकारका समस्या, चुनौति र दक्षता अभिबृद्धि तथा विभिन्न कार्यलाई व्यवस्थित गर्न विभिन्न कार्यविधि, नियमावली र उपसमिति गठन तथा निर्माण गर्ने काम गरेको छ। जसमा सवैभन्दा शुरुमा वैठक संचालन कार्यविधि २०७९ पारित गरी शाखाको काम कार्वाहीलाई व्यवस्थित गर्ने परिपाटीको विकास गरिएको छ। यस्तै विभिन्न उपसमिति र आयोग निर्माण गरी कामलाई थप जिम्मेवार र राम्रो बनाउने प्रयास थालिएको छ।

**प्रेस स्वतन्त्रताका निम्ति कार्यः**

पत्रकार महासंघको मुख्य कार्य नै पत्रकार र स्वतन्त्र

प्रेसको संरक्षण, प्रवर्द्धन र विकास गर्नु हो। यसै परिप्रेक्ष्यमा महासंघले दर्जनबढी स्थान र समयमा प्रेस स्वतन्त्रता र सूचनाको हक कार्यान्वयनमा विभिन्न कार्यक्रम र प्रेस विज्ञप्ती जारी गरी दवाब सृजना गर्ने र पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्न गराउन जोड गरिएको छ। शाखा र केन्द्रको स्थापना दिवशलाई पूर्णरुपमा मनाएर प्रेस स्वतन्त्रता सम्बन्धि बहस तथा अन्र्तकृया संगोष्ठी समेत गरिएको छ।

**कोरोनासँगको लडाई**

२०७६ साल चैत्र ११ देखि सरकारले देशमा लकडाउनको घोषणा गरे पछि मुलुकमा अस्थिरता शुरु भयो। कोरोनाले ल्याएको आर्थिक मन्दीले कुनै क्षेत्र अछुतो रहेन। खासगरी छापा माध्यमलाई ठूलो समस्या भयो। धेरै पत्रपत्रिका बन्द भए। धेरै श्रमजीवि पत्रकारहरु कामबाट बाहिरिनु पर्ने अवस्था आयो।

संकटको वेला साथ भन्ने सोचका साथ नेपाल पत्रकार महासंघ झापाले त्यस बखत धेरै वटा कार्याक्रम संचालन देखि कोरोनाबाट बच्नका लागि विशेषज्ञ चिकित्सकको परामर्श, घर घरमा पुगेर पोषिलो आहरा वितरण, कोरोना सुरक्षाका सामाग्री वितरण, मनोवल बृद्धि गर्न योग साधाना जस्ता कार्यहरु गरिएको छ।

विश्वमा महामारीको रुपमा फैलिएको रोगले नेपाल र नेपाली पत्रकारिता क्षेत्रमा अहोरात्र खट्ने पत्रकारलाई पनि छाडेन। यही क्रममा हामीले हाम्रा केही सदस्यहरु समेत गुमाउनु पर्‍यो। झापामा मात्र ६ दर्जन हाराहारी पत्रकारहरु संक्रमित हुन पुगे। त्यस वेला नेपाल पत्रकार महासंघ झापा शाखाले भने रोगसँग लड्ने मात्र होइन, श्रमजीवि पत्रकार र डुब्न लागेका मिडिया हाउस, पत्रपत्रिका, रेडियो, टेलिभिजन देखि अन्य वैकल्पिक संचारमाध्यमको समस्याहरु प्रति पनि जुद्नु पर्‍यो। हामीले सकेसम्म पत्रकारमाथि पर्न आएको समस्या प्रति सहजिकरण र न्यूनिकरणको प्रयास गरेका छौं।

**भवन स्तरोन्नति र व्यवस्थापनः**

नेपाल पत्रकार महासंघको विर्तामोडमा रहेको एक तले भवनलाई सुविधासम्पन्न बनाउन उपाध्यक्ष केशव भट्टराईको संयोजकत्वमा भवन निर्माण समिति बनाई कार्य सम्पन्न भएको छ। यस्तै कार्यसमितिको वैठकले निर्णय गरी घर भाडा मासिक २२ हजार बनाउने र माथिल्लो तला प्रेस क्लव भद्रपुरलाई पत्रकारिताको विकास र हित प्रयोग गर्न निर्माण तथा संचालनको अख्तियारी दिएर थप व्यवस्थित गरिएको छ।

**पुस्तकालय स्थापनाः**

झापा शाखाले स्तरोन्नति गरिएको भवनको तेस्रो तलामा पुस्तकालय स्थापना गरिएको छ। शाखाले पत्रकारको शीप र क्षमता बृद्धि गर्न स्नातकोत्तर गर्ने पत्रकारलाई निःशुल्क पुस्तक समेत उपलव्ध गराउने कार्य थालेको छ।

**ई–लाइब्रेरी सेवाः**

भौतिकरुपमा अध्ययन तथा खोज गर्ने पुस्तकालयसँगै कम्प्युटर ल्याव समेत स्थापना गरिएको छ। जिल्लाका पत्रकारलाई कार्यालय पुग्दा दैनिकी काममा सहज भन्ने ध्येयले थालिएको ल्यावसँगै ई-लाइब्रेरी समेत शुरु गरिएको जसमा हालसम्म २ दर्जन बढी पत्रकारितासँग जोडिएका पुस्तकलाई पीडीएफ फरम्याटमा अध्ययन गर्न सक्ने बनाइएको छ।

**वेभसाइट सञ्चालनः**

शाखाका गतिविधि तथा अन्य जानकारी व्यवस्थापन गर्न वेवसाइड समेत संचालन गरिएको छ। जसले गर्दा झापा शाखाबारे बर्तमान मात्र नभएर इतिहाससम्म अध्ययन, खोज र विश्लेषण गर्न सकिने बनाइएको छ।

**वुलेटिन तथा ई–वुलेटिन प्रकाशनः**

झापा शाखाका गतिविधिलाई दस्तावेजिकरणसँगै आमसंचारको सामाग्री बनाउने ध्येयले बुलेटिन र त्यसलाई इ बुलेटिनको रुपमा समेत प्रकाशन र सम्प्रेषण गर्ने कार्यको थालनि गरिएको छ।

**भितेपात्रो प्रकाशनः**

पत्रकार महासंघको गतिविधिलाई व्यवस्थित गर्न महत्वपूर्ण कार्यक्रमको बार्षिक कार्यतालिका निर्माण गरी काम गर्ने सोचका साथ ती कार्यसूचीलाई समेटेर भित्तेपात्रो प्रकाशन तथा वितरण गर्ने काम समेत गरिएको छ।

**पुस्तक प्रकाशनः**

नेपाल पत्रकार महासंघ झापाको २०४७ साल पौष ९ गते डिल्लीराम निर्भिकको संयोजनमा पहिलो पटक संस्था बनेको हो। त्यस यता ४ दशक समय पुरा हुन लागेको छ। संस्थापकहरु जेष्ठ बन्दै जानु भएको छ। यस परिप्रेक्ष्यमा ४० को दशक अघि भएका झापाली पत्रकारिताको गतिविधिलाई समेटेर पुस्तक प्रकाशन गर्ने काम गरिएको छ।

**पत्रकार शुद्धिकरण अभियान सञ्चालनः**

नेपाल पत्रकार महासंघ केन्द्रिय समितिले ल्याएको पत्रकार सुद्धिकरण मापदण्ड २०७९ लाई कार्यन्वयन गर्न गराउन पटक पटक साँगठनिक जिम्मेवार प्रतिनिधिसँगको छलफल र मापदण्ड अनुसार ६४ जनाको नामावली पठाइएको छ।

**शोकमा परेका पत्रकारलाई समवेदनाः**

पत्रकारलाई परेको अप्ठ्यारोमा महासंघ होस् भन्ने ध्येयले हामीले अग्रजहरुले देखाएको बाटोलाई थप व्यवस्थित बनाउने प्रयास गरेका छौं। हाम्रो ३ बर्षे कार्यकालमा २ दर्जन हाराहारी समवेदना पत्र लिएर पत्रकारलाई परेको पीडामा मलमपटी लगाउन शोक व्यक्त गर्न समवेदना कार्यक्रम गरेका छौं।

**पत्रकारका लागि हवाई सेवाः**

हामीले हाम्रो दोस्रो बर्षदेखि सौर्य एयरलायन्ससँगको समन्यव र सहयोगमा एक बर्षमा १ सय जना पत्रकारलाई निशुल्क टिकट प्रदान गर्ने कार्य गर्न सफल भयौं। यो वातावरण सृजना गर्ने सौर्य एयरलायन्सलाई धन्यवाद प्रकट गर्दछौं।

**उपचारकोष  एक करोड घोषणाः**

पूर्व अध्यक्ष भिम नेम्बाङ्गको पाला देखि शुरुवात गरिएको सहारा पत्रकार उपचारकोष तारामणी सापकोटाहुँदै हाम्रो कार्यकालमा आइपुग्दा १ करोड घोषणा गर्न सफल भएका छौं। यो कार्यमा सहयोग गर्ने सम्पूर्णदाताहरु धन्यवादका पात्र बन्नु भएको छ। जुन हामीले २०८१ वैशाख ३ गते गरेको कार्यक्रममार्फत सम्मान पत्रले सम्मान गरेका छौं।

नेपालका प्रथम राष्ट्पति डा.रामबरण यादवको प्रमुख आतिथ्यमा एक सय बढी दातालाई उहाँको हातबाट सम्मान गरी धन्यवाद तथा आभार व्यक्त गरेका छौं। यस्तै हामीले पत्रकारको हकहितमा अझ टेवा पुगोस् भनी पत्रकार सहारा उपचार कोष कार्यविधि २०७३ लाई २८ औं बार्षिक साधारणसभाबाट संशोधन गरी उपचार वापत प्रदान गरिने रकम समेत बृद्धि गरिएको छ। जुन कोषबाट धेरै जना पत्रकारलाई सहयोग समेत गरेका छौं।

अतः कोरोनाको कहरसँगै शुरुवात भएको हाम्रो ३ बर्षे कार्यकाल अधिक समय कालकै मुख गुज्रिएको भान हुन्छ। सहकर्मीहरु गुमाईरहँदा कतै आफ्नो पनि पालो आयो जस्तो भान हुन्थ्यो। तथापि एकराज गिरीको नेतृत्वमा बनेको कार्यसमितिले सकेसम्म प्रयास गरेर काम गरेका छौं भन्ने लाग्छ। काम गर्दा कतै गल्ति पनि हुन्छ। किनकी गर्दा मात्र गल्ती हुन्छ। नगर्नेको कहिले पनि गल्ती हुँदैन। विज्ञानले भारी बोकेर उभिरहँदा त्यसलाई कार्य मान्दैन। कार्यको परिभाषामा भारी बोकेर दुरी पार गरेकै हुनु पर्छ। हामीले पनि तपाई झापाली पत्रकारहरुले दिएको भारी बोकेर उभिने मात्र गरेनौं भन्ने लागेको छ। केही दुरि अगाडि बढ्ने प्रयास गरेका छौं।

तर, पछिल्लो समय बद्लिँदो पत्रकारिताका आयाम र बढ्दै गएको नवीनतम् प्रविधिले पत्रकारले बोक्ने भारी र पार गर्ने दुरी तथा परिभाषामा समेत चुनौति थप्दै लगेको छ। यसका लागि तपाई हाम्रो दक्षता र हामीबीचको एकता नै सही दिशा निर्देशनको कडी बन्न सक्छ भन्ने लागेको छ ।


## १. पद हस्तान्तरण, प्रमाणपत्र वितरण र सपथ ग्रहण



२०७८ बैशाख ६ गते सोमबार बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापाको नवनिर्वाचित कार्यसमिति, केन्द्रीय परिषद् सदस्य र प्रदेश परिषद् सदस्यहरुलाई पद हस्तान्तरण, प्रमाणपत्र वितरण र सपथग्रहण गराइएको छ।

बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको समारोहमा महासंघ अध्यक्ष तारामणि सापकोटासहितले नवनिर्वाचित अध्यक्ष एकराज गिरीसहितका पदाधिकारीलाई पद हस्तान्तरण गर्नुभयो। नवनिर्वाचित पदाधिकारीलाई निर्वाचन समिति संयोजक चिन्तामणि दाहालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो।


## २. प्रविधिको प्रयोगमार्फत खोज पत्रकारिता अन्तरक्रिया



२०७८ बैशाख २० गते सोमबार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ झापा शाखाले 'महामारीको समयमा प्रविधिको प्रयोगमार्फत खोज पत्रकारिता' विषयक भर्चुअल अन्तरक्रिया सम्पन्न गरेको छ। महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको अन्तरक्रियाको सहजीकरण वरिष्ठ पत्रकार हरिबहादुर थापाले गर्नुभएको थियो। कार्यक्रममा झापासहित मोरङ र यूएई शाखाबाट ५१ जना पत्रकारको सहभागिता थियो

## ३. कोरोनाबाट बच्न पत्रकारहरुका लागि विशेषज्ञ चिकित्सकको परामर्श

२०७८ बैशाख २६ गते आइतबार कोरोनाबाट बच्न र बचाउन '




पत्रकारहरुका लागि विशेषज्ञ चिकित्सकको परामर्श' विषयक भर्चुअल अन्तर संवाद नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा सम्पन्न भएको छ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षता र महासंघ १ नं. प्रदेशका अध्यक्ष लीलावल्लव घिमिरेको प्रमुख आतिथ्य रहेको अन्तरसंवादमा विशेषज्ञ चिकित्सक गोविन्द कँडेलले परामर्शका साथै पत्रकारको जिज्ञासाको जवाफ दिनुभएको थियो। कोरोना भाइरसबाट संक्रमित भई आइसोलेसनमा बसेका, त्यसअघि संक्रमित भई स्वास्थ्यलाभ गरेकासहित देश-विदेशबाट कार्यक्रममा ७१ जनाले सहभागिता जनाएका थिए।

## ४. 'महामारीमा नकारात्मक तथा भ्रामक समाचारको प्रभाव र तथ्य जाँच' बारे प्रशिक्षण

२०७८ जेठ ६ गते विहीबार नेपाल पत्रकार महासंघ झापाको आयोजनामा 'महामारीमा नकारात्मक तथा भ्रामक समाचारको प्रभाव र



तथ्य जाँच' विषयक प्रशिक्षण भर्चुअल रुपमा सम्पन्न भएको छ।


नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलको प्रमुख आतिथ्य रहेको प्रशिक्षणको सहजीकरण साउथ एशिया चेकका सम्पादक दीपक अधिकारीले गर्नुभएको थियो।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको प्रशिक्षणमा झापासहित १ नं. प्रदेशका विभिन्न जिल्लाबाट ९७ जना पत्रकारको सहभागिता रहेको थियो।

## ५. कोरोना प्रभावित पत्रकारलाई मनोपरामर्श


२०७८ असार ११ गते शुक्रबार नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा 'कोरोना भारइसबाट प्रभावितहरुका लागि विशेषज्ञको मनोपरामर्श' कार्यक्रम भर्चुअलरुपमा सम्पन्न भएको छ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षता,




महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सहजीकरण मनोविद् गोपाल ढकालले गर्नुभएको थियो।

## ६. कोभिडपछिको पत्रकारिता : चुनौती र दायित्व बारे छलफल




२०७८ असार १७ गते विहीबार नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा 'कोभिडपछिको पत्रकारिता : चुनौती र दायित्व' विषयक भर्चुअल छलफल सम्पन्न भएको छ।

पत्रकारका विभिन्न संगठनका नेता तथा प्रेस क्लवका अध्यक्षहरु छलफलमा सहभागी हुनुहुन्थ्यो। महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको छलफलमा सहभागी वक्ताले सञ्चारकर्मी र सञ्चारमाध्यम कोरोनाबाट सबैभन्दा बढी प्रभावित भएको बताए।

## ७. सञ्चार क्षेत्रका समस्याबारे छलफल र सहयोग

२०७८ असार २६ गते शनिबार नेपाल पत्रकार महासंघ झापा शाखाको



आयोजनामा बिर्तामोडमा प्रादेशिक सञ्चार प्रतिष्ठान तथा सञ्चारकर्मीबीच सञ्चार क्षेत्रका समस्याबारे छलफल र सहयोग हस्तान्तरण कार्यक्रम सम्पन्न भयो। पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षता तथा प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश नं. १ का कार्यकारी निर्देशक यज्ञ शर्माको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रतिष्ठानको तर्फबाट कोरोना संक्रमित भई अस्पतालमा उपचार गराएका कान्तिपुर दैनिक सम्वद्ध झापाका पत्रकार पर्वत पोर्तेललाई २५ हजार रुपैयाँको चेक हस्तान्तरण गरियो।

## ८. ओलम्पिक लेखन प्रतियोगिता



२०७८ साउन ७ गते विहीबार नेपाल पत्रकार महासंघ झापा शाखाले ओलम्पिक खेलबारेको प्रदेश स्तरीय लेखन प्रतियोगितामा उत्कृष्ट भएका पत्रत्रकारहरुलाई पुरस्कार प्रदान गरेको छ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा महासंघको बिर्तामोडस्थित कार्यालयमा भएको कार्यक्रममा प्रमुख अतिथि स्पोर्टस् फर अल कमिशन नेपाल प्रदेश १ का संयोजक तथा बिर्तामोड नगरपालिका-३ का वडाध्यक्ष भोजराज सिटौलाले प्रतियोगिताका विजेता पत्रकारलाई पुरस्कार प्रदान गर्नुभयो।

स्पोर्टस् फर अल कमिशन नेपाल प्रदेश १ को सहयोगमा महासंघले ओलम्पिक दिवस २०२१ जुन २३ को अवसरमा प्रदेश स्तरीय लेख तथा समाचार लेखन प्रतियोगिता सञ्चालन गरेको थियो।

प्रतियोगितामा प्रथम हुने इलामका नमिन ढकाललाई ११ हजार रुपैयाँ, द्वितीय हुने ताप्लेजुङका खगेन्द्र अधिकारीलाई सात हजार रुपैयाँ, तृतीय हुने झापाका हिमालचन्द्र खरेललाई पाँच हजार रुपैयाँ र सान्त्वना पुरस्कार पाँचथरका भीम बाँस्कोटालाई तीन हजार नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

## ९. झापाका सबै सञ्चारकर्मीलाई कोरोनाविरुद्धको खोप

नेपाल पत्रकार महासंघ झापा शाखाको समन्वय र पहलमा




जिल्लाका सबै सञ्चारकर्मीले कोरोनाविरुद्धको खोप प्रदान गरिएको छ। सञ्चारकर्मीलाई विभिन्न चरणमा खोप प्रदान गरिएको हो ।

डीसीसीएमसी झापा, जिल्ला प्रशासन कार्यालय र जिल्ला स्वास्थ्य कार्यालय झापाले उक्त कार्यका लागि सहजीकरण गरेको थियो ।

सञ्चारकर्मीलाई खोप लगाउने कार्यमा सहयोग गर्ने डीसीसीएमसी तथा जिल्ला प्रशासन झापा, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय सरकार तथा स्वास्थ्य संस्थाहरु लगायत सबैलाई नेपाल पत्रकार महासंघ झापा शाखाले धन्यवाद ज्ञापन गरेको छ।

त्यस्तै खोपको अघिल्लो मात्रा पूरा गरेका झापाका अधिकांश पत्रकारले कोरोनाविरुद्धको बुष्टर डोज खोप लगाएका छन् । नेपाल पत्रकार महासंघ झापा शाखाको मिति २०७८ माघ २ गतेको पत्राचार अनुसारको माग र पहललाई प्राथमिकतामा राखेर प्रमुख जिल्ला अधिकारी छबिलाल रिजालको अध्यक्षतामा माघ ३ गते बसेको डीसीएमसी झापाको बैठकले जिल्लाका सबै सक्रिय सञ्चारकर्मीका लागि बुष्टर डोज खोप उपलब्ध गराउने निर्णय गरेको थियो । निर्णयबारे सबै पालिका र जिल्ला स्वास्थ्य कार्यालयमा सर्कूलर गरिएपछि पत्रकारले सहजरुपमा बुष्टर डोज खोप लगाएका हुन् ।

खोपको पूर्ण मात्रा लगाएको ६ महिना समय पूरा गरेका पत्रकारहरुले सम्वन्धित पालिका, काकरभिट्टास्थित हेल्थ डेस्क र जिल्ला स्वास्थ्य कार्यालयमा बुष्टर डोज खोप लगाएका हुन् ।

## १०. कोभिड-१९ र हाम्रो पहल

**संक्रमितलाई पौष्टिक कोशेली,योग शिक्षा, औषधि र उपचार, बीमा दाबी**

आम नागरिकलाई सू-सुचित गराउने महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चारकर्मी पनि कोभिड-१९ को संक्रमणबाट मुक्त हुन सकेनन् । सावधानी अपनाउँदा अपनाउँदै पनि सञ्चारकर्मीलाई कोरोना संक्रमण भएको तथ्य विदित नै छ। विशेषतः नेपाल पत्रकार महासंघको १३औं अधिवेशनबाट निर्वाचित भएर वर्तमान नेतृत्व आएपछि शुरुवाती दिनबाटै कोरोनाविरुद्ध लड्नु पऱ्यो । सावधानी अजनाउदा अपनाउदै कोरोनाको पहिलो र दोस्रो भेरियन्टबाट ५१ जना तथा तेस्रो भेरियन्टबाट १३ जना गरी जिल्लाका ६४ पत्रकार कोरोनाबाट संक्रमित हुन पुगे ।

सञ्चार क्षेत्रमा कोरोनाको प्रभाव नियन्त्रण, आइपर्ने समस्या समाधान तथा समन्वयका लागि मिति ०७८।०१।१० गते नेपाल पत्रकार महासंघ झापा शाखाको दोस्रो बैठकले उपाध्यक्ष केशव भट्टराईको संयोजकत्वमा सचिव डिकेश लामा, सहसचिव, राजु पाठक, कार्यसमिति सदस्यहरु सन्तोष शर्मा, मनिषा चम्लागाई, रञ्जित परियार, राजन साङपाङ, सुनिरा मैनाली, सुष्मा राजवंशी र दोर्ण अधिकारी सदस्य रहेको कोभिड-१९ समन्वय तथा समाधान समिति गठन गरियो ।

समितिले कोभिड संक्रमित भएका सञ्चारकर्मीका घर-घरमै पुगेर आवश्यक आयुर्वेदिक औषधि,योग शिक्षा, संक्रमितको मनोबल बढाउन स्वास्थ्यकर्मीबाट आवश्यक परामर्शसहित पौष्टिक आहार उपलब्ध गराउने काम गऱ्यो । पत्रकार महासंघ प्रदेश नं. १को पहल तथा झापा शाखाको समन्वयमा वैशाख २९ गते मेची अञ्चल आयुर्वेद औषधालय (अस्पताल) इलामको टोलीले संक्रमित १० पत्रकारको घरमा आयुर्वेद औषधि वितरण गर्नुका साथै श्वासप्रश्वासमा लाभ पुग्ने विभिन्न योग विधि समेत सिकायो ।

अस्पतालका वरिष्ठ कविराज निरीक्षक तीर्थराज आचार्य नेतृत्वको



टोलीले औषधि वितरण र योग विधि सिकाएको थियो ।

संक्रमित भई अस्पताल भर्ना गर्नुपर्ने सञ्चारकर्मीहरुका लागि महासंघले आवश्यक सहयोग, समन्वय गऱ्यो भने होम आइसोलेसनमा रहेका सञ्चारकर्मीहरुलाई आवश्यकता अनुसार अक्सिजन सिलिण्डर, अक्सिमिटरसमेत उपलब्ध गराइयो । साथै थर्मोमिटर, मास्क, सेनिटाइजर, फेससिल लगायतका स्वास्थ्य सामग्री समेत उपलब्ध गराइयो । संक्रमित भई अस्पताल भर्ना भएका तथा होम आइसोलेसनमा बसेका सञ्चारकर्मी संक्रमणमुक्त नहुँदासम्म दैनिकजसो सबैको स्वास्थ्य अवस्थाको जानकारी लिने, आवश्यकता अनुसार चिकित्सकसंग परामर्श गराउने काम भयो । सुरुका दिनमा अस्पतालले भर्ना लिन र चेकजाँच तथा एक्सरे गर्न नमानेको अवस्थामा बिर्तामोडको बिर्ता सीटी अस्पताल, प्राञ्जल फार्मेशी लगायतका स्वास्थ्य संस्थामा महासंघले पहल गरी संक्रमित सञ्चारकर्मीको नियमित चेकजाँच, एक्सरे, सीटी स्क्यानको सेवा सहज बनाइयो । मेची अस्पतालका चिकित्सक गोविन्द कडेल, मनिष सुवेदी लगायतले संक्रमितको आवश्यकता अनुसार परामर्श दिने काम गर्नुभयो । संक्रमितको उपचार र हेरचाहमा महासंघले आवश्यक सबै भूमिका निर्वाह गऱ्यो । महासंघको अभिभावकीय भूमिका र समन्वयकै कारण उच्च मनोबलका साथ कोरोना परास्त गर्न सफल भएको संक्रमणमुक्त भएपछि सञ्चारकर्मीहरुले सामाजिक सञ्जाल लगायतका विभिन्न माध्यमबाट प्रतिक्रिया जनाउदै महासंघको कार्यप्रति धन्यवाद समेत दिएका थिए ।

समितिले नेपाल पत्रकार महासंघ झापा शाखा र पूर्वाञ्चल दैनिकले संयुक्त रुपमा गरिदिएको पत्रकारको कोरोना बिमाको दाबी भुक्तानीका लागि

पहल गर्‍यो । केही सञ्चारकर्मीले दाबी रकम प्राप्त गर्नुभयो भने केहीले अझै प्राप्त गर्नुभएको छैन । पहिलो लहरमा संक्रमित सञ्चारकर्मीहरु मध्ये अधिकांशले बीमा दाबीको रकम प्राप्त गरेका छन् । अन्यको प्रक्रियामा रहेको छ भने भुक्तानीमा भएको ढिलाइप्रति महासंघ झापाले सम्बन्धित बीमा कम्पनी, सरकार, महासंघको प्रदेश समिति र केन्द्रीय समितिलाई ध्यानाकर्षण गराएको छ ।

## ११. कोभिड-१९ प्रभावित झापाका १३ पत्रकारलाई लेखनवृत्ति



२०७८ साउन ७ गते नेपाल पत्रकार महासंघ प्रदेश नं. १ समितिले प्रदेश सरकारको सहयोगमा सञ्चालन गरेको कोरोना लेखनवृत्तिमा सहभागी झापाका १३ जना पत्रकारहरुलाई प्रोत्साहन रकम प्रदान गरिएको छ ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा महासंघको बिर्तामोडस्थित कार्यालयमा भएको कार्यक्रममा कोरोना संक्रमण भई स्वास्थ्य लाभ गरेका पत्रकारलाई जनही १० हजार रुपैयाँका दरले लेखनवृत्तिको रकम प्रदान गरिएको हो ।

महासंघ झापा शाखाको सिफारिसमा महासंघ प्रदेश समितिले लेखनवृत्ति प्रदान गरेको थियो । कोरोनाबारे सचेतना जगाउने तथा कोरोना संक्रमण नियन्त्रणमा स्थानीय तथा प्रदेश सरकारले निर्वाह गरेको सकारात्मक भूमिकाबारे आह्वान गरिएको लेखनवृत्तिमा झापाबाट सहभागीहरु पत्रिका, रेडियो, अनलाइन, टेलिभिजनका सञ्चारकर्मीले खोजमूलक दुई/दुई वटा लेख, समाचार, रिपोर्ट तयार गरेका थिए ।

लेखनवृत्तिमा सहभागी झापाका पत्रकारहरु भीमा शिवाकोटी, गोपाल काफ्ले, नरेन्द्र ढकाल, राजु अधिकारी, दीपेन्द्र पौडेल, तुलसी निरौला, गौरव पोखरेल, सन्तोष आचार्य, सुव्रत न्यौपाने, पुष्प बराल, विष्णु पौडेल, अनिता भेटवाल र सन्तोष न्यौपानेलाई उक्त रकम प्रदान गरिएको हो ।

महासंघ झापा शाखाले लेखनवृत्ति उपलब्ध गराउने महासंघ प्रदेश समिति, प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गरेको छ ।

## १२. सबै सञ्चारकर्मीलाई स्वास्थ्य सामग्री

नेपाल पत्रकार महासंघ झापाले कोभिड १९ को बढ्दो जोखिम न्यून गर्न सञ्चारकर्मीसंग छलफल तथा सबै सञ्चारकर्मीलाई स्वास्थ्य सामग्री वितरण गरेको छ । यस कार्यका लागि महासंघले जिल्लाव्यापीरुपमा अभियान नै सञ्चालन गर्‍यो ।

झापाका सञ्चारकर्मीलाई विभिन्न संघ-संस्था र व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त भएका तथा महासंघले खरिद गरी स्वास्थ्य सामग्री वितरण गरिएको हो । विभिन्न प्रकारका मास्क, सेनिटाइजर, फेस शिल्ड, थर्मोमिटर



लगायतका सामग्री सम्बन्धित क्षेत्रका प्रेस क्लव र पत्रकार महासंघ प्रदेश समितिका पदाधिकारी र सदस्यहरुको समन्वयमा वितरण गरियो । झापाका सबै सञ्चारकर्मीले स्वास्थ्य सामग्री प्राप्त गरेका छन् । महासंघ अध्यक्ष एकराज गिरी नेतृत्वको टोलीले प्रेस क्लवहरुले संयोजन गरेका विभिन्न स्थानमा पुगेर सामग्री वितरण र कोरोना जोखिम तथा अपनाउनुपर्ने सावधानी बारे छलफल गरेको थियो ।

महासंघका सदस्य तथा क्रियाशील पत्रकार सबै गरी ३०० भन्दा बढी सञ्चारकर्मीलाई प्रेस क्लवहरुको सिफारिसमा स्वास्थ्य सामग्री प्रदान गरिएको छ । दमक, गौरादह, शिवसताक्षी, कनकाई , अर्जुनधारा, बुद्धशान्ति, मेचीनगर, भद्रपुरमा महासंघले त्यहाँस्थित प्रेस क्लव मार्फत सामग्री वितरण गरेको हो भने बिर्तामोड लगायतका क्षेत्रमा महासंघले नै वितरण गरेको थियो । काठमाडौंमा रहेका ६ जना महासंघ झापा शाखाका सदस्यलाई समेत झापाबाट स्वास्थ्य सामग्रीको प्याकेट उपलब्ध गराइएको थियो ।

पत्रकार मञ्च दमकको कार्यालयबाट स्वास्थ्य सामग्री वितरण अभियान सुरु गरिएको थियो । महामारीको समयमा पनि जीवन जोखिममा राखेर सञ्चारकर्ममा क्रियाशील सञ्चारकर्मीलाई कोभिड १९बाट बच्न महासंघको पहलमा स्वास्थ्य सामग्री उपलब्ध गराउने जिल्ला सहकारी संघ झापा लगायतका सबै दाताहरुलाई महासंघले धन्यवाद ज्ञापन गरेको छ ।

## १३. ७५५०० उपचार सहयोग



नेपाल पत्रकार महासंघ झापाले जिल्लाभन्दा बाहिरबाट कोभिड-१९ संक्रमित भइ औषधि उपचार गर्न बिर्तामोड लगायतका ठाउँमा आएका सञ्चारकर्मीलाई पनि जोखिमका बावजुद यथाशक्य सहयोग गरेको छ । यसैक्रममा नेपाल पत्रकार महासंघ पाँचथर शाखाका उपाध्यक्ष एकराज भण्डारीलाई बिर्तामोडस्थित बिर्ता सिटी अस्पतालमा भर्ना गराउनेदेखि

उपचारका क्रममा सहयोग गरियो । त्यस क्रममा झापाली सञ्चारकर्मीहरुको तर्फबाट महासंघको अगुवाईमा संकलित ७५ हजार पाँच सय रुपैयाँ उहाँको उपचारमा सहयोग गरियो । तर, अस्पताल र डाक्टरहरुको अथक प्रयत्नका वावजुद पत्रकार एकराज भण्डारीलाई बचाउन सकिएन । हामी स्व. पत्रकार भण्डारीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

## १४. इ-बुलेटिन प्रकाशन




नेपाल पत्रकार महासंघ झापाले महासंघका गतिविधि आफ्ना सदस्यहरुलाई जानकारी गराउने उद्देश्यले इ-बुलेटिनको नियामित प्रकाशन शुरु गरेको छ । २०७८ भदौ १ गते महासंघ झापा शाखाको आयोजनामा उक्त इ-बुलेटिनको एक कार्यक्रमकाबीच विमोचन भएको छ ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा बिर्तामोडस्थित महासंघ कार्यालयमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ १ नं. प्रदेश समितिका कोषाध्यक्ष कार्यक्रमका प्रमुख अतिथि बुद्धि लामिछाने (विमल)ले इ-बुलेटिनको विमोचन गर्नुभयो । इ-बुलेटिनको सम्पादक मण्डलमा उपाध्यक्ष संग्रौला, सचिव लामा, सदस्यहरु स्वस्तिका आचार्य, सुनिरा मैनाली, सुष्मा राजवंशी र मनिषा चौलागाईं रहनुभएको छ ।

## १५. खोज पत्रकारिता तालिम



**तीन पत्रकारलाई जनही ३५ हजारको लेखनवृत्ति**

१९ र २० भदौ २०७८ बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापा शाखा र शेयरकास्ट इनिसिएटिभ नेपालको संयुक्त आयोजनामा स्थानीय सरकारका सवालहरुबारे दुई दिवसीय खोज पत्रकारिता तालिम सञ्चालन भएको छ ।

नेपाल पत्रकार महासंघका पूर्व महासचिव चन्द्र भण्डारीको प्रमुख आतिथ्य र महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको तालिममा अग्रज पत्रकार हरिबहादुर थापाले प्रशिक्षण दिनुभएको थियो । तालिममा झापाका ३० जना क्रियाशील सञ्चारकर्मीको सहभागिता थियो । सहभागी मध्ये चिरञ्जीवी घिमिरे, पुष्प खड्का र उमानाथ भण्डारीले जनही ३५ हजार राशीको लेखनवृत्ति प्राप्त गर्नुभयो ।

## १६. महासंघ झापाको ३३ औं स्थापना दिवस



९ पुस २०७८ सोमबार बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापाको ३३ औं स्थापना दिवसका अवसरमा 'अवको पत्रकारिता र हाम्रो भूमिका' बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

महासंघ झापा शाखाले पहिले पटक आफ्नो स्थापना दिवस मनाएको हो । महासंघ झापा

शाखाका अध्यक्ष एकराज  गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्षहरु, अग्रज पत्रकार, विभिन्न झापाका पत्रकारका संघ/संगठनका अध्यक्ष, प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता थियो । सहभागीबाट ३३ वटै मैनबत्ती प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गरिएको थियो ।

## १७. कार्यालय भवनको स्तरोन्नति सुरु



२३ पुस २०७८ शुक्रबारबाट  नेपाल पत्रकार महासंघ झापाले बिर्तामोडस्थित कार्यालय भवनको स्तरोन्नति गर्न थप तलाको निर्माण शुरु गरेको छ ।  हाल दुई तलाको छत ढलान भई त्यसलाई पूर्णता प्रदान गर्न आवश्यक कार्य भइरहेको छ ।

महासंघको कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच प्रदेश नं. १का पूर्वआन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्की र नेपाल पत्रकार



रुपमा भवन निर्माण कार्यको शुभारम्भ गर्नुभयो ।

महासंघको कार्यालय भवन तीन तले निर्माण सम्पन्न गर्ने र त्यसका लागि एक करोड २५ लाख रुपैयाँ लागत योजनाका साथ कार्यसमितिले काम अघि बढाएको छ। महासंघ कार्यालयमा आधुनिक ई-लाइब्रेरी, बैठक कक्ष, कार्यालय र सभाहल निर्माण गर्न लागिएको हो। हाल भुइँतले घरमा कार्यालय सञ्चालित छ। महासंघ झापाको कार्यालय भवनस्तरोन्नतिका लागि प्रदेश सरकार, बिर्तामोड र अर्जुनधारा नगरपालिका, झापा गाउँपालिकाले सहयोग गरेका छन्।

## १८. स्थानीय सरकारका सवाल: खोज पत्रकारिता तालिम



६-७ चैत २०७८ धुलाबारीमा नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र मेचीनगर नगरपालिकाको सहयोगमा स्थानीय सरकारका सवालमा दुईदिने खोज पत्रकारिता प्रशिक्षण सञ्चालन भएको छ। मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यको प्रमुख आतिथ्य र पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको प्रशिक्षणमा सहभागी ३५ जना सञ्चारकर्मीलाई खोज पत्रकार तथा सम्पादक मोहन मैनालीले प्रशिक्षण दिनुभएको थियो।

## १९. निर्वाचन केन्द्रित समाचार लेखन र आचारसंहिता प्रशिक्षण



१५ चैत २०७८ बिर्तामोडमा निर्वाचन केन्द्रित समाचार लेखन र आचारसंहिता विषयक एक दिने प्रशिक्षण सम्पन्न भएको छ। नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र संवाद समूह झापाको सहकार्यमा भएको प्रशिक्षणमा जिल्लाका क्रियाशील ७२ जना संचारकर्मीको सहभागिता रहेको थियो।

महासंघका पूर्व केन्द्रीय अध्यक्ष तथा अनलाइन खबरका प्रधानसम्पादक शिव गाउँलेले सहजीकरण गर्नुभएको प्रशिक्षण पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो। नेपाल पत्रकार महासंघको ६७ औं स्थापना दिवसको अवसरमा प्रशिक्षण आयोजना गरिएको थियो।

## २०. पत्रकार महासंघ झापाको भित्तेपात्रो सार्वजनिक




२५ चैत २०७८ बिराटनगरमा नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा प्रकाशित २०७९ सालको भित्तेपात्रो सार्वजनिक गरियो।

प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राई, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, प्रदेश १ का आर्थिक मामिला मन्त्री इन्द्र आङ्बो, यातायात तथा सञ्चारमन्त्री उपेन्द्र घिमिरे र महासंघ प्रदेश १ का अध्यक्ष लीला बल्लव घिमिरेले संयुक्तरुपमा भित्तेपात्रो सार्वजनिक गर्नुभयो।

पत्रकार महासंघ प्रदेश १ को प्रदेश सम्मेलन उद्घाटन समारोहमा पत्रकार महासंघ झापा शाखाद्वारा प्रकाशित भित्तेपात्रो सार्वजनिक गरिएको हो।

## २१. फिचर लेखन र मिथ्या सूचनाको चुनौति बारे प्रशिक्षण



२६-२७ चैत २०७८ कनकाई १ दुर्गापुरमा नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र कनकाई नगरपालिकाको सहयोगमा खोजमूलक फिचर लेखन र मिथ्या सूचनाको चुनौति बिषयक दुई दिवसिय प्रशिक्षण सञ्चालन भएको छ।

कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले उद्घाटन

गर्नुभएको प्रशिक्षणमा जिल्लाका ४९ जना सञ्चारकर्मीको सहभागिता रहेको थियो । नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको प्रशिक्षणमा खोजपत्रकार तथा सम्पादक मोहन मैनालीले प्रशिक्षण दिनुभएको थियो । उक्त प्रशिक्षणको समापन महासंघ झापाका पूर्व अध्यक्ष केशव आचार्यको प्रमुख आतिथ्यमा भयो ।

## २२. स्थानीय तह निर्वाचन लक्षित अन्तरक्रिया



५ वैशाख २०७९ बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापा शाखा र संवाद समूह झापाले संयुक्त रुपमा आयोजनामा 'स्थानीय तह निर्वाचन २०७९ : मतदाता शिक्षा र निर्वाचन आचारसंहिता कार्यान्वयनमा सञ्चारमाध्यम तथा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न भयो ।

झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजालको प्रमुख आतिथ्य र पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका क्रियाशील ३० जना सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

## २३. दमकमा मिडियाकर्मीसँग अन्तरक्रिया



६ वैशाख २०७९ दमकमा नेपाल पत्रकार महासंघ झापा शाखा र संवाद समूह झापाले संयुक्त आयोजनामा 'स्थानीय तह निर्वाचन २०७९ : मतदाता शिक्षा र निर्वाचन आचारसंहिता कार्यान्वयनमा सञ्चारमाध्यम तथा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघका पूर्व महासचिव चन्द्र भण्डारीको प्रमुख आतिथ्य र महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, पत्रकार महासंघ प्रदेश १ का कोषाध्यक्ष विमल लामिछाने,जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले निर्वाचनसंग सम्वन्धित विषयमा सहजीकरण गर्नुभएको थियो

## २४. अनलाइन पत्रकारिता प्रशिक्षण



२० र २१ वैशाख २०७९ लखनपुरमा नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र गौरादह नगरपालिकाको सहयोगमा 'पत्रकारिताको बदलिँदो आयामः अनलाइन पत्रकारिता, लेखन र समाचार कक्षको भूमिका' विषयमा प्रशिक्षण सञ्चालन भएको छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर आयोजित जिल्ला क्रियाशील ३५ सञ्चारकर्मी सहभागी प्रशिक्षणको सहजीकरण अनलाइन क्षेत्रका अग्रज पत्रकार तथा नेपालखबर डटकमका सम्पादक अरुण बरालले गर्नुभएको थियो । पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको प्रशिक्षणको उद्घाटन प्रमुख अतिथि गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराईले गर्नुभएको थियो ।

प्रशिक्षणको समापन समारोहका महासंघ प्रदेश १का कोषाध्यक्ष विमल लामिछानको प्रमुख आतिथ्यमा भएको थियो । 'प्रविधि नियन्त्रित मिडिया' भन्ने नाराका साथ २०२२ मे ३ तारिकमा विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाइएको थियो ।

## २५. स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयमा कार्यशाला



१७ असार २०७९ मा स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयहरुको कार्यशाला शिवसताक्षीको दूधेमा सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र शिवसताक्षी नगरपालिकाको सहकार्यमा भएको कार्यशाला पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरेको प्रमुख आतिथ्य, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षता र महासंघ प्रदेश १ का महासचिव

विवेक गौतमको सहजीकरणमा भएको थियो । कार्यशालामा ५२ जनाको सहभागिता रहेको थियो ।

## २६. जनप्रतिनिधिमा निर्वाचित चारजना पूर्व पत्रकारलाई सम्मानसहित विदाइ



३२ असार २०७९ बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापा शाखाले विभिन्न पालिकाको जनप्रतिनिधिमा निर्वाचित चार जना पूर्व पत्रकारलाई सम्मान गरेको छ ।

महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले पूर्व पत्रकार जनप्रतिनिधिलाई सम्मान गर्नुभयो ।

पत्रकार महासंघ झापाको कार्यसमिति सदस्य अनिल वाग्ले तथा साधारण सदस्यहरु अग्निप्रसाद कोइराला, सुशन राई र उमेश राउतलाई सम्मानपत्र, खादा र माला पहिर्‍याएर सम्मान गरिएको हो । वाग्ले बुद्धशान्ति गाउँपालिका वडा नं. १ को वडाध्यक्ष, कोइराला कमल गाउँपालिका वडा नं. ३ को वडाध्यक्ष, राई माङ्सेबुङ गाउँपालिका इलामको कार्यपालिका सदस्य र राउत बिर्तामोड वडा नं. ४ को वडासदस्यमा निर्वाचित हुनुभएको छ । महासंघले सम्मानसहित उहाँहरुलाई सक्रिय पत्रकारिताबाट विदाइ समेत गरेको छ ।

## २७. १५ वटै पालिकाका नवनिर्वाचित प्रमुख-उपप्रमुखलाई सम्मान

३० बैशाख २०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित



झापाका १५ वटै स्थानीय सरकारका प्रमुख, उपप्रमुखहरुलाई नेपाल पत्रकार महासंघ जिल्ला शाखाले बधाईसहित सम्मान प्रदान गरेको छ । महासंघको टोली सम्बन्धित पालिकामै पुगेर प्रमुख, उपप्रमुखहरुलाई सम्मान प्रदान गरेको हो । उक्त अवसरमा महासंघ झापाले संविधानको भावना र स्थानीय आवश्यकता बमोजिम जनहितकारी काममा समर्पित हुन जनप्रतिनिधिहरुलाई आग्रह गरेको छ । जनताले सुम्पिएको जिम्मेवारीलाई 'टिम वर्क'का साथ सुशासन कायम गरेर जवाफदेही र पारदर्शी ढंगले निर्वाह गर्दै, लक्षित समुदायसहित आमजनताको आवश्यकता र भावना सम्बोधन गर्न पनि महासंघले जनप्रतिनिधिलाई आग्रह गरेको छ । पालिकाका प्रमुख, उपप्रमुखलाई प्रदान गरिएको बधाई तथा सम्मानपत्रमा भनिएको छ- 'भ्रष्टचारमुक्त, दिगो विकास, सञ्चारमैत्री, समृद्ध र उत्कृष्ट पालिका निर्माणमा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछौं ।'

सम्मानका क्रममा महासंघको टिम तथा जनप्रतिनिधिबीच भएको छलफलमा महासंघ तथा सञ्चार क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने जनप्रतिनिधिले प्रतिबद्धता जनाएका छन् । जनप्रतिनिधिहरुले पत्रकार महासंघको संस्थागत विकास, सामाजिक सुरक्षा र पत्रकारको क्षमता अभिवृद्धिका लागि सहयोग गर्न तयार रहेको बताएका छन् ।

## २८. पत्रकार महासंघ झापाको झण्डा लिएर हिमाल आरोहण



झापा बिर्तामोडका फोटो पत्रकार सरद जोशीले नेपाल पत्रकार महासंघको झण्डा लिएर हिमलुङ हिमाल आरोहण गरेका छन् । ०७९ असोज ३१ (१७ अक्टोबर २०२२) मा उहाँले ७१२६ मिटर उचाइको उक्त हिमालको सफल आरोहण गर्नुभएको हो ।

हिमाल आरोहणका लागि उनी असोज १३ गते बिहीबार मनाङतर्फ प्रस्थान गर्नुभएको थियो । पत्रकार महासंघ झापाले असोज १२ गते बुधबार बिर्तामोडमा एक कार्यक्रमकाबीच फोटो पत्रकार जोशीलाई महासंघको झण्डा हस्तान्तरण गरेको थियो । महासंघ झापाका अध्यक्ष एकराज गिरी, पूर्व अध्यक्षहरु गोविन्द चन्द क्षेत्री र कृष्ण हुमागाँईले जोशीलाई महासंघको झण्डा र नेपालको राष्ट्रिय झण्डा हस्तान्तरण गर्नुभएको थियो ।

## २९. इलाम शाखालाई सहयोग

नेपाल पत्रकार महासंघ इलाम शाखाले स्थापना गरेको आशिष राई स्मृति पत्रकारिता पुरस्कार अक्षयकोषलाई रु. ११,१११।- प्रदान गर्ने कार्यसमितिको निर्णय बमोजिम उक्त रकम ०७९ कात्तिक २५ गते साधारणसभामा हस्तान्तरण गरियो ।






# वार्षिक साधारण सभा



२०७९ कात्तिक २५ गते नेपाल पत्रकार महासंघ झापा शाखाको बार्षिक साधारणसभा बिर्तामोडमा सम्पन्न भयो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलको प्रमुख आतिथ्य र महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको सभामा पत्रकार महासंघ १ नं. प्रदेश अध्यक्ष लीलावल्लभ घिमिरे, केन्द्रीय सदस्य अमर खड्का, झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

महासंघ झापाका शाखाका उपाध्यक्ष केशव भट्टराईले स्वागत गरेको कार्यक्रममा पत्रकार महासंघ झापाको झण्डा लिएर हिमलुङ हिमाल आरोहण गर्ने फाटो पत्रकार शरद जोशीलाई सम्मान समेत गरिएको थियो ।

उद्घाटन कार्यक्रमको सञ्चालन सचिव डिकेश लामा र सहसचिव राजु पाठकले गर्नु भएको थियो । साधारणसभाको बन्दसत्र अध्यक्ष एकराज गिरीको अध्यक्षतामा सचिव लामाले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष रञ्जित प्रसाईले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मतरुपमा पारित गर्दै सम्पन्न भयो थियो ।

बन्दसत्र पूर्व अध्यक्ष गोविन्द चन्द क्षेत्री, तथा तारामणि सापकोटा, कमन देवान र भारती राई रहेको अध्यक्ष मण्डलले सञ्चालन गरेको थियो । माइन्युट लेखनको भूमिका बिमल दाहाल बुद्धि, जीआर धिताल र सुष्मा कुमालले तथा घोषणापत्र तयारी डिकेश लामा, अनिलदेव राई, हिमाल खरेल र पुजनकुमारी आचार्यले गर्नुभएको थियो ।

तालिममा जिल्लाका ५० बढी पत्रकारको सहभागिता रहेको थियो ।

समापन समारोहमा सहभागीका तर्फबाट मञ्जु डाँगी र पर्वत पोर्तेलले तालिम अत्यन्त फलदायी भएको बताउनुभयो । त्यस अवसरमा अग्रज पत्रकार दिपिन राई लगायतले मन्तब्य राख्नु भएको थियो ।



## ३१. चौथो अङ्ग बुलेटिन विमोचन



२०७९ कात्तिक २५ गते नेपाल पत्रकार महासंघ झापा शाखाले वार्षिक साधारणसभाको अवसरमा प्रकाशन गरेको चौथो अङ्ग नामक बुलेटिन विमोचन गरिएको छ।

बुलेटिनको विमोचन कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेल, महासंघ १ नं. प्रदेश अध्यक्ष लीलावल्लभ घिमिरे, केन्द्रीय सदस्य अमर खड्का, इफ्तखार हसन (इकवाल अहमद), झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरी लगायतले संयुक्त रुपमा गर्नु भएको थियो। बुलेटिनमा पत्रकारिता र महासंघको संक्षिप्त इतिहास, महासंघ झापा शाखाले गरेका गतिविधि, सांगठनिक तथा आर्थिक प्रतिवेदन, सदस्यहरुको विवरण, पत्रकार आचारसंहिता लगायतका सामग्री समेटिएका छन्।

## ३२. पार्टी पत्रकारिता छोड्न पत्रकारलाई आह्वान



२०७९ कात्तिक २७ गते  नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा बिर्तामोडमा अन्तरक्रिया सम्पन्न भयो। अमेरिका बाट लामो समयपछि झापा आउनु भएका शाखाका पूर्वअध्यक्ष तारा बरालसंग झापाली पत्रकारको भेटघाट तथा अन्तरक्रिया महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो।

त्यसक्रममा झापासहित नेपाली पत्रकारिताको अवस्थाको समीक्षा भयो। उक्त अवसरमा बोल्दै पूर्व अध्यक्ष बरालले पार्टी पत्रकारिता छोड्न सबै पत्रकारहरुलाई आव्हान गर्नुभयो।

उहाँले झापाली पत्रकारितालाई उदाहरणीय बनाउन आग्रह गर्नुभयो। पछिल्लो समय पत्रकारिता राजनीतिक र अन्य कारणले विकृत बन्दै गएको भन्दै उहाँले दलगत पत्रकारिता नगर्न सुझाउनुभयो। राजनीतिक स्वार्थलाई पत्रकारिताबाट अलग राख्नुपर्ने बरालको भनाइ थियो। 'पत्रकार रवर ट्याम्प बन्नु हुँदैन, कोही पत्रकार पनि पार्टीको कार्यकर्ता नबन'- बरालले भन्नुभयो-'यदि राजनीति गर्ने हो भने पत्रकारिता छोडौं।'

अन्तरक्रियामा पूर्वअध्यक्षहरु गोविन्दचन्द क्षेत्री, केशव आचार्य, चिन्तामणि दाहाल, कृष्ण हुमागाई, मोहन काजी, पूर्वउपाध्यक्ष तीर्थ सिग्देल, अमेरिका निवासी सञ्चारकर्मी तथा साहित्यकार विदु केसीले पत्रकारिता क्षेत्रमा झापाको योगदानको चर्चा गर्नुभयो। कार्यक्रमको सहजीकरण महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले गर्नुभएको थियो।

## ३३. केन्द्रीय साधारणसभामा झापाको सहभागिता




२०७९ पुस ८-९ गते  नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा सर्खेतमा  सम्पन्न भएको छ। उक्त साधारणसभामा झापाशाखाबाट अध्यक्ष एकराज गिरी, राष्ट्रिय परिषद् सदस्यहरु दिपिन राई, गोपाल काफ्ले,भीमा शिवाकोटी, रेजिना गौतम, ज्ञानेन्द्र निरौला, उपाध्यक्ष केशव भट्टराई, सुशीला संग्रौला, कार्यसमिति सदस्य बिनोद पाण्डेको सहभागिता रहेको थियो।

**केन्द्रीय साधारणसभाको सुर्खेत घोषणा- २०७९ यस्तो छ**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा २०७९ पुस ८-९ गते सम्पन्न नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै यो घोषणा जारी गर्दछ।

१. नेपाल पत्रकार महासंघले नेपाली पत्रकारहरुको हकहितको पक्षमा दृढतापूर्वक उभिंदै मुलुकमा लोकतन्त्र, विधिको शासन र नागरिक अधिकारका लागि पैरवी गर्दै आएको छ। नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरे पनि त्यसपछि गठन भएका तीनै तहका सरकार तथा राजनीतिक दलहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकलाई पूर्णतः कार्यान्वयनमा ल्याएका छैनन्। यसप्रति नेपाल पत्रकार महासंघको यो केन्द्रीय साधारणसभा गम्भीर चासो र चिन्ता व्यक्त गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न तीनै तहका सरकारलाई पुनः आग्रह गर्दछ। साथै, नागरिक अधिकार, प्रेस स्वतन्त्रता र सूचनाको हक सुनिश्चित गर्न पनि माग गर्दछ।

२. इन्टरनेटका माध्यमको प्रयोग गरी प्रेस स्वतन्त्रता हननमा नयाँ चुनौतीहरू

थपिएको सन्दर्भमा यो केन्द्रीय साधारणसभा आमपत्रकारहरुलाई सचेततापूर्वक 'डिजिटल' माध्यमको प्रयोग गर्न आग्रह गर्दछ। साथै, सम्वद्ध निकायहरुलाई 'डिजिटल' माध्यममार्फत प्रेस स्वतन्त्रता हनन्का घटनामा संलग्नमाथि कानूनी कारबाहीका लागि जोडदार माग गर्दछ।

३. मिडिया काउन्सिल, सूचना प्रविधि, सार्वजनिक सेवा प्रसारणसहितका विभिन्न सञ्चार कानूनहरू २०७४-२०७९ को संघीय संसदबाट निर्माण हुन नसक्नु दुःखद् विषय हो। साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकूल विद्यमान कानूनमा सुधारसमेत भएन। तसर्थ, यो केन्द्रीय साधारणसभा संविधान अनुसारका सञ्चार कानूनहरू तत्काल निर्माण गर्न र पुराना कानूनहरूमा सुधार ल्याउन सम्बद्ध पक्षसँग जोडदार माग गर्दछ।

४. श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा तोकिएका सेवा सुविधाहरू अझैसम्म श्रमजीवी पत्रकारहरूले प्राप्त गर्न नसकेको यथार्थप्रति गहिरो चासो राख्दै यो साधारणसभा सो ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन तथा समसामयिक परिमार्जनसहित श्रम समस्या समाधानका लागि नेपाल सरकार र सम्वद्ध पक्षसँग माग गर्दछ। यसका साथै महासंघलाई ट्रेड यूनियन संस्थाका रुपमा सामूहिक सौदावाजीमार्फत श्रम अधिकार स्थापित गर्न निर्देश गर्दछ। यसका निम्ति श्रमजीवी पत्रकारका पक्षमा गर्दै आएको दबाबमूलक कार्यक्रम तथा कानूनी उपचारलाई अझ सशक्त बनाउन यो साधारणसभा नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई निर्देश गर्दछ।

५. साना लगानीमा सञ्चालित स्वरोजगारमूलक तथा विभिन्न मातृभाषाका सञ्चार माध्यमको दीगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि हाल सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन बृद्धि गर्न सरकारसँग माग गर्दै समानुपातिक विज्ञापन प्रणाली तत्काल लागू गर्न यो साधारणसभा माग गर्दछ। साथै छापा प्रकाशनलाई डिजिटल माध्यममा रुपान्तरण गर्न चाहेमा निरन्तरतासहितको मान्यता प्रदान गर्न सरकारसँग माग गर्दछ।

६. श्रमजीजी पत्रकारको निःशुल्क उपचार, दुर्घटना र स्वास्थ्य बिमाका सम्बन्धमा विगतमा नेपाल सरकारले गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि यो साधारणसभा सरकारसँग जोडदार माग गर्दछ।

७. नेपाल पत्रकार महासंघका सदस्यको शुद्धीकरणलाई थप प्रभावकारी बनाउन यो साधारणसभाले विशेष प्रस्तावबाट गठन गरेको समितिलाई विधानको व्यवस्थाअनुरुप आगामी निर्वाचनमा कार्यान्वयन हुने गरी अद्यावधिक गर्न निर्देश गर्दछ।

८. मुलुकको बहुलता र विविधतालाई आत्मसात गर्दै सञ्चार प्रतिष्ठानहरूका विषयवस्तु र संरचनालाई लैंगिक, समावेशी र अपाङ्गतामैत्री एवं कार्यस्थललाई सुरक्षित बनाउन सबै सञ्चार प्रतिष्ठानहरुलाई आह्वान गर्दछ।

९ छापा, रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यममा आएका चुनौती र नयाँ सञ्चारमाध्यमले ल्याएको अवसरलाई आत्मसात गर्ने गरी सञ्चारकर्मीका लागि पेशागत दक्षता र क्षमता अभिवृद्धि तथा वृत्ति-विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमहरूलाई अभियानकै रुपमा अघि बढाउन निर्देश गर्दछ।

१०. पत्रकार परिचयपत्र (सूचना विभागले जारी गरेको प्रेस पास) बाट बञ्चित हुँदा श्रमजीवी पत्रकारहरुलाई सूचनाको पहुँचसम्म पुग्नसमेत कठिनाइ भएकाले प्रेस पासको सहज उपलब्धताका लागि आवश्यक वातावरण बनाउन सम्वद्ध सबै निकायलाई अपिल गर्दछ।

११. नेपाल पत्रकार महासंघ संविधानसभाबाट नयाँ संविधान निर्माणसँगै त्यसको मर्मअनुसार संघीय संरचनामा जाने पहिलो संगठन भएको तथ्य जगजाहेर नै छ। यो साधारणसभा महासंघका विधानअनुरुप हरेक संरचनालाई स्वायत्त, क्रियाशील एवं सवल बनाउन प्रण गर्दछ।

१२. सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन तथा सेवा सुविधाका सन्दर्भमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्डलगायत विभिन्न सरकारी निकायमा अनावश्यक र झन्झटिलो प्रक्रिया पूरा गर्नु पर्ने अव्यवहारिक व्यवस्था तत्काल खारेज गर्न माग गर्दछ।

१३. पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सबै सञ्चारकर्मीलाई पुनः आह्वान गर्दछ।

१४. सांस्कृतिक र पर्यटकीय रुपमा समृद्ध कर्णाली प्रदेशको पर्यटन, भाषा, कला र साहित्यको प्रचार एवं सम्वर्द्धनसँगै यस प्रदेशमा रहेका रारा ताल, शे-फोक्सुण्डो ताल, कुपिण्डे दह, काँक्रेबिहार, बुलबुले ताल, देउती बज्यैलगायतका सबै पर्यटकीय क्षेत्रको प्रचारप्रसार, सम्वर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि सबै तहका सरकारलाई यो केन्द्रीय साधारणसभा आह्वान गर्दछ। र, नेपाल पत्रकार महासंघ पनि त्यस अभियानमा विभिन्न रुपमा सहयोग गर्न तत्पर रहने प्रतिवद्धता जनाउँदछ।

१५. नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभाको उद्घाटन समारोहमा प्रमुख अतिथिका रुपमा उपस्थित सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी, कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय जीवनबहादुर शाही, विभिन्न राजनीतिक दलका नेताहरू, स्थानीय निकायका जनप्रतिनिधि, पत्रकारसम्वद्ध विभिन्न संघसंगठनका प्रमुख तथा प्रतिनिधिहरूका साथै देशभरका केन्द्रीय परिषद् सदस्यलाई यो साधारणसभा धन्यवाद ज्ञापन गर्दछ। साथै, आतिथ्यताका लागि नेपाल पत्रकार महासंघ सुर्खेत शाखा, संयोजनका लागि नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिका साथै सहयोगका लागि कर्णाली प्रदेश सरकार र स्थानीय तहहरुलाई धन्यवाद ज्ञापन गर्दछ।

## ३४. पत्रकारिता सम्बन्धी प्रशिक्षण



२०७९ पुस २३ र २४ गते पत्रकारिता सम्बन्धी दुई दिने अन्तरक्रियात्मक प्रशिक्षण बिर्तामोडमा सम्पन्न भएको छ।

यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय प्रदेश नं. १ को आयोजना र नेपाल पत्रकार महासंघ झापा शाखाको सहकार्यमा भएको प्रशिक्षणमा ४० जना सञ्चारकर्मीको सहभागिता थियो। मन्त्रालयका महाशाखा प्रमुख गौतमराज अमात्यको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि पत्रकार महासंघ झापा शाखाका पूर्व अध्यक्ष अग्रज पत्रकार भीम नेम्वाङले गर्नुभएको थियो।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले प्रशिक्षणको

औचित्य बारे प्रष्ट्याउनु भएको थियो। सक्रिय पत्रकारलाई आगामी दिनमा एडभान्स प्रशिक्षण र लेखनवृत्ति समेत प्रदान गरिने बताए। प्रशिक्षणको सहजीकरण महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, सचिव डिकेश लामा, मन्त्रालयका अधिकृत गणेशबहादुर कार्की र पत्रकार उमाकान्त खनालले गर्नुभएको थियो।

पत्रकारिताको आधारभूत तहको अन्तरक्रियात्मक प्रशिक्षणमा पत्रकारितामा भर्खरै प्रवेश गरेका तथा पत्रकारिता सम्बन्धी प्रशिक्षणको अवसर नपाएका महिला, दलित, जनजाति, आदिवासी, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पीछडावर्ग समुदायबाट सहभागिता रहेको छ। प्रशिक्षणमा पत्रकारिताका विविध विषयसँगै आचारसंहिताको बारेमा समेत छलफल हुने बताइएको छ। कार्यक्रमको सञ्चालन महासंघका सहसचिव अर्जुन राजवंशीले गर्नुभएको थियो।

## ३५) केन्द्रीय सदस्यको सम्झनामा झापामा शोक सभा



२०७९ माघ ३ गते नेपाल पत्रकार महासंघ झापा शाखाले पोखरामा विमान दुर्घटनामा ज्यान गुमाएका महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसभा सम्पन्न गरेको छ।

बिर्तामोडस्थित महासंघको कार्यालयमा शोक सभा सम्पन्न भएको हो। महासंघ झापाका अध्यक्ष एकराज गिरी अध्यक्षतामा भएको शोक सभामा

फोनिज प्रदेश नं. १का इन्चार्ज दिपीन राई, महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष नरेन्द्र ढकाल, नारी सञ्चार गृह झापाकी सचिव भूमिका सुब्बा, अर्जुनधारा प्रेस क्लबका निवर्तमान अध्यक्ष कुमार भट्टराई, मेचीनगर प्रेस क्लबका अध्यक्ष डम्बर बराल, पत्रकारहरु मुक्ति पौडेल, धमेन्द्र मामा लगायतले केन्द्रीय सदस्य पौडेलसहित विमान दुर्घटनामा ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

सभाको सञ्चालन महासंघका सचिव डिकेश लामाले गर्नुभएको थियो। महासंघको कार्यालयमा १३ दिनसम्म शोक पुस्तिका राखिएको थियो।

माघ १ गते बिहान काठमाडौंबाट पोखराको लागि उडेको नाइनएन एएनसी एटिआर-७२ जहाज अवतरण गर्ने क्रममा पोखराको पुरानो एयरपोर्ट र नयाँ एयरपोर्टको बीचमा दुर्घटनाग्रस्त हुँदा केन्द्रीय सदस्य पौडेलको ३७ वर्षको उमेरमा निधन भएको थियो।

## ३६) अमेरिकी दूतावासका प्रतिनिधिसँग भेटघाट र छलफल



२०७९ माघ ३ गते नेपालस्थित अमेरिकी राजदुतावासका उयष्तिष्अबर्ि याष्अभच म्च। ब्भललषभच ः। म्बक तथा उयष्तिष्अबर्ि बलम भअयलयफष्अ याष्अभच ीथलल ल्गचष्बल सहितको टोलीसंग नेपाल पत्रकार महासंघ झापाको बिर्तामोडस्थित कार्यालयमा भेटघाट सम्पन्न भएको छ। झापामा पत्रकारिताको अवस्था, पत्रकार र सञ्चार क्षेत्रले भोगिरहेका समस्या र चुनौति तथा झापाको राजनीतिक, उद्योग, व्यापार, सामाजिक क्षेत्रका सवालहरुको बारेमा छलफल भएको थियो।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको भेटघाटमा उपाध्यक्ष केशव भट्टराई, सुशीला संग्रौला, सचिव डिकेश लामा, सहसचिव अर्जुन राजवंशी, सदस्य चिरञ्जीवी घिमिरे, पत्रकारहरु लक्ष्मण ढकाल, दिपिन राई,कुमार भट्टराई, भूमिका सुब्बा, चन्द्रकान्त ढकाल, अनुषा चुडाल लगायतको सहभागिता थियो।

## ३७) पत्रकार महासंघ झापाको वेबसाइट सार्वजनिक

२०७९ चैत १६ गते नेपाल पत्रकार महासंघको ६८औं स्थापना



दिवसको अवसरमा महासंघ झापा शाखाले आफ्नो वेबसाइट सार्वजनिक तथा मर्यादित र व्यवसायिक पत्रकारिताबारे अन्तर्क्रिया सम्पन्न भएको छ।

बिर्तामोडस्थित नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यालयमा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि महासंघका पूर्व केन्द्रीय महासचिव चन्द्र भण्डारीले गर्नुभएको थियो। प्रमुख अतिथि भण्डारीले डिजिटल प्रविधिबाट महासंघ झापाको वेबसाइट (**fnjjhapa.org.**

**np**)लाई सार्वजनिक गर्नुभएको हो । महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा वेबसाइट डिजाइन गर्ने कफि कोडेर्स प्रा.लि.का सञ्चालक सुमन सापकोटाले त्यसका फिचरका बारेमा जानकारी गराउनु भएको थियो ।

महासंघ झापा शाखाले इ-पुस्तकसहित सदस्यहरुको विवरण, महासंघका गतिविधि र आवश्यक दस्तावेज वेबसाइटमा राखेको छ ।

महासंघ कोशी प्रदेशका कोषाध्यक्ष बुद्धि लामिछाने विमल, महासंघ झापाका पूर्व अध्यक्ष गोविन्द चन्द छेत्री, फनिजका नेता दिपीन राई, प्रेस युनियनकी केन्द्रीय सचिव रेजिना रोदन, प्रदेश उपाध्यक्ष ज्ञानेन्द्र निरौला, युनियन झापाका कार्यवाहक अध्यक्ष गिरीराज भट्टराई, प्रेस सेन्टरका प्रदेश महासचिव सुजन तिम्सिना, प्रेस चौतारी झापाका उपाध्यक्ष प्रदिप परियार, समाजवादी प्रेस संगठनका जिल्ला संयोजक अनिलदेव राईले शुभकामना व्यक्त गर्नुभएको थियो । महासंघ झापाकी उपाध्यक्ष सुशिला संग्रौलाले स्वागत र कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गर्नुभएको थियो ।

## ३८) सभामुख र उपसभामुखलाई बधाई ज्ञापन






२०७९ फागुन ४ गते सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना मगरलाई नेपाल पत्रकार महासंघ झापा शाखाले बधाई ज्ञापन गरेको छ ।

बिर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच महासंघ अध्यक्ष एकराज गिरी नेतृत्वको टोलीले सभामुख घिमिरे तथा उपसभामुख मगरलाई बधाई तथा शुभकामना-पत्र प्रदान गरेको थियो । कार्यक्रममा महासंघ प्रदेश समिति सदस्य सुरेन्द्र भण्डारी, लीलाराज झापाली, झापा शाखाका उपाध्यक्ष केशव भट्टराई, सहसचिव अर्जुन राजवंशी, कार्यसमिति सदस्यहरु विनोद पाण्डे, अच्युत सुवेदी, रञ्जित परियार, सन्तोष शर्मा लगायत उल्लेख्य संख्यामा सञ्चारकर्मीको सहभागिता थियो ।

## ३९) संस्थागत सदस्यता



०७९ फागुन ६ गते नेपाल पत्रकार महासंघ झापाले भद्रपुर झापा गोल्डकपको संस्थागत सदस्यता लिएको छ ।

फागुन ७-१६ मा हुने उक्त प्रथम गोल्डकपको महासंघले सफलताको शुभकामना समेत व्यक्त गरेको छ ।

महासंघ झापाकोतर्फबाट अध्यक्ष एकराज गिरीले गोल्डकपका अध्यक्ष दीपेश ढकाललाई सदस्यता शुल्कबापतको चेक हस्तान्तरण गरेका थिए ।

## ४०) उपप्रधानमन्त्रीलाई बधाई ज्ञापन




२०७९ फागुन ७ गते उपप्रधान, उर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्री राजेन्द्र लिङ्देनलाई एक कार्यक्रमकावीच नेपाल पत्रकार महासंघ झापा शाखाले बिर्तामोडमा बधाई तथा शुभकामना ज्ञापन गरेको छ ।

अध्यक्ष एकराज गिरीसहित महासंघको टोलीले लिङ्देनलाई बधाई तथा शुभकामना ज्ञापन गरेको हो ।

## ४१) पुरस्कार अक्षयकोषमा पूर्वअध्यक्ष केशव आचार्यको एक लाख



२०७९ फागुन १६ गते नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष केशव आचार्यले महासंघ झापाद्वारा स्थापित मोती पत्रकारिता पुरस्कार अक्षयकोषका लागि एक लाख रुपैयाँ प्रदान गर्नुभएको छ ।

बिर्तामोडमा एक कार्यक्रमकाबीच आचार्यले उक्त रकमको चेक महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई हस्तान्तरण गर्नुभयो । ०५३ सालमा आचार्य महासंघको अध्यक्ष हुँदा स्थापित पुरस्कारको अक्षयकोषमा एक लाख रुपैयाँ मात्र थियो । पुरस्कार भने हरेक अधिवेशनमा ५१ हजार राशिको वितरण गरिँदै आएको थियो । अक्षयकोषको व्याजले पुस्कारको राशी नधान्ने भएपछि महासंघको वर्तमान कार्यसमितिले अक्षयकोषको रकम पाँच लाख पुऱ्याउने निर्णयसहितको प्रस्ताव गत साधारणसभामा पारित गरेको थियो । दाता र महासंघको आन्तरिक श्रोतबाट यसैवर्ष अक्षयकोषको रकम पाँच लाख पुर्‍याइएको छ ।

झापाका अग्रज पत्रकारका रुपमा परिचय बनाएका ७० वर्षीय आचार्यले अक्षयकोषको रकम वृद्धि र पुरस्कारको दिगोपनका लागि सहयोग गरेको बताउनुभयो । हाल जनआन्दोलन साप्ताहिकका प्रधान सम्पादक एवम् साहित्य सेवामा क्रियाशील आचार्यले नेपालका पहिलो पत्रकार मोतीराम भट्टको स्मृतिमा स्थापित पुरस्कारले नेपाली पत्रकारिताको श्रीवृद्धिमा योगदान गर्दै आएको बताउनुभयो । उहाले महासंघ वर्तमान कार्यसमितिको रचनात्मक कार्यको प्रशंसा समेत गर्नुभयो ।

कार्यक्रमको सहजीकरण उपाध्यक्ष केशव भट्टराईले गर्नुभएको थियो । उक्त अवसरमा महासंघका सहसचिव अर्जुन राजवंशी, कार्यसमिति सदस्य स्वस्तिका आचार्य, प्रदेश परिषद् सदस्य मनकुमार शर्मा, पत्रकार सन्तोष न्यौपाने लगायतको सहभागिता थियो ।

## ४२) मर्यादित पत्रकारिताका लागि संघ-संस्थाको भूमिका बारे अन्तरक्रिया

२०७९ चैत २४ गते बिर्तामोडमा भएको अन्तरक्रियामा सामाजिक तथा व्यवसायिक संस्थाका प्रतिनिधिहरुले पत्रकारिता स्वतन्त्र, निष्पक्ष र मर्यादित हुनुपर्नेमा जोड दिएका छन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाले बिर्तामोड नगरपालिका वडा नं. ६ को सहयोगमा बिर्तामोडमा आयोजना गरेको एक छलफलमा सहभागीले पत्रकारले सत्यतथ्य र खोजमूलक सामग्री सम्प्रेषण गर्नुपर्नेमा समेत जोड




दिए । पत्रकारितालाई मर्यादित बनाउन सामाजिक तथा व्यवसायिक संस्थाहरुको भूमिका कस्तो हुनुपर्छ, अपेक्षा र सुझाव के छ भन्ने विषयमा आयोजित छलफलमा सहभागीले निष्ठाको पत्रकारितामा जोड दिएका छन् ।

उनीहरुले सस्तो लोकप्रियताका लागि गरिने पत्रकारिता र सस्तो प्रचारका लागि गरिने कामलाई मिडियामा निरुत्साहित गरिनुपर्ने बताए । त्यस्तै सञ्चारमाध्यमले गाउँ, दुरदराज र सकारात्मक विषयका समाचारलाई प्राथमिकता दिनुपर्नेमा समेत उनीहरुको सुझाव छ ।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीले पत्रकार योग्य, नैतिकवान, अनुशासित र इमान्दार हुनुपर्नेमा जोड दिए ।

छलफलमा रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष एवम् चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, युनिकम नेपालका राष्ट्रिय अध्यक्ष तथा झापा गोल्डकपका महासचिव गजेन्द्र पौडेल, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका सचिव मेघराज बाँस्तोला, बिर्तामोड उद्योग वाणिज्य संघकी उपाध्यक्ष नैनकला भट्टराई, रोटरी क्लव अफ बिर्तामोड मिड टाउनका अध्यक्ष सुमन शर्मा जमरकट्टेल, लायन्स क्लव अफ बिर्तामोड स्मार्ट लेडीकी अध्यक्ष पार्वता गिरीले सुझाव दिनुभएको थियो ।

त्यस्तै वीरता जेसीजका अध्यक्ष घनश्याम चौधरी, वीरता लेडी जेसीजकी अध्यक्ष संगीता गिरी, मेची महाकाली संयुक्त बुहारी आवाजकी अध्यक्ष शिखा खड्का गणेश, नेपाल उद्यमशील महिला संघ झापाकी सचिव यशोदा प्रसाईं, लायन्स क्लव अफ बिर्तामोड सिटीका अध्यक्ष मनोज बानियाँ, छठ पूजा सेवा समाजका मनोज रौनियार, नेपाल सुनचाँदी व्यवसायी संघका अध्यक्ष रमेश विक, राउण्ड टेबलका शरद जोशीले विभिन्न सुझाव राख्नुभयो । नेपाल पत्रकार महासंघकी उपाध्यक्ष सुशिला संग्रौलाले स्वागत र उपाध्यक्ष केशव भट्टराईले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सहसचिव अर्जुन राजवंशीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

## ४३) अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक बारे प्रशिक्षण

२०८० बैशाख २० गते बुधवार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक विषयक अन्तरक्रिया र प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

गौरादह नगरपालिकाको सहकार्य र नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।

प्रमुख अतिथि गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुवेदीले उद्घाटन गरेको कार्यक्रम पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।




प्रशिक्षण सत्रमा अभिव्यक्ति स्वतन्त्रताका विषयमा मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डा. रुपक खनाल, नेपालमा प्रेस स्वतन्त्रता हननको अवस्था तथा सूचनाको हक बारे महासंघका केन्द्रीय सदस्य अम्मर खड्का र मल्टिमिडिया तथा क्यामेरा ह्यान्डिलिङको बारेमा कान्तिपुर टेलिभिजनका संवाददाता गणेशमान मुखीयाले सहजीकरण गर्नुभएको थियो। महासंघका कोशी प्रदेश कोषाध्यक्ष विमल लामिछाने, दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्वरुबल्लव निरौला, महासंघका पूर्वअध्यक्ष गोविन्दचन्द छेत्री, नेपाल प्रेस युनियनकी सचिव तथा नारी सञ्चार गृहकी अध्यक्ष रेजिना रोदन, प्रेस चौतारीका प्रदेश महासचिव गोपाल झापाली, प्रेस मञ्च नेपालका केन्द्रीय अध्यक्ष कमान देवान लगायतले अभिव्यक्ति स्वतन्त्रता तथा सुचनाको हकका विषयमा आफ्नो भनाइ राख्नुभएको थियो।

कार्यक्रममा उपाध्यक्ष केशव भट्टराईले स्वागत तथा सहसचिव अर्जुन राजवंशीले सञ्चालन गर्नुभएको थियो। कार्यक्रम सञ्चार क्लब गौरादह, पत्रकार मञ्च दमक, सक्रिय पत्रकार सञ्जाल दमक र सताक्षी प्रेस क्लबको समन्वयमा भएको थियो।

## ४४) २०८० सालको भित्तेपात्रो सार्वजनिक



२०८० बैशाख २० गते बुधवार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ झापा शाखाले प्रकाशन गरेको २०८० सालको भित्तेपात्रो (क्यालेण्डर) सार्वजनिक गरिएको छ। झापाको दमकमा आयोजित कार्यक्रममा गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुवेदी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य अम्मर खड्का, महासंघ प्रदेशका कोषाध्यक्ष बिमल लामिछाने, महासंघ झापाका अध्यक्ष एकराज गिरी, मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डा. रुपक खनाल लगायतले संयुक्त रुपमा भित्तेपात्रो सार्वजनिक गर्नुभएको हो।

अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक विषयक अन्तरक्रिया र प्रशिक्षण कार्यक्रम उद्घाटन समारोहको अवसर पारेर भित्तेपात्रो सार्वजनिक गरिएको हो।

## ४५) मुख्यमन्त्रीलाई बधाई तथा शुभकामना ज्ञापन



२०८० वैशाख २४ गते नेपाल पत्रकार महासंघ झापाले कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई बधाई तथा शुभकामना ज्ञापन गरेको छ। राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा महासंघ झापाको टोलीले मुख्यमन्त्री कार्कीलाई उहाँकै कार्यालयमा भेटघाट गरी बधाई ज्ञापन गरेको हो। महासंघ झापाका अध्यक्ष एकराज गिरी नेतृत्वको टोलीले मुख्यमन्त्रीलाई बधाई पत्रसंगै महासंघद्वारा प्रकाशित २०८० सालको भित्तेपात्रो, महासंघको गतिविधि समेटिएको 'चौथो अङ्क' म्यागेजिन पनि हस्तान्तरण गरेको छ। त्यसक्रममा पत्रकारिता र समसामयिक विषयमा छलफलसमेत भएको थियो। सो क्रममा महासंघ प्रदेश कार्यसमितिका सदस्य सुरेन्द्र भण्डारी, झापा शाखाका सहसचिव अर्जुन राजवंशी, कोषाध्यक्ष रञ्जित प्रसाई, कार्यसमिति सदस्य बिनोद पाण्डे, पत्रकार गणेशमान मुखिया लगायतको सहभागिता थियो।

## ४६) लैंगिक हिंसा न्यूनीकरणमा सञ्चारक्षेत्रको भूमिका विषयक अन्तरक्रिया



२०८० मंसीर १६ गते शनिबार नेपाल पत्रकार महासंघ झापा महिला विभागको आयोजनामा बिर्तामोडमा लैंगिक हिंसा न्यूनीकरणमा सञ्चार क्षेत्रको भूमिका विषयक अन्तरक्रिया सम्पन्न भएको छ।

अन्तरक्रियाका सहभागीले लैंगिक हिंसा न्यूनीकरणमा सञ्चार क्षेत्र अझ जिम्मेवार बन्नुपर्नेमा जोड दिए। अन्तरक्रियाको उद्घाटन प्रमुख अतिथि झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले गरेका थिए।

झापाको लैंगिक हिंसाको अवस्थाको विश्लेषणात्मक तथ्यांक जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक महेन्द्र पराजुलीले प्रस्तुत गरेका थिए ।

महासंघ झापाकी उपाध्यक्ष तथा महिला विभाग संयोजक सुशीला संग्रौलाको अध्यक्षतामा भएको कार्यक्रममा महासंघ झापाका पूर्व अध्यक्ष तारामणि सापकोटा, अधिवक्ता रञ्जिता कार्की, महिला अधिकारकर्मी तथा सामाजिक संस्थाका प्रतिनिधिहरु राधा सुब्बा, पार्वता खरेल विमली, यशोदा उप्रेती, संगीता गिरी, युनिता दवाडी,पूर्व जनप्रतिनिधि भावना आचार्य, अधिकारकर्मी दिपक दास लगायतले विभिन्न जिज्ञासा र सुझाव राखेका थिए ।

त्यस्तै नेपाल प्रेस युनियन कोशीका उपाध्यक्ष ज्ञानेन्द्र निरौला, महासंघका सहसचिव तथा युनियन झापाका सचिव अर्जुन राजवंशी, नारी सञ्चार गृहकी अध्यक्ष रेजिना रोदन, पूर्वअध्यक्ष अम्बिका भण्डारी, सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोलले समेत कमजोरी सच्याएर सञ्चार क्षेत्र अझ जिम्मेवार ढंगले अघि बढ्ने हो भने लैंगिक हिंसा न्यूनीकरणमा टेवा पुग्ने बताए ।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, कोशी प्रदेश समितिका सदस्य लीलाराज झापाली, नेपाल प्रेस युनियन झापाका अध्यक्ष गिरीराज भट्टराई, समाजवादी प्रेस संगठन झापाका संयोजक अनिलदेव राई, फोनिज झापाका पूर्वअध्यक्ष गणेशमान मुखिया लगायतले समेत सुझाव र प्रतिक्रिया राखेका थिए ।

कार्यक्रमको सञ्चालन महासंघ झापाकी कार्यसमिति सदस्य स्वस्तिका आचार्यले गरेकी थिइन् ।

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने नाराका साथ पत्रकार महासंघ झापाको महिला विभागले अन्तरक्रिया आयोजना गरेको थियो ।

## ४७) भ्रष्टाचारविरुद्ध कलम चलाउने झापाका एक जना पत्रकारलाई हरेक वर्ष ५०५५५ रुपैयाँको पुरस्कार



२०८० मंसीर १७ गते भ्रष्टाचारविरुद्ध कलम चलाउने झापाका एक जना पत्रकारलाई हरेक वर्ष ५० हजार पाँच सय ५५ रुपैयाँ राशीसहित पुरस्कृत गर्न पुरस्कार स्थापना गरिएको छ । नेपाल पत्रकार महासंघ झापा शाखामा उक्त पुरस्कार स्थापना गरिएको हो । अक्षयकोषसहित पुरस्कार स्थापना बारे हेम-सरिता फाउण्डेशन टेक्सास, अमेरिका र नेपाल पत्रकार महासंघ झापा शाखावीच काठमाडौंमा दुई पक्षीय सम्झौता सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा भएको सम्झौता अनुसार पाँच लाख रुपैयाँको अक्षयकोष राखिने छ ।

सम्झौतामा हेम-सरिता फाउण्डेशनको तर्फबाट अध्यक्ष हेम पाठक र नेपाल पत्रकार महासंघको तर्फबाट अध्यक्ष एकराज गिरीले हस्ताक्षर गर्नुभएको छ । सम्झौताको रोहबरमा नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले हस्ताक्षर गर्नुभएको छ ।

हेम-सरिता फाउण्डेशनका संस्थापकका पिता टंकप्रसाद पाठक र माता रमादेवी पाठकको नामबाट हरेक वर्ष टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार प्रदान गर्ने गरी उक्त सम्झौता भएको हो ।

अक्षयकोषको व्याजबाट भ्रष्टाचारविरुद्ध तथा सुशासन प्रवर्द्धनका लागि कलम चलाउने, पत्रकारितामार्फत सुशासनका लागि महत्वपूर्ण योगदान गर्ने पत्रकारलाई पुरस्कृत गरिने छ । पुरस्कार वितरण यसैवर्षबाट वितरण गरिने छ । आगामी वर्षबाट भने महासंघको आयोजनामा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका दिन डिसेम्बर ९ तारिखमा उक्त पुरस्कार प्रदान गरिने छ । महासंघले अक्षयकोष सञ्चालन र पुरस्कार व्यवस्थापनको कामलाई व्यवस्थित, निष्पक्ष र पारदर्शी बनाउन छुट्टै कार्यविधि तयार गरी लागू गरेको छ । सबै काम र प्रक्रिया कार्यविधि अनुसार हुने जनाइएको छ ।

बिर्तामोड ४ स्थायी घर भई हाल अमेरिकाको टेक्सासमा रहेर व्यापार व्यवसायका साथै सामाजिक कार्यमा संलग्न हेम पाठक र सरिता पाठकले स्थापना गरेको हेम-सरिता फाउण्डेशनले सामाजिक संगै विभिन्न रचनात्मक कार्य गर्दै आएको छ ।

उक्त सम्झौता कार्यक्रम महासंघका अध्यक्ष एकराज गिरीको अध्यक्षता, केन्द्रीय वरिष्ठ उपाध्यक्ष रमेश विष्टको प्रमुख आतिथ्यमा भएको थियो । उक्त सम्झौता कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष तारा बराल लगायतले मन्तब्य राख्नुभएको थियो ।

## ४८) पत्रकार महासंघ झापामा झण्डोत्तोलन




नेपाल पत्रकार महासंघको ६९औं स्थापना दिवसको अवसरमा महासंघ झापा शाखाले झण्डोत्तोलन कार्यक्रम सम्पन्न गरेको छ ।

शुक्रबार महासंघ झापाको बिर्तामोडस्थित कार्यालय भवनमा राष्ट्रिय झण्डा र महासंघको झण्डा झण्डोत्तोलन गरिएको हो । महासंघ झापाका अध्यक्ष

एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ पत्रकार, लेखक तथा राजनीतिक विश्लेषक चन्द्र किशोर र महासंघ झापाका पूर्व अध्यक्ष केशव आचार्यले झण्डोत्तोलन गरेका थिए ।

झण्डोत्तोलनपछि संक्षिप्त समारोहमा बोल्दै चन्द्र किशोरले नेपाली पत्रकारिता अप्ठ्यारो परिस्थितिमा गुज्रिरहेको भन्दै जुनसुकै परिस्थितिमा पनि पत्रकारले भुइँमान्छेको पक्षमा आवाज उठाइरहनुपर्ने बताए । चन्द्र किशोरले पछिल्लो समय पत्रकारहरु स्थानीय सत्ताप्रति मौन रहँदा धेरै विकृति मौलाएकोतर्फ संकेत गर्दै स्थानीय सत्ताका कमजोरीप्रति तेजिलो प्रश्न गरेर खबरदारी गरिरहनुपर्नेमा जोड दिए ।

पूर्व अध्यक्ष आचार्यले पत्रकारलाई संगठित गरी गर्विलो इतिहास कायम गरेको नेपाल पत्रकार महासंघको स्थापना दिवसको सन्दर्भमा शुभकामना व्यक्त गरे । कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए ।

स्थापना दिवसकै सन्दर्भमा महासंघ झापा शाखाले अध्यक्ष गिरीको अध्यक्षतामा बैठक बसी विभिन्न निर्णय गरेको छ ।

## ४९) महासंघ झापालाई ५० थान कुर्सी हस्तान्तरण



२०८० पुस ७ गते बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष (हालका अध्यक्ष) राजु न्यौपानेले नेपाल पत्रकार महासंघ झापा शाखालाई ५० थान कुर्सी प्रदान गर्नुभएको छ ।

बिर्तामोडस्थित महासंघको कार्यालयमा पुगेर कुर्सी हस्तान्तरण गर्नुभएको हो । महासंघको कार्यालयमा पत्रकारहरुको क्षमता वृद्धि लगायतका कार्यक्रमका लागि विभिन्न सामग्री अभाव भएको बेला न्यौपानेले उक्त सहयोग गर्नुभएको हो ।

महासंघ झापाका अध्यक्ष एकराज गिरीले ५० थान कुर्सी प्रदान गरेकोमा न्यौपानेलाई धन्यवाद ज्ञापन गर्नुभयो । बिर्तामोड निवासी न्यौपाने तीन दशकदेखि व्यवसायिक तथा सामाजिक क्षेत्रमा क्रियाशिल हुनुहुन्छ ।

## ५०) महासंघ झापाको ३५औं स्थापना दिवसमा संस्थापकहरुलाई सम्मान

२०८० पुस ९ गते नेपाल पत्रकार महासंघ झापाको ३५औं स्थापना दिवस बिर्तामोडमा मनाइएको छ ।

कार्यक्रमकी प्रमुख अतिथि प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानाले उद्घाटन गरेको कार्यक्रममा महासंघ झापाको संस्थापक कार्यसमितिलाई सम्मान गरिएको थियो ।



सोही अवसरमा विभिन्न दाताहरुले महासंघले स्थापना गरेको पत्रकार सहारा उपचार कोषलाई नगद तथा चेक हस्तान्तरण गरेका थिए ।

महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा शाखाका संस्थापक समितिका सचिव तथा पूर्व अध्यक्ष तारा बराल, संस्थापक समितिका सदस्य तथा पूर्व अध्यक्ष गोविन्द चन्द क्षेत्री र संस्थापक कार्यसमिति सदस्य मोहन ढुंगानालाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । ढुंगानाको सम्मान उहाँका छोरा पूर्व पत्रकार देवेन्द्रकिशोर ढुंगानाले ग्रहण गर्नुभएको थियो । सहभागी सबैले सामुहिक रुपमा दिप प्रज्ज्वलन गरी महासंघको ३५औं स्थापना दिवसको उत्सव मनाइएको थियो ।

कार्यक्रममा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् मुलुकमा परिवर्तनका लागि पत्रकार महासंघ झापाले निर्वाह गरेको भूमिकाको चर्चा गरिएको थियो । कार्यक्रममा सामाजिक संघ-संस्थाका तर्फबाट एकका लागि एक अभियानका सहसंयोजक तथा झापा गोल्डकपमा अध्यक्ष विनोद बस्तेले शुभकामना व्यक्त गर्नुभएको थियो ।

उपाध्यक्ष केशव भट्टराईले औचित्यमाथि प्रकाश, उपाध्यक्ष सुशिला संग्रौलाले स्वागत गरेको कार्यक्रम सचिव डिकेश लामाले सञ्चालन र सम्मानित व्यक्तित्वको सम्मानपत्र कार्यसमिति सदस्य स्वस्तिका आचार्यले वाचन गर्नुभएको थियो ।

## ५१) 'पत्रकारिताका परिवर्तित क्षेत्रहरु' विषयक अन्तरक्रिया




२०८० माघ ५ गते नेपाल पत्रकार महासंघ झापाको आयोजनामा बिर्तामोडमा 'पत्रकारिताका परिवर्तित क्षेत्रहरु' विषयक अन्तरक्रिया सम्पन्न भएको छ ।

महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षता र पूर्वअध्यक्ष तारा बरालको प्रमुख आतिथ्यमा भएको अन्तरक्रियाको सहजीकरण वरिष्ठ पत्रकार नेपाल प्रेस इन्स्टीच्यूटका अध्यक्ष तीर्थ कोइराला र द्वन्द्व विश्लेषक तथा प्रकृति

अधिकार अभियन्ता श्रवण शर्माले गर्नुभएको थियो। नेपाली पत्रकारिता राजनीतिक विषयमा मात्र सीमित रहेकाले मानव जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको जलवायु परिवर्तन र त्यसका असरहरु अबको पत्रकारिताका क्षेत्र हुनुपर्नेमा सहजकर्ताहरुले जोड दिएका थिए। मिडियाले मानवीय संवेदनशीलताका विषय उठाउनुपर्ने उनीहरुले सुझाए।

अन्तरक्रियामा महासंघ झापाका पूर्वअध्यक्ष केशव आचार्य, गोविन्दचन्द क्षेत्री लगायतले व्यवसायिक र मर्यादित पत्रकारितामा जोड दिनुभयो। पत्रकारहरु दिपीन राई, गणेशमान मुखिया, लीलाराज झापाली, ज्ञानेन्द्र निरौला, बिनोद पाण्डे, स्वस्तिका आचार्य, पर्वत पोर्तेल, प्रदीप परियार र विटू केसीले सहजकर्ताहरुलाई पत्रकारिताका विषयमा विभिन्न जिज्ञासा राख्नुभएको थियो। महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले सञ्चालन गरेको कार्यक्रममा महासंघका पूर्वअध्यक्षहरु चिन्तामणि दाहाल, मोहन काजीसहित पत्रकारका विभिन्न संघ-संगठनका प्रतिनिधिको सहभागिता थियो।

## ५२) झापा गोल्ड कपको संस्थागत सदस्य




२०८० फागुन १८ गते नेपाल पत्रकार महासंघ झापा शाखा झापा गोल्ड कपको संस्थागत सदस्य बनेको छ। महासंघले बिर्तामोडमा आयोजित एक कार्यक्रमका वीच झापा गोल्ड कपको संस्थागत सदस्यता लिएको हो।

संस्थागत सदस्यता शुल्क वापतको चेक महासंघका अध्यक्ष एकराज गिरीले झापा गोल्ड कपका अध्यक्ष बिनोद बस्नेतलाई हस्तान्तरण गरे। अध्यक्ष बस्नेतले महासंघलाई संस्थागत सदस्यता प्रदान गर्दै गोल्ड कप सफल बनाउन सञ्चार क्षेत्रबाट थप हौसला र उर्जा प्रदान गरेकोमा धन्यवाद ज्ञापन गरे। त्यस क्रममा महासंघका पूर्व अध्यक्ष माधव विद्रोही, तारामणि सापकोटा, महासंघका उपाध्यक्ष केशव भट्टराइ, सहसचिव राजु पाठक, कोषाध्यक्ष रञ्जित प्रसाई, कार्यसमिति सदस्यहरु सहित झापाली सञ्चारकर्मीको उल्लेख्य सहभागिता थियो।

फागुन १९गते देखि २८ गते सम्म डोमालाल राजवंशी रंगशाला बिर्तामोडमा मुलुकका चर्चित १० टिम वीच गोल्डकपको छैटौं संस्करण सञ्चालन भएको थियो।

## ५३) आमसञ्चार र समावेशी पत्रकारिता बारे अन्तरक्रिया तथा पुस्तक परिचर्चा

२०८० फागुन २२ गते नेपाल पत्रकार महासंघ झापाको आयोजनामा आमसञ्चार र समावेशी पत्रकारिता विषयक अन्तरक्रिया तथा पत्रकार तारामणि सापकोटाद्वारा लिखित अनुसन्धानमुलक पुस्तकको विमर्श कार्यक्रम



बिर्तामोडमा सम्पन्न भएको छ।

महासंघको कार्यालयमा आयोजित कार्यक्रम अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो। कार्यक्रममा पुस्तकका लेखक सापकोटाले नेपालको सञ्चार लगायत विभिन्न क्षेत्रमा समावेशिताको अवस्था बारे तथ्यांक प्रस्तुत गर्दै पुस्तकको औचित्यमाथि प्रष्ट्याउनु भएको थियो।

कोशी प्रदेशकी पूर्व राज्यमन्त्री जसमाया गजमेरले मुलुकको समावेशी अवस्थासँगै पुस्तकमाथि परिचर्चा गर्नुभयो। महासंघ झापाका पूर्वअध्यक्ष कृष्ण हुमागाँई, नारी सञ्चारगृहकी संस्थापक अध्यक्ष सावित्रा दाहाल, नेपाल आदिवासी जनजाति झापाका अध्यक्ष पाण्डवलाल चौधरी, थारु कल्याणकारी सभाका केन्द्रीय पार्षद श्रीप्रसाद चौधरी, आदिवासी नेतृ जमुना राजवंशी, महासंघ झापाका सहससचिव अर्जुन राजवंशी लगायतले विभिन्न जिज्ञासा र सुझाव राख्नुभएको थियो। महासंघका सचिव डिकेश लामाले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो। कार्यक्रममा समाजका विभिन्न क्षेत्रका ४० जना बढीको सहभागिता थियो।

## ५४) झापामा मोवाइल तथा मल्टिमिडिया पत्रकारिता तालिम



२०८० चैत १९ र २० गते नेपाल पत्रकार महासंघ झापाको आयोजना तथा गौरादह नगरपालिकाको सहकार्यमा झापाको कमल गाउँपालिकामा ‘मोवाइल (मोजो) तथा मल्टिमिडिया पत्रकारिता’ सम्वन्धी दुई दिने तालिम सम्पन्न भएको छ।

नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्कका प्रधान सम्पादक रजनिश भण्डारी र प्राविधिक प्रमुख उज्वल ज्योति शाक्यले तालिमको सहजीकरण गर्नुभएको थियो। नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको तालिम उद्घाटनमा प्रमुख अतिथि गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदी, नगर उपप्रमुख जलबर्षा राजवंशी, महासंघ कोशी प्रदेश समितिका कोषाध्यक्ष विमल लामिछाने, प्रेस चौतारी नेपालका लेखा आयोग सदस्य विष्णुप्रसाद पोखरेल, प्रेस मञ्च नेपालका केन्द्रीय अध्यक्ष कमन देवान, प्रेस युनियन झापाका सभापति गिरीराज भट्टराई, फोनिज झापाकी अध्यक्ष भूमिका फियाक लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

शाखाका उपाध्यक्ष केशव भट्टराईले स्वागत गरेको कार्याक्रम सचिव डिकेश लामाले सञ्चालन गर्नुभएको थियो।

नेपाल पत्रकार महासंघ झापा शाखा

# बैठक सञ्चालन कार्यविधि-२०८०

नेपाल पत्रकार महासंघ झापाका शाखाको बैठकलाई व्यवस्थित गर्न आवश्यक देखिएकाले यो कार्यविधि निर्माण गरिएको हो।

बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक उपसमितिको गठन गर्न र अन्य काम कारबाही नियमित एवम् प्रभावकारी बनाउन पत्रकार महासंघ झापाको कार्यसमिति बैठकबाट यो कार्यविधि पारित गरिएको छ। यो कार्यविधिको नाम 'नेपाल पत्रकार महासंघ, झापा शाखा बैठक सञ्चालन कार्यविधि, २०७९' रहेको छ।

**१. परिभाषा**

क. 'कार्यसमिति' भन्नाले नेपाल पत्रकार महासंघ झापाको कार्यसमिति भन्ने सम्झनुपर्नेछ।

ख. 'प्रदेश कार्यसमिति' भन्नाले नेपाल पत्रकार महासंघ प्रदेशु-१ समिति सम्झनुपर्नेछ।

ग. 'केन्द्रीय कार्यसमिति' भन्नाले नेपाल पत्रकार महासंघको केन्द्रीय समिति सम्झनुपर्नेछ।

घ. 'अध्यक्ष' भन्नाले नेपाल पत्रकार महासंघ झापाको अध्यक्ष सम्झनुपर्नेछ।

ङ. 'उपाध्यक्ष' भन्नाले नेपाल पत्रकार नेपाल पत्रकार महासंघ झापाका दुई उपाध्यक्ष सम्झनुपर्नेछ।

च. 'सचिव' भन्नाले नेपाल पत्रकार महासंघ झापाको सचिव सम्झनुपर्नेछ।

छ. 'सहसचिव' भन्नाले नेपाल पत्रकार महासंघ झापाको सहसचिवद्वय सम्झनुपर्नेछ।

ज. 'कोषाध्यक्ष' भन्नाले नेपाल पत्रकार महासंघ झापाको कोषाध्यक्ष सम्झनुपर्नेछ।

झ. 'कार्यसमिति सदस्य' भन्नाले नेपाल पत्रकार महासंघ झापाको कार्यसमिति सदस्यहरु सम्झनुपर्नेछ।

**२. कार्य समिति बैठक**

क. नेपाल पत्रकार महासंघ झापा शाखाको नियमित बैठक कम्तीमा महिनामा एकपटक बस्नेछ।

ख. बैठकको अध्यक्षता महासंघका अध्यक्षले गर्नेछन्। अध्यक्षको अनुपस्थितिमा दुई उपाध्यक्षमध्ये अध्यक्षले तोकेको कार्यवाहक अध्यक्षले गर्नेछन्।

ग. कार्यसमितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छन्।

घ. बैठक सञ्चालनका लागि कम्तीमा बहुमत सदस्य उपस्थिति हुनुपर्नेछ। अन्यथा गणपूरक संख्या पुगेको मानिने छैन।

३, बैठक बस्ने स्थान र समय

क. बैठक नेपाल पत्रकार महासंघ झापाको कार्यालयमा बस्नेछ। आवश्यकताअनुसार अन्य स्थानमा पनि बैठक बस्न सक्नेछ।

ख. बैठकबारे फोन, म्यासेज र ग्रुप च्याटमा सूचना दिन सकिनेछ। जसमा बैठक बस्ने स्थान, समय र मिति स्पष्ट खुलाइनुपर्नेछ।

ग. बैठकको सूचना कम्तीमा एकदिन अगावै दिनुपर्नेछ।

४, छलफलको विषय

क. नेपाल पत्रकार महासंघको कार्यसमिति बैठकमा छलफल हुने एजेण्डा सूचनासँगै जानकारी दिनुपर्नेछ।

ख. बैठकमा अध्यक्षले एजेन्डा प्रस्तुत गर्नेछन्। आवश्यकताअनुसार कार्यसमितिका पदाधिकारी र सदस्यले एजेन्डा थप गर्नेछन्।

**५. उपस्थिति**

क. बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ।

ख. कार्यसमिति बैठकमा आफ्नो दायित्व सम्झिएर उपस्थिति हुनु कार्यसमितिको जिम्मेवारी रहनेछ। विना जानकारी लगातार तीनवटा बैठकमा उपस्थित नहुने कार्यसमितिका पदाधिकारी र सदस्यलाई अध्यक्षको निर्देशनमा स्पष्टिकरण सोधिनेछ। चित्तबुझ्दो जवाफ नआएमा कार्यसमितिको निर्णयबाट बिदाई गरिनेछ।

**६. बैठक सञ्चालन प्रक्रिया**

क बैठककलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ।

ख. अध्यक्षको आसनको सम्मान र आदर गर्नु कार्यसमितिका पदाधिकारी र प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

ग. बैठकको छलफल विषयसूचीका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ।

घ. बैठकमा अध्यक्षले एजेन्डा प्रस्तुत गर्ने र सचिवले बैठक सञ्चालन गर्नेछन्।

ङ. बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ।

च. एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्न पाइने छैन।

छ. बैठकमा बोल्न परेमा अध्यक्षसँग समय मागेर बोल्नुपर्नेछ।

**७. निर्णय सम्बन्धी व्यवस्था**

क. प्रस्तावमाथि बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ।

ख. बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ। मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्तिसहित बहुमतले गरेको निर्णय बैठकको निर्णय मानिनेछ।

**८. निर्णयको अभिलेख**

क. सचिवले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराई राख्नुपर्नेछ।

ख. बैठकबाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ।

नेपाल पत्रकार महासंघ, झापा शाखा

## मोती, केटो, सक्रिय समावेशी र उदीयमान पत्रकारिता पुरस्कार

# अक्षयकोष सञ्चालन तथा पुरस्कार कार्यविधि–२०८०

**पृष्ठभूमिः**

व्यवसायिक पत्रकारिताका माध्यमबाट नागरिकको सूचनाको हकको रक्षा गर्दै समाज परिवर्तनका लागि भूमिका निर्वाहसंगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र र मानवअधिकारको पक्षधर रहेर नेपाली पत्रकारिताको श्रीवृद्धिमा योगदान गर्ने अग्रज, युवा र उदीयमान पत्रकारलाई उहाँहरुले पुर्‍याउनु भएको योगदानको कदर र अझ उत्कृष्ट कार्य गर्नका लागि हौसला र अरु पत्रकारलाई पनि उत्कृष्ट कार्यमा प्रेरित गर्नका लागि अक्षयकोष स्थापना र पुरस्कार स्थापना गरिएको छ।

नेपाल पत्रकार महासंघ झापा शाखाले तत्कालीन सभापति केशव आचार्य र तत्कालीन निवर्तमान सभापति गोविन्दचन्द्र क्षेत्रीको अगुवाईमा नेपाली पत्रकारिताको जन्मदाता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार' , झापाका जेठा पत्रकार/सम्पादक श्यामकृष्ण उपाध्यायको स्मृति र उहाँद्वारा सम्पादित झापाको पहिलो पत्रिका २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित 'केटो'को सम्मानमा तत्कालीन सभापति चिन्तामणि दाहालको कार्यकालमा 'केटो' पत्रकारिता पुरस्कार र नेपालको संविधान २०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशीताको विषयलाई आत्मसात गर्दै अध्यक्ष एकराज गिरीको कार्यकाल अन्तर्गत २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम २०८० सालबाट वितरण हुने गरी सक्रिय समावेशी पत्रकारिता पुरस्कार र ०८० मंसीर ४ गतेको कार्यसमितिको निर्णय बमोजिम उदीयमान पत्रकारिता पुरस्कार स्थापना गरिएको हो।

अतः अक्षयकोष सञ्चालन र पुरस्कार व्यवस्थापनको कामलाई अझ व्यवस्थित, विधिसम्मत, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएको हुँदा यो कार्यविधि तयार गरी ०८० मंसीर ४ गतेको कार्यसमितिको वैठकको सर्वसम्मत निर्णय बमोजिम लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम पत्रकारिता पुरस्कार सम्बन्धी कार्यविधि,२०८० रहनेछ।

ख) यो कार्यविधि नेपाल पत्रकार महासंघ झापाको कार्यसमिति बैठकबाट अनुमोदन भएपछि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'पुरस्कार' भन्नाले महासंघले प्रदान गर्ने सम्मान पत्र तथा नगद सहितको मोती पत्रकारिता पुरस्कार, केटो पत्रकारिता पुरस्कार र सक्रिय समावेशी पत्रकारिता पुरस्कारलाई बुझिनेछ। साथै आगामी दिनमा महासंघले स्थापना गर्न सक्ने थप पुरस्कारलाई समेत बुझिनेछ।

ख) 'पुरस्कार सिफारिस समिति' भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समितिलाई जनाउने छ।

'दाता' वा 'दाता परिवार' भन्नाले यस अक्षयकोषका लागि रकम प्रदान गर्ने व्यक्ति तथा परिवारलाई बुझिनेछ।

घ) 'पत्रकार' भन्नाले छापा, विद्युतीय वा अन्य कुनै प्रकारको माध्यमबाट पत्रकारिता कर्म गरेको व्यक्ति/संस्था बुझिनेछ।

ङ) 'अक्षय कोष' भन्नाले मोती पत्रकारिता पुरस्कार, केटो पत्रकारिता पुरस्कार र सक्रिय समावेशी पत्रकारिता पुरस्कार प्रयोजनका लागि सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा मुद्दति निक्षेप गरिएको संरक्षित रकमलाई बुझिनेछ।

च) 'प्रतिनिधि' भन्नाले दाताका तर्फबाट उपस्थित व्यक्ति वा संस्था बुझिनेछ।

**३) अक्षय कोष :**

पुरस्कार प्रदान गर्न यसअघि (मोती पत्रकारिता पुरस्कार स्थापना गर्दा) कोषमा राखिएको रु.१,००,०००/-, महासंघको २०७९ कात्तिक २५ गतेको साधारणसभाको निर्णय (अक्षयकोष वृद्धि र नयाँ पुरस्कार स्थापना र पुरस्कारको राशि वृद्धि गर्ने) बमोजिम महासंघको आन्तरिक स्रोतबाट थप गरिएको रकम र महासंघ झापा शाखाका पूर्व अध्यक्ष केशव आचार्यले ०७९ फागुन १६ गते प्रदान गर्नु भएको रु.१,००,०००/- गरी कूल रु.५,००,०००/-(अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) रकमको अक्षय कोष बनाइएको छ। उक्त रकम सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड शाखामा खाता खोली मुद्दति निक्षेपमा राखिएको छ। त्यसबापत प्राप्त ब्याजबाट पुरस्कार प्रदान गरिनेछ। उक्त ब्याजबाट प्राप्त रकम पुरस्कार प्रयोजनबाहेक अन्यत्र खर्च गर्न पाइने छैन। आगामी दिनमा आवश्यकता बमोजिम अक्षयकोषको रकम वृद्धि गर्नु महासंघ कार्यसमितिको दायित्व हुनेछ। कोषको रकम वृद्धिसंगै आवश्यकता अनुसार महासंघले थप पुरस्कार स्थापना गर्न, पुरस्कारको राशि वृद्धि गर्न सक्नेछ तर कोषको ब्याजबाट पुरस्कारको राशि अपुग भएमा अपुग रकम व्यवस्थापन गरी पुरस्कारलाई निरन्तरता दिनु महासंघको दायित्व हुनेछ। कोष वृद्धिको स्रोत र दाता महासंघको विधानको परिच्छेद ७ दफा ३१ बमोजिम हुनेछ।

**४) कोष सञ्चालन :**

दफा ३ अनुसारको अक्षय कोष वा बैंक खाता सञ्चालन गर्न नेपाल पत्रकार महासंघ

झापाका अध्यक्ष, सचिव र कोषाध्यक्षको नामबाट संयुक्त बैंक खाता सञ्चालन हुनेछ।

चेक कारोबार गर्दा अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्षको अनिवार्य हस्ताक्षरबाट गरिने छ। अक्षय कोषको ब्याज रकम मात्र चेकबाट झिक्न सकिने छ। जस्तोसुकै परिस्थितिमा पनि अक्षय कोषको रकम झिक्न, मास्न, खर्च गर्न पाइने छैन। कोषको रकम बृद्धि गर्न रकम थप गर्न भने बाधा पर्ने छैन।

**५) पुरस्कारका लागि सिफारिस समिति :** पुरस्कार प्रदान गर्नका लागि उपयुक्त पात्रको नाम सिफारिस गर्न निम्नानुसारको समिति रहनेछ।

क) संयोजक : नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष

ख) सदस्य : महासंघ झापाका पूर्व अध्यक्षमध्येबाट एक जना

ग) सदस्य : पछिल्लो पटक मोती पत्रकारिता पुरस्कारबाट पुरस्कृत प्रतिभा

**६) सदस्यको अयोग्यता, सदस्य नरहने व्यवस्था**

क) समिति वा संस्थाको हित विपरीत कार्य गरेमा वा आफू समितिमा नरहने इच्छा गरी राजीनामा दिएमा निज समितिको सदस्य रहने छैनन्।

**७) संरक्षक**

क) अक्षयकोष तथा पुरस्कारको संरक्षक नेपाल पत्रकार महासंघ झापा शाखा रहने छ।

८) पुरस्कारको नाम र छनोटका लागि योग्यता : थप कोष वृद्धि नभएसम्मका लागि यस कोषबाट निम्नानुसार चार विधामा पाँचवटा पुरस्कार प्रदान गरिनेछ। यी सबै पुरस्कार हरेक तीन वर्षमा महासंघको अधिवेशन साधारणसभामा वितरण गरिने छ।

**क) मोती पत्रकारिता पुरस्कारः** नेपाली पत्रकारिताको शुरूवातकर्ता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार' स्थापना गरिएको हो । मोतीराम भट्टले वि.स. १९४३ देखि नेपाली पत्रकारिताको शुरूवात गर्नुभएको हो। उहाँले नेपाली भाषामा पहिलो पत्रिका 'गोर्खा भारत जीवन' प्रकाशित गर्नुभएको थियो। उक्त पत्रिका भारतको बनारसबाट प्रकाशित भएको थियो। मोतीरामकै सक्रियतामा वि.सं. १९५५मा नेपालकै पहिलो पत्रिकाको रूपमा 'सुधासागर' को प्रकाशन शुरू भयो। 'सुधासागर'पछि नेपाली भाषामा नेपालमै प्रकाशित भएको दोस्रो पत्रिका 'गोरखापत्र' हो। झापामा मोतीरामको स्मृतिमा पत्रिकारिता पुरस्कार स्थापना भएकोमा झापाली पत्रकारको रचनात्मक सोच, कार्य र पत्रकारिताको गरिमालाई उच्च बनाउन भएको योगदानको प्रशंसा गर्दै त्यसताका गोरखा पत्र दैनिकले सम्पादकीय समेत प्रकाशित गरेको थियो। पुरस्कारको राशि शुरूमा एक हजार रहेको थियो। विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गरी ५१ हजार पुर्‍याइएकोमा नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम यस पुरस्कारको राशि रू.१०,१११ (एक लाख एक हजार एक सय एघार रुपैयाँ मात्र) पुर्‍याइएको छ।

यस पुरस्कारबाट अग्रज पत्रकारहरु नकुल काजी, डिल्लीराम निर्भिक, मदन ढकाल, डिकमान विरही, गञ्जबहादुर दाहाल, लीला बराल, चन्द्र भण्डारी, माधव बिद्रोही, गञ्जबहादुर दाहाल, लीला बराल र गोविन्दचन्द छेत्री पुरस्कृत भइसक्नु भएको छ। यो पुरस्कार २५ वर्षदेखि पत्रकारितामा क्रियाशील तथा नेपाली पत्रकारिता र प्रेस तथा अभिब्यक्ति स्वतन्त्रतामा विशिष्ठ योगदान पुर्‍याउने अग्रज पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ। हाललाई यो पुरस्कारको कार्यक्षेत्र झापा जिल्ला हुनेछ। तर समयानुकूल कार्यविधि संशोधन गरी यस पुरस्कारको कार्यक्षेत्र देशभर बनाइ पुरस्कारको अगाडि 'राष्ट्रिय' थप गर्न सकिने छ।

**ख) केटो पत्रकारिता पुरस्कारः** 'केटो' २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित हुन थालेको झापाको पहिलो पत्रिका हो। मासिक रूपमा प्रकाशित भएको यो पत्रिका प्राप्त अभिलेख अनुसार तत्कालीन मेची अञ्चलकै जेठो मानिन्छ। श्यामकृष्ण उपाध्याय उक्त पत्रिकाका सम्पादक हुनुहुन्थ्यो। २०५५ मा झापाका जेठा सम्पादक श्यामकृष्ण उपाध्याय स्मृतिमा 'केटो' पत्रकारिता पुरस्कार स्थापना गरिएको हो। उक्त पुरस्कार पहिलोपटक रामनाथ बाँस्कोटाको कार्यकालमा (२०५८ बाट) वितरण शुरू भएको हो। शुरूमा पुरस्कारको राशि ५ सय रूपैयाँ रहेको थियो। विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गरी रु. १५ हजार पुर्‍याइएकोमा नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) पुर्‍याइएको छ।

यस पुरस्कारबाट पत्रकारहरू गोपाल गड्तौला, रमेश समदर्शी राई, तीर्थ सिग्देल, यादव पौडेल , दीपक अधिकारी , डीकेश लामा र गीता ढुंगाना पुरस्कृत भइसक्नु भएको छ।

यो पुरस्कार १० वर्षदेखि पत्रकारितामा क्रियाशील युवा पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ। हाललाई यो पुरस्कारको कार्यक्षेत्र झापा जिल्ला हुनेछ। तर समयानुकूल कार्यविधि संशोधन गरी यस पुरस्कारको कार्यक्षेत्र प्रदेशभर बनाइ पुरस्कारको अगाडि 'प्रदेश' थप गर्न सकिने छ।

ग) सक्रिय समावेशी पत्रकारिता पुरस्कारः नेपालको संविधान २०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशीताको विषयलाई आत्मसात गर्दै नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभाको निर्णय बमोजिम 'सक्रिय समावेशी पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ। पुरस्कारको राशि हाललाई रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) कायम गरिएको छ।

यो पुरस्कार १५ वर्षदेखि पत्रकारितामा क्रियाशील महिला, दलित, आदिवासी, जनजाति,मधेशी, मुस्लिम, सीमान्तकृत, पछाडि पारिएका समुदायका पत्रकारमध्ये एक जनालाई प्रदान गरिने छ। लक्षित समुदायका सवाललाई केन्द्रविन्दुमा राखेर रिपोर्टिङ गर्ने, उनीहरुको सशक्तिकरणमा टेवा पुर्‍याउने पत्रकार पनि यो पुरस्कारका लागि योग्य मानिने छन्। हाललाई यो पुरस्कारको कार्यक्षेत्र झापा जिल्ला हुनेछ। तर समयानुकूल कार्यविधि संशोधन गरी पुरस्कारको कार्यक्षेत्र प्रदेशभर बनाइ

पुरस्कारको अगाडि 'प्रदेश' थप गर्न सकिने छ।

**घ) उदीयमान पत्रकारिता पुरस्कारः**

व्यवसायिक पत्रकारिताको अभ्यासमा प्रवेश गरी क्रियाशील उदीयमान पत्रकारहरुलाई प्रोत्साहित गर्न नेपाल पत्रकार महासंघ झापाको २०८० मंसीर ०४ को वैठकको निर्णय बमोजिम ' उदीयमान पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ। पुरस्कारको राशि हाललाई जनही रू.११११११ (एघार हजार एक सय एघार रुपैयाँ मात्र) कायम गरिएको छ।

यो पुरस्कार कम्तीमा पाँच वर्षदेखि पत्रकारितामा क्रियाशील उदीयमान पत्रकारमध्ये दुई जनालाई प्रदान गरिने छ। यो पुरस्कारको कार्यक्षेत्र झापा जिल्ला हुनेछ।

**९) वितरण गर्ने दिन :** हरेक तीन वर्षमा हुने महासंघको अधिवेशन साधारणसभामा माथिका पुरस्कारहरू वितरण गरिने छ।

**१०) पुरस्कार राशि :**

नेपाल पत्रकार महासंघ झापाको २०७९ कात्तिक २५ को साधारणसभा र ०८० मंसीर ४ को कार्यसमितिको निर्णय बमोजिम वृद्धि गरिएको पुरस्कारको राशि निम्न बमोजिम हुनेछः

क) मोती पत्रकारिता पुरस्कारको राशि रू.१०,११११ (एक लाख एक हजार एक सय एघार रुपैयाँ मात्र) रहनेछ।

ख) केटो पत्रकारिता पुरस्कारको राशि रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) रहनेछ।

ग) सक्रिय समावेशी पत्रकारिता पुरस्कारको राशि रू.२५,५५५(पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) रहनेछ।

घ) उदीयमान पत्रकारिता पुरस्कारको राशि जनही रू.११११११ (एघार हजार एक सय एघार रुपैयाँ मात्र)

माथि उल्लेखित पुरस्कारको रकम थप गर्नुपरे अग्रज तथा पूर्व अध्यक्षहरुसँगको परामर्शमा नेपाल पत्रकार महासंघ झापाले गर्नेछ।

**११)पुरस्कारको अनुमोदन एवम् निर्णय** : दफा ५ बमोजिमको समितिबाट सिफारिससहित निर्णय भई आएका व्यक्तिको नाम नेपाल पत्रकार महासंघ झापाको कार्यसमितिले अनुमोदन गरेपछि मात्र अन्तिम हुनेछ।

१२) प्रतिभा (व्यक्तित्व) को छनौटका आधार

क) पुरस्कृत हुने व्यक्ति नेपालमा दर्ता भइ सञ्चालनमा रहेका सञ्चार माध्यमका सम्पादक, प्रतिनिधि, समाचारदाता, फोटो पत्रकार, छापा वा विद्युतीय सञ्चार माध्यम (पत्रिका,,रेडियो,टेलिभिजन,अनलाइन) मध्येका झापामा रही कार्य गरेको सञ्चारकर्मी हुनु पर्नेछ।

ख) प्रेस तथा अभिब्यक्ति स्वतन्त्रताप्रति प्रतिवद्ध र समर्पित हुनु पर्नेछ।

ग) पुरस्कार समितिले आवश्यक ठानेको खण्डमा व्यक्तित्वको योग्यता सम्बन्धी प्रमाणहरु माग्न सक्नेछ।

घ) एकपटक पुरस्कृत भइसकेको व्यक्तिलाई सोही पुरस्कारबाट पुनः पुरस्कृत गरिने छैन।

ङ) प्रतिभा वा व्यक्तित्व नेपाली नागरिक हुनुपर्ने छ।

च) झापा कार्य क्षेत्र बनाई विदेशी सञ्चार माध्यमसँग सम्बद्ध नेपाली पत्रकार पनि पुरस्कारका लागि छनौट हुन सक्नेछन्।

छ) नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेका र महासंघले मानार्थ सदस्यता प्रदान गरेका पत्रकारहरु मात्र पुरस्कारका लागि छनोट हुन सक्नेछन्।

ज) नेपाल पत्रकार महासंघको आचारसंहिता उल्लंघन गरेको ठहरिएका, महासंघको सम्पत्ति तिर्न बाँकी देखिएका पत्रकार पुरस्कार पाउनका लागि योग्य ठहरिने छैनन्।

**१३) कार्यविधिको व्याख्या :**

यस कार्यविधिको व्याख्या नेपाल पत्रकारका महासंघ झापा शाखाको कार्यसमितिले गर्ने छ।

**१४) पुरस्कार वितरण हुन नसक्ने अवस्था** : कुनै विपत्ति वा नियन्त्रणभन्दा बाहिरको परिस्थिति उत्पन्न भई पुरस्कार वितरण गर्न नसकिने अवस्थामा अक्षयकोषको व्याज रकम अक्षयकोषको साँवा रकममै थप गरी कोष वृद्धि गर्नु पर्नेछ। कोषको व्याज पुरस्कार वाहेक कुनैपनि प्रयोजनमा खर्च गर्न पाइने छैन।

**१५) पुरस्कार स्वेच्छाले फिर्ता गर्न सक्नेः** कसैले यो कार्यविधि बमोजिम प्राप्त गरेको कुनै पुरस्कार स्वेच्छाले फिर्ता गर्न चाहेमा महासंघमा फिर्ता बुझाउनु पर्नेछ। त्यसरी फिर्ता भएको पुरस्कारको राशि अक्षयकोषमा जम्मा गर्नुपर्नेछ।

**१६) संशोधन तथा बाधा अड्काउ फुकाउने** : यस कार्यविधि संशोधन साधारणसभाबाट मात्र हुनेछ। तर कार्यविधि कार्यान्वयनको क्रममा संशोधन आवश्यक नभएको अवस्थामा कुनै बाधा, अड्चन आइपरे अग्रज पत्रकार तथा पूर्व अध्यक्षहरुसमेतको परामर्शमा नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यसमितिले बाधा फुकाउने छ।


**BROTHERS DESIGN & PHOTO STUDIO**

Birtamode-1(Infront of Atithisadan), Jhapa

**नेपाली/अंग्रेजी टाइपिङ, फोटोकपी, फोटो फ्रेम, मायाको चिनो, कप प्रिन्ट, बुक सेटिङ, श्रद्धाञ्जली फ्रेम, पेपर सेटिङ/डिजाइनिङ, आँखेझ्याल फ्रेम लगायत सम्पूर्ण डेस्कटपका कामहरू शुपथ मूल्यमा उपलब्ध छ ।**

*Gmail: pjsa20@gmail.com, bscomputers76@gmail.com*

Ph: 9842710284, 9815022251, 9842623532

नेपाल पत्रकार महासंघ झापा शाखा

# टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार

## अक्षयकोष सञ्चालन तथा पुरस्कार कार्यविधि-२०८०

**पृष्ठभूमि**

भ्रष्टाचारविरुद्ध, सुशासन प्रवर्द्धनका लागि कलम चलाउने, पत्रकारितामार्फत सुशासनका लागि महत्वपूर्ण योगदान गर्ने पत्रकारलाई पुरस्कृत गर्न बिर्तामोड- ४ स्थायी घर भई हाल अमेरिकाको टेक्सासमा रहेर व्यापार व्यवसायका साथै सामाजिक कार्यमा संलग्न हेम पाठक र सरिता पाठकले स्थापना गरेको हेम-सरिता फाउण्डेशनले आफ्ना पिता टंकप्रसाद पाठक र माता रमादेवी पाठकको नामबाट हरेक वर्ष टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार प्रदान गर्न नेपाल पत्रकार महासंघ झापा शाखासँगको मिति २०८०।०८।१७ गते आइतबार नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा सम्झौता गरी अक्षयकोष स्थापना गरेर २०८० बाटै पुरस्कार वितरण गर्ने सन्दर्भमा अक्षयकोष सञ्चालन र पुरस्कार व्यवस्थापनको कामलाई अझ व्यवस्थित, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएको हुँदा यो कार्यविधि तयार गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार कार्यविधि,२०८० रहनेछ।

ख) यो कार्यविधि नेपाल पत्रकार महासंघ झापाको कार्यसमिति बैठकबाट अनुमोदन भएपछि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार' भन्नाले हेम पाठक र सरिता पाठकले हेम-सरिता फाउण्डेशन अन्तर्गत नेपाल पत्रकार महासंघ झापालाई अक्षयकोष रकम प्रदान गरी स्थापना गरिएको पुरस्कारलाई बुझिनेछ।

ख ) 'दाता' वा 'दाता परिवार' भन्नाले बिर्तामोड-४ स्थायी घर भई हाल अमेरिकाको टेक्सासमा बसोबास गर्दै आउनुभएका हेम पाठक र सरिता पाठक तथा निजको परिवारलाई बुझिनेछ।

ग) 'पत्रकार' भन्नाले नेपाल पत्रकार महासंघ झापाको सदस्य भई छापा, विद्युतीय वा अन्य कुनै प्रकारको माध्यमबाट पत्रकारिता कर्म गरेको व्यक्ति/संस्था बुझिनेछ।

घ) 'अक्षय कोष' भन्नाले 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार' प्रयोजनका लागि कुनै वाणिज्य बैंकमा मुद्दति निक्षेप गरिएको संरक्षित रकमलाई बुझिनेछ।

ङ) 'प्रतिनिधि' भन्नाले दाताका तर्फबाट उपस्थित व्यक्ति बुझिनेछ। दाताको प्रतिनिधिको रुपमा बिर्तामोड-४ का यज्ञ पाठक रहनुहुनेछ। उहाँको अनुपस्थितिमा राजु पाठक प्रतिनिधि रहनुहुनेछ।

च) 'हकवाला' भन्नाले दाता परिवारको कानूनी उत्तराधिकारी बुझिनेछ।

**३) अक्षय कोष र पुरस्कार वितरण :**

क) पुरस्कार स्थापनाको सम्झौतापछि दाताबाट प्रदान गरिएको रु.५,००,०००/-(अक्षेरपी पाँच लाख रुपैयाँ मात्र)रकमको अक्षय कोषको सुरुवात गरिएको छ। उक्त रकम स्थानीय बाणिज्य बैंकमा मुद्दति खाता खोली बर्सेनि प्राप्त ब्याजबाट पुरस्कार प्रदान गरिनेछ। अक्षयकोषको रकम कुनै पनि परिस्थितिमा खर्च गर्न र फिर्ता लैजान पाइने छैन।

ख) पुरस्कार वितरण २०८० बाटै शुरु गरिने छ। २०८० सालको पुरस्कारको राशि दाता परिवारले सम्झौताकै समयमा व्यवस्थापन गर्नुपर्नेछ। अक्षयकोषको व्याजबाट प्राप्त रकम पुरस्कार राशि प्रयोजनबाहेक अन्यत्र खर्च गरिने छैन।

**४) कोष सञ्चालन :** दफा ३ अनुसारको अक्षय कोष वा बैंक खाता सञ्चालन गर्न दाता वा दाताको प्रतिनिधि, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष र कोषाध्यक्षका नाममा संयुक्त बैंक खाता खोलिने छ। चेक कारोबार गर्दा महासंघका अध्यक्ष वा कोषाध्यक्षमध्ये एक जना र दाता वा दाताको प्रतिनिधिमध्ये एकजनाको हस्ताक्षर अनिवार्य गरिने छ।

**५) संरक्षक**

क) अक्षयकोष तथा पुरस्कारको संरक्षक दाता परिवार र नेपाल पत्रकार महासंघ झापा शाखा रहने छ।

**६) कार्यालय**

नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यालय नै यस पुरस्कार समितिको कार्यालय हुनेछ।

**७) पुरस्कारको नाम र कार्यक्षेत्र:**

क) नामः 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार'

ख) कार्यक्षेत्रः यो पुरस्कारका लागि कार्यक्षेत्र झापा जिल्ला हुनेछ। जिल्लाको कुनै पनि सञ्चारमाध्यममार्फत वा जिम्मेवारीमा रहेर भ्रष्टाचारविरुद्ध, सुशासन प्रवर्द्धनका लागि कलम चलाउने नेपाल पत्रकार महासंघ झापाको सदस्य पत्रकारलाई पुरस्कार प्रदान गरिने छ।

**८) पुरस्कार रकम र राशि :**

क) 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार' को राशि रू.५०,५५५ (अक्षेपी पचास हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) रहनेछ।
माथि उल्लेखित पुरस्कारको रकम थपघट गर्नु परे दातासँगको परामर्शमा नेपाल पत्रकार महासंघ झापाले गर्नेछ।
कुनै वर्ष कोषबाट प्राप्त ब्याज रकमबाट पुरस्कार प्रदान गर्न अपुग भएमा दाताको तर्फबाट थप गरिने छ।

**९) पुरस्कारका लागि सिफारिस समिति :** पुरस्कार प्रदान गर्नका लागि उपयुक्त पात्रको नाम सिफारिस गर्न निम्नानुसारको समिति रहनेछ।

क) अध्यक्ष, नेपाल पत्रकार महासंघ झापा - संयोजक
ख) दाता वा दाताको प्रतिनिधि- सदस्य
ग) पछिल्लो पटक पुरस्कृत प्रतिभा - सदस्य

**१०) पुरस्कारको अनुमोदन एवम् निर्णय :** दफा ५ बमोजिमको समितिबाट सिफारिस भई आएका पत्रकारको नाम नेपाल पत्रकार महासंघ को कार्यसमितिले अनुमोदन गरेपछि मात्र पुरस्कार प्रदान गरिनेछ।

**११) वितरण गर्ने दिन :** हरेक वर्ष डिसेम्बर ९ तारिखका दिन भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा यो पुरस्कार प्रदान गरिने छ। २०८० सालको पुरस्कारको प्रदान गर्ने मिति भने आपसी सहमतिमा तय गरिने छ।

**१२) उद्देश्य**

क) नेपाली पत्रकारिताको माध्यमबाट भ्रष्टाचारविरुद्ध तथा सुशासनको पक्षमा झापा जिल्लामा रहेर उल्लेख्य योगदान पुऱ्याउने पत्रकारलाई प्रेरणा प्रोत्साहन गर्ने उद्देश्य अक्षयकोष तथा पुरस्कार समितिको हुनेछ।

**१३) भाषा/माध्यम**

क) नेपाली भाषाको माध्यमबाट गरिएको पत्रकारितामार्फत भ्रष्टाचारविरुद्ध तथा सुशासनको क्षेत्रमा टेवा पुगेको बुझ्नु पर्ने छ।

**१४) प्रतिभा (व्यक्तित्व) को छनौट मापदण्ड र प्रक्रिया**

क) झापा जिल्लामा रहेर पत्रकारितामा क्रियाशील सञ्चारकर्मी हुनु पर्नेछ।
ख) पुरस्कृत हुने सम्पादक, प्रतिनिधि, समाचारदाता, स्तम्भकार, फोटो पत्रकार, छापा वा विद्युतीय सञ्चार माध्यम (पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन) मध्येका सञ्चारकर्मी हुनुपर्नेछ।
ग) पुरस्कार समितिले आवश्यक ठानेको खण्डमा व्यक्तित्वको योग्यता सम्बन्धी प्रमाणहरु माग्न सक्नेछ।
घ) एकपटक पुरस्कृत भइसकेको व्यक्तिलाई पुनः पुरस्कृत गर्न सकिने छैन।
ङ) प्रतिभा वा व्यक्तित्व नेपाली नागरिक हुनु पर्नेछ।
च) झापा कार्य क्षेत्र बनाई विदेशी सञ्चार माध्यमसँग सम्बद्ध नेपाली पत्रकार पनि पुरस्कारका लागि छनौट हुन सक्नेछन्।
छ) नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेका पत्रकारहरु मात्र पुरस्कारका लागि छनोट हुन सक्नेछन्।
ज) नेपाल पत्रकार महासंघको आचारसंहिता उल्लंघन गरेको ठहरिएका, महासंघको सम्पत्ति तिर्न बाँकी देखिएका पत्रकार पुरस्कार पाउनका लागि योग्य ठहरिने छैनन्।
झ) पुरस्कृत हुने पत्रकार छनौटका लागि छनोट समितिले कम्तीमा १५ दिनको समयअवधि राखेर सार्वजनिक सूचना जारी गर्नुपर्नेछ। आवेदकबाट त्यसवर्ष प्रकाशन प्रशारण भएका समाचार सामग्रीका प्रमाणसहित पेश गरेको आवेदनका आधारमा उत्कृष्ट पत्रकार छनोट गर्नुपर्नेछ।
ञ) हरेक तीन वर्षमा कम्तिमा एक वर्ष पत्रकार महिलालाई पुरस्कार प्रदान गरिने छ।

**१५) कार्यविधिको व्याख्या :**
यस कार्यविधिको व्याख्या नेपाल पत्रकारका महासंघ झापा शाखाको कार्यसमितिले गर्ने छ।

**१६) दाताको अविच्छिन्न उपस्थिति र हक हस्तान्तरण :**

क) दाता वा दाताको प्रतिनिधि वा हकवालाले इच्छा गरेसम्म पुरस्कार वितरण प्रक्रियामा सहभागी गराउनु पर्ने छ।
ख)दाता वा दाताको हकवालाले अक्षय कोष र पुरस्कारसम्बन्धी आफूमा निहित अधिकारको हक नेपाल पत्रकार महासंघ झापालाई हस्तान्तरण गर्नुपर्ने छ।

**१७) पुरस्कार वितरण हुन नसक्ने अवस्था :** कुनै विपत्ति वा नियन्त्रणभन्दा बाहिरको परिस्थिति उत्पन्न भई कुनै वर्ष पुरस्कार वितरण गर्न नसकिने मनासिब अवस्थामा सो वर्षको पुरस्कारसमेत अर्को वर्ष वितरण गरिने छ। माथि जुनसुकै कुरा लेखिएको भए पनि कुनै कारणवश पुरस्कार वितरण हुन नसक्ने अवस्था आए वा पत्रकार महासंघले वितरण गर्न नचाहेमा अक्षय कोषमा भएको सम्पूर्ण रकम र त्यसको बाँकी रहेको ब्याज रकम दाता वा दाताको हकवालामा हस्तान्तरण गर्नु पर्नेछ।

**१८) शेषपछिको हक :** दाताको आधिकारिक हकवाला नै शेषपछिको हकवाला हुनेछ। यदि हकवाला पनि उपस्थित नभएमा वा यस कार्यमा सहभागी हुन नचाहेमा कोष सञ्चालन र पुरस्कार वितरणको सम्पूर्ण जिम्मेवारी नेपाल पत्रकार महासंघ झापा शाखाको हुनेछ।

**१९) पुरस्कार स्वेच्छाले फिर्ता गर्न सक्ने :** यस कार्यविधि बमोजिम प्राप्त गरेको पुरस्कार कसैले फिर्ता गर्न चाहेमा महासंघ झापामा फिर्ता बुझाउनु पर्नेछ।

**२०) बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा, अड्चन आइपरे दातासमेतको परामर्शमा नेपाल पत्रकार महासंघ झापा शाखाले बाधा फुकाउने छ।

## स्व. मनमाया-केदार बजगाँई स्मृति

# लैङ्गिक समानता पत्रकारिता पुरस्कार

## कार्यविधि- २०८०

**पृष्ठभूमि परिचय**

समानताको पक्षधर तथा विभेदमुक्त समाजका लागि घरपरिवार, गाउँटोलमा सदैव प्रेरणा प्रदान गर्नु हुने झापा बिर्तामोड- १ निवासी मनमाया बजगाँईको स्मृतिमा छोरा बुहारी विपीन (विश्वेश्वर) र विनिता (होमकला) बजगाँईद्वारा अक्षयकोषका लागि रकम प्रदान गरी " लैङ्गिक समानता पत्रकारिता पुरस्कार" नेपाल पत्रकार महासंघ झापा शाखामार्फत प्रदान गर्न यो कार्यविधि जारी गरिएको छ।

बजगाँई परिवारले माता स्व. मनमाया बजगाँईको स्मृतिमा प्रदान गरेको रकम अक्षयकोषमा राखेर त्यसको व्याजबाट हरेक वर्ष एक जना पत्रकारलाई " लैङ्गिक समानता पत्रकारिता पुस्कार" प्रदान गरिने छ। लैङ्गिक समानता हासिल गर्न समाजलाई अभिप्रेरणा दिने, समतामूलक समाज निर्माणमा भूमिका खेल्दै पैरवीयुक्त, खोजमूलक र प्रभावशाली समाचार/आलेख प्रकाशन/प्रशारण गरी पत्रकारिता गर्ने मध्येबाट एक जना पत्रकारलाई पुरस्कृत गरिने छ।

**१) नाम, पुरस्कार र सञ्चालन**

क) पुरस्कारको नाम " लैङ्गिक समानता पत्रकारिता पुस्कार" रहने छ।

ख) अक्षयकोषका लागि दाता परिवारले प्रदान गरेको २,५१०००।-(दुई लाख एकाउन्न हजार) रुपैयाँ महासंघ मातहतमा कार्यसमितिको निर्णय बमोजिम बैंक खातामा रहने छ।

ग) पुरस्कारको राशि रु.२५०००।-(पच्चीस हजार) नगद रहने छ। क्रमश यो राशिमा वृद्धि गरिने छ।

ग) अक्षयकोषका लागि हाल महासंघलाई प्रदान गरिएको रकममा आवश्यकता महशुस भए दाता परिवारबाट रकम थप गरी क्रमशः वृद्धि गर्दै लगिने छ।

घ) पुरस्कारको सञ्चालन यस कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

**२) परिभाषा :**

क) अक्षयकोष र पुरस्कारमा रहने दाताको अर्थ स्व. मनमाया बजगाँईका छोरा बुहारी विपीन (विश्वेश्वर) र विनिता (होमकला) वा उहाँहरुले तोकेको व्यक्तिलाई बुझ्नु पर्ने छ।

ख) पुरस्कारको संस्थापक स्व. मनमाया बजगाँईका छोरा बुहारी विपीन (विश्वेश्वर) र विनिता (होमकला) तथा संरक्षक एवम् सञ्चालक नेपाल पत्रकार महासंघ झापा शाखा रहने छ।

ग) यो पुरस्कार झापा जिल्लामा क्रियाशील पत्रकारलाई प्रेरणा प्रदान गर्न एक जनालाई प्रत्येक वर्ष प्रदान गरिने छ।

**३) पुरस्कार स्थापनाको औचित्यः**

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो। प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ।

नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणको अवस्था व्याप्त छ। सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिंग, अपांगता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ।

सामाजिक वञ्चितीकरणमा परेका समूहहरुमा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपांगता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ। कानूनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घरपरिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरुमा वञ्चितीकरण स्पष्ट रुपमा विद्यमान रहेको देखिन्छ।

त्यसैगरी लैङ्गिक सम्बन्धहरु नेपालका सबै सामाजिक समूहहरुमा विभेदका भिन्न-भिन्न परिमाणमा विद्यमान रहेका छन्। सबै महिलाहरुले विभेद भोगिरहेका छन्, तर वञ्चित समुदायका महिलाहरुले अरु धेरै प्रकारका विभेद भोगिरहेका छन्।

अतः पत्रकारिताको माध्यमबाट जातीय, क्षेत्रीय र लैङ्गिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा टेवा पुर्‍याउन, लैङ्गिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउन यो पुरस्कार स्थापना गरिएको हो। उक्त विषयहरु सञ्चारमाध्यममार्फत उठान गर्न, उनीहरुका आवाज बुलन्द गर्न सञ्चारकर्मीलाई प्रेरित गर्ने र यस विषयमा कलम चलाइरहेकाहरुलाई अझ हौसला प्रदान गर्न पुरस्कार प्रदान गरिने छ।

यस विषयमा सञ्चार माध्यमबाट हुने वहस, पैरवी, वकालतले महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरुको आवश्यकता र चाहनाप्रति सरोकारवालाहरुलाई अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही बनाउने छ। त्यस्तै सरोकारवालाहरुलाई हरेक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्नेछ। स्थानीय मानिस विशेषगरी महिला, बालबालिका, गरीब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरुको क्षमता विकास गरी यी वर्गहरुको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने कार्यको सुरुवात गर्न खबरदारी हुनेछ।

**४) कार्यालय**

नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यालय नै यस पुरस्कार समितिको कार्यालय हुनेछ।

**५) उद्देश्य**

क) नेपाली पत्रकारिताको माध्यमबाट

लैङ्गिक समानताको क्षेत्रमा झापा जिल्लामा रहेर उल्लेख्य योगदान पुऱ्याउने पत्रकारलाई प्रेरणा एवम् प्रोत्साहन गर्ने उद्देश्य पुरस्कार समितिको हुनेछ ।

**६) भाषा/माध्यम**

क) नेपाली भाषाको माध्यमबाट गरिएको पत्रकारितामार्फत लैङ्गिक समानता क्षेत्रमा टेवा पुगेको बुझ्नु पर्ने छ ।

**७) पुरस्कार समिति**

पुरस्कार समिति भन्नाले पुरस्कार समितिका पदाधिकारी भन्ने बुझ्नु पर्ने छ र सो पुरस्कार समितिमा देहाय अनुसारका तीन जना पदाधिकारी रहनु हुनेछ ।

क) संयोजक : नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष

ख) सदस्य : कोषका दाता तथा परिवारले तोकेको व्यक्ति

ग) सदस्य : पछिल्लो पटक पुरस्कृत प्रतिभा

**८) सदस्यको अयोग्यता, सदस्य नरहने व्यवस्था**

क) समिति वा संस्थाको हित विपरीत कार्य गरेमा वा आफू समितिमा नरहने इच्छा गरी राजीनामा दिएमा निज समितिको सदस्य रहने छैनन् ।

**९) संरक्षक**

क) अक्षयकोष तथा पुरस्कारको संरक्षक नेपाल पत्रकार महासंघ झापा शाखा रहने छ ।

**१०) प्रतिभा (व्यक्तित्व) को छनौट प्रक्रिया**

क) झापा जिल्लामा रहेर पत्रकारितामा कम्तीमा १० वर्षदेखि क्रियाशील सञ्चारकर्मी हुनु पर्नेछ ।

ख) पुरस्कृत हुने व्यक्ति सम्पादक, प्रतिनिधि, समाचारदाता, स्तम्भकार, फोटो पत्रकार, छापा वा विद्युतीय सञ्चार माध्यम (पत्रिका,,रेडियो, टेलिभिजन, अनलाइन) मध्येका सञ्चारकर्मी हुनु पर्नेछ ।

ग) पुरस्कार समितिले आवश्यक ठानेको खण्डमा व्यक्तित्वको योग्यता सम्बन्धी प्रमाणहरु माग्न सक्नेछ ।

घ) एकपटक पुरस्कृत भइसकेको व्यक्तिलाई पुनः पुरस्कृत गर्न सकिने छैन ।

ङ) प्रतिभा वा व्यक्तित्व नेपाली नागरिक हुनु पर्ने छ ।

च) नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेका पत्रकारहरु मात्र पुरस्कारका लागि छनोट हुन सक्नेछन् ।

छ) नेपाल पत्रकार महासंघको आचारसंहिता उल्लंघन गरेको ठहरिएका, महासंघको सम्पत्ति तिर्न बाँकी देखिएका पत्रकार पुरस्कार पाउनका लागि योग्य ठहरिने छैनन् ।

**११) कार्यविधिको व्याख्या :**

यस कार्यविधिको व्याख्या नेपाल पत्रकारका महासंघ झापा शाखाको कार्यसमितिले गर्ने छ ।

**१२) कार्यविधि संशोधन**

यस कार्यविधिको संशोधन गर्नु पर्ने भएमा दाता परिवारको सहमतिमा नेपाल पत्रकार महांसंघ झापा शाखाको कार्यसमितिले गर्न सक्नेछ ।

**१३) विविध :**

दाता परिवार र नेपाल पत्रकार महासंघ झापाको समितिबाट दोस्रो पटकको पुरस्कार वितरणदेखि यो कार्यविधि प्रारम्भ हुनेछ । तर पहिलोपटकको प्रतिभा छनौट दाता परिवार र महासंघका अध्यक्षले गर्नेछन् । पहिलो पटकको पुरस्कारको राशि दाता परिवारबाट छुट्टै प्रदान गरिने छ ।

**नेपाल पत्रकार महासंघ झापाको भद्रपुरस्थित भवन । उक्त भवनको भुइँतला महासंघले भाडामा लगाएको छ भने ०७९ कात्तिक २५ गते महासंघको साधारणसभाको निर्णय बमोजिम माथिल्लो तला भद्रपुर प्रेस क्लबको अगुवाईमा निर्माण गरी क्लबको कार्यालय प्रयोजनका लागि दिइएको छ ।**



नेपाल पत्रकार महासंघ झापा शाखा

# पत्रकार सहारा उपचार कोष

## कार्यविधि- २०८० (परिमार्जित)

नेपाल पत्रकार महासंघ झापा शाखाका सदस्य पत्रकारहरुको हित, संरक्षण तथा सामाजिक सुरक्षा गर्नु एवम् पत्रकारहरु दुर्घटनामा परेर घाइते भएको, दीर्घ तथा गम्भीर प्रकृतिको रोग लागेको अवस्थामा नेपाल पत्रकार महासंघ झापा शाखाले उपचारमा सहयोग गर्नुपर्ने कर्तब्यबोध गर्दै आफ्ना सदस्यको स्वास्थ्य उपचारमा सहयोग गर्नु वाञ्छनीय भएकाले नेपाल पत्रकार महासंघको विधान-२०६० (चौथो संशोधन २०७३ सहित) को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासंघ झापा शाखाले "पत्रकार सहारा उपचार कोष कार्यविधि - २०७३" लाई आवश्यक परिमार्जन र संशोधन गरी यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम 'पत्रकार सहारा उपचार कोष- २०८०' रहेको छ।

२. यो कार्यविधि २०८० साल चैत १६ गतेबाट लागू हुनेछ।

३. यो कार्यविधि पत्रकार महासंघ झापा शाखाका सम्पूर्ण सदस्यहरुमा लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१.'पत्रकार' भन्नाले नेपाल पत्रकार महासंघको विधान-२०६० (चौथो संशोधन २०७३ सहित) को दफा २ (क) बमोजिमको पत्रकार सम्झनु पर्छ। यस शब्दले पत्रकार महासंघ झापा शाखा अन्तर्गतका साधारण सदस्य र महासंघका मानार्थ सदस्यलाई जनाउँनेछ। यस शब्दले पत्रकार महासंघ झापा शाखाको कार्यालयमा कार्यरत कर्मचारी समेतलाई जनाउनेछ।

२. 'कोष' भन्नाले पत्रकार सहारा उपचार कोष सम्झनु पर्छ।

३. 'कोषको सदस्य' भन्नाले महासंघका सबै सदस्य सदस्यलाई सम्झनु पर्छ। यसअघि कोषको सदस्यताका लागि बुझाउनु पर्ने रु. ३०००।- शुल्क परिमार्जित यो कार्यविधि लागू भएपछि बुझाउनु पर्ने छैन अर्थात महासंघ झापाका सबै सदस्य स्वतः यस कोषका सदस्य हुनेछन्, महासंघका सबै सदस्यले यस कोषबाट सुविधा पाउनेछन्।

४. 'कार्यसमिति' भन्नाले नेपाल पत्रकार महासंघ झापा शाखाको कार्य समितिलाई जनाउँनेछ।

५. 'सञ्चालक समिति' भन्नाले कार्यविधिको नियम ५ अन्तर्गत गठित समितिलाई सम्झनु पर्छ।

६. 'सल्लाहकार समिति' भन्नाले कार्यविधिको नियम ९ अन्तर्गत गठित समितिलाई सम्झनु पर्छ।

७. 'परिवार' भन्नाले पत्रकारको पति/पत्नी तथा निजमाथि आश्रित आमा, बुवा, छोराछोरीलाई जनाउँछ।

**३. कोषको स्थापना र संरक्षक :**

१. 'पत्रकार सहारा उपचार कोष' को स्थापना भई सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोड शाखामा खाता खोलेर कोष सञ्चालन भएको छ। महासंघ झापा शाखाको श्रोतबाट रु.४,००००० /- चार लाख रुपैयाँ र सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड चारपानेको रु.५,०००००/- पाँच लाख सहयोगसहित रु.९,०००००/- नौ लाख रुपैयाँबाट स्थापना भएको कोषमा सहारा नेपाल साकोसको कूल रु.१३,००००० /- तेह्र लाख रुपैयाँ महासंघको स्रोत तथा दाताहरुबाट प्राप्त रकमसहित मिति २०८० चैत मसान्तसम्ममा रु. एक करोड जम्मा भएको छ।

कार्यविधिमा व्यवस्था भएबमोजिम पत्रकारको सहयोगका निमित्त यो कोषको व्याजबाट मात्र खर्च व्यहोरिने छ। कोषमा निम्नलिखित शीर्षकबाट थप रकम जम्मा गरिनेछ :-

(क) कोषमा स्वदेशी तथा विदेशी सरकार, संघ-संस्था,व्यक्तिले दिएको आर्थिक सहायता रकम।

(ख) महासंघ झापा शाखाका प्रत्येक साधारण सदस्यबाट उपचार कोषको सदस्यता बापत यसअघि प्राप्त भएको न्यूनतम् रु. ३०००/- तीन हजार रुपैयाँ र आगामी दिनमा इच्छुक पत्रकारले कोषमा प्रदान गर्ने रकम।

(ग) अन्य कुनै श्रोतबाट कोषलाई प्राप्त हुने रकम।

२. कार्यसमितिले कोषको साँवा रकम अधिकतम् व्याज प्राप्त हुने गरी सहारा नेपाल साकोसमा खाता सञ्चालन गर्ने छ।

३. कोषबाट प्राप्त हुने व्याज रकम कार्यविधिको सीमाभित्र रहेर मात्र खर्च गरिनेछ। कुनै पनि अवस्थामा साँवा रकम खर्च गर्न पाइने छैन।

४. कोषको साँवा रकम वृद्धि गर्नु कार्यसमितिको प्रमुख दायित्व हुनेछ।

५. पत्रकार सहारा उपचार कोष (अक्षयकोष) को संरक्षक सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोड र नेपाल पत्रकार महासंघ झापा शाखा रहने छ। वैंक खाता अन्यत्र सार्न पाइने छैन। वैंक खाता सार्नै पर्ने विशेष परिस्थिति आइपरे महासंघको साधारणसभाको निर्णय र संरक्षक संस्था सहारा नेपाल साकोस सञ्चालक समितिको निर्णय खाता सञ्चालन भएको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ।

**४. कोषको उद्देश्य र खर्चः**

पत्रकारको उपचारमा महासंघ झापा शाखाको कर्तव्यबोध गराउँदै पत्रकारहरुको उपचार तथा सामाजिक सुरक्षा गर्नु पत्रकार सहारा उपचार कोषको उद्देश्य हुनेछ। यस उद्देश्य बमोजिम पत्रकार सहारा उपचार कोषको व्याजबाट देहायका अवस्थामा पत्रकारलाई सहयोग पुर्‍याइने छ :

१. पत्रकारिता (सञ्चार) कर्ममा रहेका समयमा दुर्घटना भई घाइते भएका, गम्भीर तथा दीर्घ रोग लागेको अवस्थामा उपचारमा सहयोग पुर्‍याउने।

२. पत्रकारिता गर्ने क्रममा तथा कालगति वा कुनै रोगका कारण निधन भएका पत्रकारका आश्रितहरुलाई सहयोग गर्ने ।

३. कुनै आन्दोलन वा द्वन्द्वमा परी घाइते, अङ्गभङ्ग भएका पत्रकारलाई औषधि उपचार खर्चमा सहयोग पुऱ्याउने ।

४. कुनै विपत्ति, भवितब्य वा दुर्घटनामा परी घाइते, अङ्गभङ्ग हुने पत्रकारलाई सहायता उपलब्ध गराउने ।

५. पत्रकारकी श्रीमती वा सन्तानलाई गम्भीर प्रकृतिको कुनै रोग लागेर उपचार सहयोग मागेमा सहयोग गर्ने । गम्भीर प्रकृतिको रोग भन्नाले मुटु, मृगौलासम्बन्धी समस्या, क्यान्सर, एड्स, मस्तिष्क पक्षघात, दुर्घटनामा पुगेको शारीरिक क्षतिजस्ता विषय मानिने छ ।

६. कोषको साँवा रकमको बढोत्तरी र ब्याज आम्दानी थपिदैं गएसँगै पत्रकारका लागि दुर्घटना/स्वास्थ्य/जीवन विमा तथा अन्य सामाजिक सुरक्षा कार्यक्रमको योजना बनाई कार्यान्वयन गर्न सकिने छ ।

७. उपचार खर्च सहायता प्रदान गरी वचत रहेको व्याज रकम हरेक वर्ष अक्षयकोषको साँवा रकममा थप गर्नु पर्नेछ ।

**५. सञ्चालक समिति गठन :**

कोष सञ्चालन समितिमा देहायका सात जना सञ्चालक रहनेछन् :-

(क) नेपाल पत्रकार महासंघ झापा शाखाको अध्यक्ष - संयोजक

(ख) विधानअनुसार नेपाल पत्रकार महासंघ झापा शाखाका सल्लाहकार तीन जना (निवर्तमान अध्यक्ष, त्यसअघिका पूर्व अध्यक्ष र निर्वाचनमा उपविजयी अध्यक्षका उम्मेद्वार) - सदस्य

(ग) नेपाल पत्रकार महासंघ झापा शाखाका ज्येष्ठ पूर्व अध्यक्ष - सदस्य

घ) नेपाल पत्रकार महासंघ झापा शाखाका सचिव - सदस्य

(ङ) नेपाल पत्रकार महासंघ झापा शाखाका कोषाध्यक्ष- सदस्य सचिव

**६. समितिको बैठक:**

१. संयोजकले तोकेको मिति र स्थानमा सञ्चालक समितिको बैठक बस्नेछ । बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा कम्तिमा ५० प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ ।

२. कार्यसमितिसमक्ष कुनै सदस्यले दिएको राजीनामा स्वीकृत भएपछि सञ्चालक समितिको सदस्य पदबाट हट्न सक्नेछ ।

३. संयोजकको अनुपस्थितिमा निवर्तमान अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

४. सदस्य सचिवले कल्याणकोषमा प्राप्त ब्याजको विवरण तथा सहायता माग भएकाहरुको विवरण बैठक समक्ष पेश गर्नु पर्नेछ ।

५. बैठकको निर्णय कार्यान्वयनको जिम्मेवारी अध्यक्षको रहने छ ।

६. सञ्चालक समितिको निर्णय र अन्य कागजातहरु सदस्य सचिवमार्फत महासंघको कर्मचारीको जिम्मेवारीमा रहने छ ।

**७. कार्यविधि र सीमाः**

१. सामान्यतया उपचार कोषबाट सहायता पाउन, सञ्चालक समितिको नाममा महासंघ झापा शाखाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. विषयको गम्भीरता हेरी त्यस्तो निवेदनमाथि निर्णय गर्न तत्काल‍ै सञ्चालक समितिको बैठक बस्नेछ ।

३. औषधी उपचार खर्च माग गर्दा रितपूर्वक विल, चेक जाँच गरिएको पुर्जा वा अन्य कागजात समावेश हुनुपर्नेछ ।

४. औषधि र उपचार खर्चमा समितिले आवश्यकता महशुस गरे बैठकमा आवश्यकता अनुसार समितिमा चिकित्सकलाई आमन्त्रण गरी चिकित्सकको रायसमेतलाई विचार गरेर निर्णय गरिनेछ ।

५. पत्रकार उपचार कोषबाट सहायता दिने मुख्य मापदण्ड तत्काल उपलब्ध व्याज रकमको अङ्क नै हो । घाइते वा रोगी पत्रकारको अवस्थालाई क, ख, ग गरी तीन वर्गमा वर्गीकरण गरी औषधि र उपचार खर्चमा सहयोग गरिनेछ । 'क' वर्गका घाइते वा रोगीलाई अधिकतम् रु. ५०,०००/-सम्म, 'ख' वर्गका घाइते वा रोगीलाई अधिकतम् रु. ३५,०००/-सम्म र 'ग' वर्गका घाइते वा रोगीलाई अधिकतम् रु. २५,०००/-सम्म सहयोग गरिनेछ ।

६. दुर्घटनामा परेर पत्रकार अङ्गभङ्ग भई काम गर्न नसक्ने अवस्था भएमा त्यस्ता पत्रकारको पारिवारिक अवस्था हेरी सञ्चालक समितिले कार्य समितिलाई थप सहयोगका लागि बिशेष सिफारिस गर्न सक्नेछ । कार्य समितिले अनुमोदन गरेपछिमात्र त्यस्तो सहयोग उपलब्ध हुनेछ । कार्यसमितिले कार्यविधिले तोकेको रकमको सीमामा अवस्था हेरी अधिकतम् थप २५ हजार मात्र दिनसक्नेछ ।

७. कुनै पनि समस्यामा बीमा र तेस्रो पक्षले भुक्तानी गर्ने अवस्थामा भने कार्यविधिको सीमाभित्र रहेर मात्र सहयोग गरिने छ ।

८. उपचार कोषबाट कुनै पत्रकारलाई एउटा समस्यामा समान्यतया एक पटकमात्र सहयोग उपलब्ध गराइनेछ । औषधि तथा उपचार खर्चमा सामान्यतया दुई वर्षमा एक पटक मात्र सहयोग प्राप्त हुनेछ । तर, कुनै पत्रकार घाइते वा रोगी भए रोगको गाम्भीर्यता र आर्थिक अवस्था हेरी सञ्चालक समितिले कार्य समितिलाई सहयोगको लागि सिफरिस गर्न सक्नेछ । कार्यसमितिले सिफारिस तथा अनुमोदन गरे दुई बर्ष अघि पनि सहयोग प्राप्त गर्न कुनै रोकावट हुने छैन ।

९. पत्रकारिता कर्म गर्दागर्दै दुर्घटना, द्वन्द्व ,आन्दोलनमा परी वा बिरामी भई वा कालगतिले महासंघका सदस्य कुनै पत्रकारको मृत्यु हुनगएमा आश्रित परिवारलाई परिवारको अवस्था हेरी अधिकतम् एक लाख रुपैयाँसम्म आर्थिक सहयोग दिन सकिनेछ ।

१०. गम्भीर प्रकृतिको रोग लागेको वा दुर्घटनामा परेर कुनै बिरामी पत्रकारको स्वेदशमा उपचार हुन नसक्ने अवस्था भएको प्रमाणित भएमा त्यस्ता विरामीलाई एकमुष्ट ५० हजारसम्म सहयोग गर्न सकिनेछ ।

११. कुनै पत्रकारको मृत्यु भएपछि निजका नजिकका आश्रित परिवार पनि नरहेको अवस्थामा त्यस्ता पत्रकारको काजकिरिया खर्च महासंघले कोषको व्याज रकमबाट अधिकतम् ३० हजार व्यहोर्नेछ ।

१२.आर्थिक अवस्था कमजोर रहेको तथा कुनै समस्याले ग्रसीत भइ कुनै पत्रकार वा लामो समय पत्रकारितामा व्यतित गरेर अवकासमा रहेकाले निवेदन दिएमा सञ्चालक समितिले अधिकतम् रु. २५ हजारको सीमाभित्र आर्थिक सहयोगको दिन सक्नेछ ।

१३. गर्भवती महिला पत्रकारले आफ्नो उपचारको लागि वा सुत्केरी भएको अवस्थामा माग गरेको खण्डमा अधिकतम् रु. २५ हजारसम्म रुपैयाँ तत्कालै उपलब्ध गराइनेछ । तर यो रकम महिला पत्रकारको हकमा वढीमा दुई पटकसम्म उपलब्ध गराइनेछ ।

१४. पत्रकार महासंघका सदस्यको परिवारमा हुने मरिमराउमा समवेदना पत्रसहित सरहेबापत रु.११ हजार नगद प्रदान गरिने छ। सरहेबापत नगद प्रदानका लागि परिवार भन्नाले पत्रकार महासंघका सदस्यका बुवा, आमा, श्रीमती र छोरा छोरी मात्र बुझिने छ।

१५. पत्रकार महासंघका सदस्य बिमारी भई स्वास्थ्यलाभको कामना गर्न जाँदा (उपचार खर्च दिनु नपर्ने अवस्थामा) अधिकतम् रु.३५०० सम्मको पौष्टिक खानेकुरा उपलब्ध गराइने छ।

१६. पत्रकारको श्रीमती वा सन्तानलाई गम्भीर प्रकृतिको कुनै रोग लागेर उपचार सहयोग मागेमा सहयोग गर्ने। यो सहयोगको सीमा अधिकतम १५ हजार रुपैयाँ मात्र हुनेछ।

१७. पत्रकार महासंघको सदस्य नरहेका तर पत्रकारितामा क्रियाशील कोही पत्रकारलाई गम्भीर प्रकृतिको कुनै रोग लागेर उपचार सहयोग मागेमा सहयोग गर्ने। यो सहयोगको सीमा अधिकतम् १५ हजार रुपैयाँ मात्र हुनेछ।

१८. झापा बाहिरको हकमा पेशामा क्रियाशील विभिन्न जिल्लाका पत्रकारहरुमध्ये गम्भीर प्रकृतिको दुर्घटनामा परेको,गम्भीर रोग लागेर उपचार गर्नु पर्ने अवस्थामा महासंघ केन्द्र, प्रदेश तथा जिल्ला शाखाहरुले सहयोगका लागि सार्वजनिक अपिल गरेको अवस्थामा अधिकतम् १५ हजार रुपैयाँ सहयोग उपलब्ध गराउने । यस्तो सहयोग वर्षमा अधिकतम् पाँच जनालाई मात्र गर्न सकिने छ।

१९. कुनै पत्रकारलाई तत्कालै सहयोग पठाउनुपर्ने अवस्था आएको तर सञ्चालक समितिको बैठक सम्भव नरहेको खण्डमा समितिको सदस्य सचिवले संयोजक तथा सदस्यहरुसँगको परामर्शमा विवेकपूर्ण निर्णय लिनसक्नेछन्। तर, त्यसलाई तत्कालै समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ।

२०. पत्रकार सहारा उपचार कोषकै प्रयोजनका लागि प्रकाशन, कर्मचारी, बैठक सञ्चालन, अन्तरक्रिया खर्च वा अन्य साधारण तथा प्रशासनिक खर्च वार्षिक रुपमा प्राप्त कूल ब्याजको ५ प्रतिशतको सीमाभित्र रहेर खर्च गर्न सकिने छ। कुनै पनि परिस्थितिमा यो सीमाभन्दा बढी रकम खर्च गर्न पाइने छैन।

२१. उपचार कोषबाट वितरण गरिएको सहयोग रकमबारे त्यसपछि बस्ने कार्य समितिको बैठकमा प्रस्तुत गरिनेछ। कार्यसमितिको बैठकले अनुमोदन गरेपछि त्यो विवरण महासंघको अभिलेखमा राखी सूचना सार्वजनिक गरिनेछ।

**८. घाइते वा रोगी पत्रकारको वर्गीकरणः**

१.'क' वर्गमाः समाचार संकलनका क्रममा दुर्घटनामा परी अङ्गभङ्ग भएका, अन्य दुर्घटनामा परी अङ्गभङ्ग भई अपाङ्ग हुने अवस्थाका तथा मृगौला, मुटु, क्यान्सर, लिभर, मष्तिस्कघात, पक्षघात सम्बन्धी रोग लागी चिन्ताजनक अवस्था भएका, आर्थिक अवस्था कमजोर भएका पूर्णकालीन रुपमा पत्रकारितामा क्रियाशील पत्रकार।

२. 'ख' वर्गमाः समाचार संकलनको क्रममा दुर्घटनामा परी गम्भीर घाइते, अन्य दुर्घटनामा परी अङ्गभङ्ग भई निको हुने अवस्थाका तथा मृगौला, मुटु, क्यान्सर, लिवर, मष्तिस्क घात, पक्षघात सम्बन्धी रोग लागी निको हुने अवस्थाका पूर्णकालीन पत्रकारितामा क्रियाशील पत्रकार।

३.'ग' वर्गमाः कुनै पनि दुर्घटनामा परेका, गम्भीर बिरामी भएका आर्थिक अवस्था कमजोर भएका पत्रकार।

४. महासंघको साधारण सदस्य रहेका तर एक बर्षभन्दा बढी समयदेखि पूर्णकालीन रुपमा पत्रकारितामा सक्रिय नभएका सदस्यका हकमा नियम ८ को क र ख वर्गको घाइते वा रोगी भएपनि ग वर्गको उपचार सहयोग उपलब्ध गराइनेछ।

**९. ज्येष्ठ पत्रकार वृत्ति**

ज्येष्ठ पत्रकारहरुलाई औषधि सेवन तथा पौष्टिक खाद्यान्नमा सहयोग पुर्‍याउन वार्षिक रुपमा एकमुष्ट रकम सहयोग गरिने छ। यसको वितरण २०८० सालबाटै गरिने छ।

क) ६५ देखि ७५ वर्ष उमेर समूहका ज्येष्ठ पत्रकारलाई वार्षिक रु.१५,०००।- प्रदान गरिने छ।

ख) ७६ वर्ष भन्दा बढी उमेर समूहका ज्येष्ठ पत्रकारलाई वार्षिक रु.२०,०००।- प्रदान गरिने छ।

**१०. सल्लाहकार समिति**

यस कोषको सल्लाहकार समितिमा देहायका सल्लाहकार रहनेछन्ः

शाखाका पूर्व अध्यक्षहरु, झापा शाखाको सदस्य भई निर्वाचित पूर्व तथा वर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु र झापा शाखाको सदस्य भई निर्वाचित प्रदेश समितिका वर्तमान पदाधिकारी तथा सदस्यहरु। सल्लाहकार समितिको संयोजकमा शाखाका पूर्व अध्यक्षहरुमध्ये सिनियर पूर्व अध्यक्ष रहनेछन्। सञ्चालक समितिले बढीमा चार महिनाभित्र वा आवश्यकता बमोजिम सल्लाहकार समितिको वैठक बोलाउने छ।

**११. सहयोग रकम स्वेच्छाले फिर्ता गर्न सक्ने :**

यस कार्यविधि बमोजिम महासंघका सदस्य तथा परिवारले प्राप्त गरेको सहयोग रकम कसैले स्वेच्छाले फिर्ता गर्न चाहेमा महासंघ झापामा फिर्ता बुझाउनु पर्नेछ। महासंघको कार्यसमितिले उक्त रकम पत्रकार सहारा उपचार कोषको अक्षयकोष खातामा जम्मा गर्नुपर्नेछ।

**१२. विविधः**

१. उपचार कोषको वृद्धिसँगै सहयोग राशिमा वृद्धि गरिनेछ। सहयोग राशि वृद्धि गर्न कार्यविधि संशोधन गरेर मात्र लागू गर्न सकिनेछ।

२. यस कार्यविधिको प्रयोजनको लागि गर्नुपर्ने आवश्यक पत्राचार वा कुनै आदेश निर्देशनको कार्यान्वयन गर्ने जिम्मेवारी महासंघका अध्यक्षको हुनेछ।

३. यो कार्यविधिको दफा ३ को उपदफा ३ बाहेकका अन्य दफाहरुको संशोधन सञ्चालक समितिको सिफारिसमा कार्यसमितिले गर्नसक्नेछ। यसरी गरिएको संशोधन लगत्तै बस्ने साधारणसभा वा जिल्ला अधिवेशनबाट पारित गरिनुपर्छ। तर दफा ३ को उपदफा ३ जस्तोसुकै परिस्थितिमा पनि संशोधन हुने छैन।

४. महासंघ झापा शाखाबाट सहयोग लिने पत्रकारलाई महासंघ केन्द्रीय समिति वा प्रेस काउन्सिल लगायतका संस्थाबाट सहयोग लिन, बीमा दाबी रकम लिन कुनै बाधा पुग्ने छैन।

५. नेपाल पत्रकार महासंघ झापा शाखाका सबै सदस्यले यस उपचार कोषको सुविधा पाउन अनुरोध गर्न सक्नेछन्। तर, महासंघ कर्मचारीको हकमा सदस्य नभए पनि प्राप्त निवेदन र प्रमाणको मूल्यांकन गरी उपचार कोष सञ्चालक समितिले निर्णय गरी कर्मचारीलाई सहायता दिन सकिनेछ।

६. कोषको रकम दुरुपयोग भएको शंका लागेमा कार्य समितिले आफैँ वा समिति बनाएर आवश्यक छानबिन गर्नसक्नेछ। र, यस्तो छानबिन सम्बन्धी प्रतिवेदन साधारणसभा वा जिल्ला अधिवेशनमा प्रस्तुत गर्नुपर्नेछ।

# पत्रकार आचारसंहिता- २०७३

## (पहिलो संशोधन २०७६)

**प्रस्तावना**

विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य-मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवम् उत्तरदायी बनाई राष्ट्र र समाजको सर्वोत्तम हितका लागि सबै सञ्चारमाध्यम र पत्रकारलाई लागू हुने गरी प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले यो आचारसंहिता-२०७३ जारी गरेको छ।

**प्रारम्भिक**

**१. नाम, प्रारम्भ र विस्तार :**

(१) यस आचारसंहिताको नाम पत्रकार आचारसंहिता, २०७३ रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त लागूहुने छ।

(३) यो आचारसंहिता सबैप्रकारका सञ्चारमाध्यम र पत्रकारलाई लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(१) 'अनलाइन सञ्चारमाध्यम' भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गर्दै इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोगमार्फत समाचारमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रशारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनुपर्छ।

(२) 'अनुगमन उपसमिति' भन्नाले पत्रकार आचारसंहिता अनुगमन उपसमिति सम्झनुपर्दछ।

(३) **'ऐन'** भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनुपर्छ।

(४) **'काउन्सिल'** भन्नाले प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ।

(५) **'तोकिए बमोजिम'** भन्नाले काउन्सिलबाट तोकिएको वा तोकिए बमोजिमको निर्देशिका, कार्यविधि समेत सम्झनुपर्छ।

(६) 'पत्रकार' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन,



व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्ति समेतलाई सम्झनु पर्दछ।

(७) 'छापासञ्चारमाध्यम' भन्नाले समाचार तथा विचार प्रकाशन गर्ने पत्रपत्रिकालाई सम्झनु पर्छ।

(८) 'प्रशारण' भन्नाले, इन्क्रीप्ट (encrypt) गरिएको वा नगरिएको, सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका जनताले जानकारी पाउन सक्ने गरी पठाइने श्रव्य वा दृष्य, श्रव्यदृष्य, कार्यक्रम, डाटा वा सूचनालाई रेडियो फ्रिक्वेन्सी, इण्टरनेट प्रोटोकल वा अन्य विद्युतीय वा विद्युत् प्रकाशीय (optical) माध्यमबाट गरिने प्रशारण सम्झनुपर्छ।

(९) 'बैठक' भन्नाले आचारसंहिता अनुगमन उपसमिति (छापा र विद्युतीय) का बैठक सम्झनुपर्छ र सो शब्दले अनुगमन उपसमितिद्वारा गठन हुने कार्यदलको बैठक समेतलाई जनाउँछ।

(१०) **'व्यवस्थापक'** भन्नाले कुनै सञ्चार प्रतिष्ठानको कार्यसञ्चालनमा अन्तिम निर्णय गर्ने अधिकारप्राप्त व्यक्ति सम्झनुपर्छ।

(११) **'सञ्चारमाध्यम'** भन्नाले नेपालमा सञ्चालित छापामाध्यम, रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम र समाचार एजेन्सीलाई सम्झनुपर्छ। (१२) 'सदस्य' भन्नाले प्रेस काउन्सिल नेपालका सदस्य सम्झनु पर्दछ। सो शब्दले पत्रकार आचारसंहिता अनुगमन उपसमितिका सदस्यसमेतलाई बुझाउनेछ।

(१३) 'सम्पादक' भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनुपर्छ।

(१४) 'समाचार समिति' भन्नाले व्यापारिक वा सेवाको उद्देश्यसहित समाचार सङ्कलन, उत्पादन, प्रशोधन, प्रशारण प्रयोजनका साथ संगठित समाचार वितरक संस्था सम्झनुपर्छ।

(१५) 'संयोजक' भन्नाले आचारसंहिता अनुगमन उपसमितिको संयोजक सम्झनुपर्दछ। ३. व्याख्या गर्ने अधिकार : यस आचारसंहिताको

व्याख्या गर्ने अन्तिम अधिकार काउन्सिलमा रहनेछ।

३. **व्याख्या गर्ने अधिकार :** यस आचारसंहिताको व्याख्या गर्ने अन्तिम अधिकार काउन्सिलमा रहनेछ।

## पत्रकार र सञ्चारमाध्यमको कर्तव्य

४. **पत्रकार र सञ्चारमाध्यमले देहाय अनुसार कर्तव्य पालना गर्नुपर्दछ :**

**(१) प्रेस स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन :** पत्रकार तथा सञ्चारमाध्यमले नागरिकको आधारभूत अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनका निम्ति सदैव सत्य-तथ्य सूचना प्रवाह गर्नुपर्दछ।

**(२) मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र र लिखतहरूले प्रत्याभूत गरेका अधिकार, सिद्धान्त र मान्यताहरूको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, स्वतन्त्रता, समावेशिता, मानवीयता, शान्ति तथा अन्तर्राष्ट्रिय समभ्फदारी र मित्रराष्ट्रहरूबीच भाइचाराको संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले नागरिकको सुसूचित हुन पाउने अधिकारको रक्षा र प्रचलनका लागि सदैव सक्रिय एवम् समर्पित रहनुपर्दछ।

**(३) पेशागत मर्यादा तथा व्यवहार :** (१) पत्रकार तथा सञ्चारमाध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्ट रूपमा गर्नुपर्दछ।

(३) पत्रकार तथा सञ्चारमाध्यमले पेशागत अभ्यासमा सामाजिक शिष्टता र पाठक, श्रोता वा दर्शकको मर्यादाको सम्मान गरी शिष्ट एवम् मर्यादित भाषा र कार्यशैलीको प्रयोग गर्नुपर्दछ।

**(४) सामाजिक दायित्व :** पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग, समुदाय, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक, लोपोन्मुख समुदायकोउत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्दछ।

**(५) सम्पादकीय स्वतन्त्रताको सम्मान :**

(१) समाचार सङ्कलन, सम्पादन वा उत्पादन, प्रस्तुति तथा सम्प्रेषण सम्बन्धी अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहीत हुनेछ। सम्पादकीय स्वतन्त्रताको यही सर्बमान्य सिद्धान्त बमोजिम सञ्चारमाध्यम र पत्रकारले कुनै प्रकारको दबाब र प्रभावबाट मुक्त रही स्वतन्त्रतापूर्वक सूचना सङ्कलन र समाचार, विचार तथा टिप्पणीको प्रकाशन-प्रशारण गर्नुपर्दछ।

(२) सम्पादकीय स्वतन्त्रताको सिद्धान्तलाई आत्मसात् गरी सञ्चारमाध्यमका सञ्चालक र व्यवस्थापकले समाचार सङ्कलन, सम्पादन, प्रस्तुति र सम्प्रेषणमा कुनै प्रकारको हस्तक्षेप वा प्रभाव नपारी सम्पादकीय स्वतन्त्रताको उच्च सम्मान, संरक्षण र सम्बर्द्धन गर्नुपर्दछ।

**(६) सत्य-तथ्य र सन्तुलित सूचना सम्प्रेषण :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले सत्य-तथ्य र सन्तुलित समाचार सामग्री सम्प्रेषण गर्नुपर्दछ। यसरी सम्प्रेषण गर्दा सम्बन्धित पक्षको भनाइलाई उचित स्थान दिनु पर्दछ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले सामाजिक सञ्जालमार्फत् प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारीहरू सत्य तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनु पर्दछ।

(३) सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरूले प्रकाशन गरेको जानकारी वा विचार/कमेन्टहरूलाई शेयर वा रिट्विट गरी पुनः प्रकाशन गर्दा पत्रकार तथा सञ्चारमाध्यमले आफूले प्रकाशन गरेसरह तथ्य जाँच गरी निष्पक्षतालाई समेत ख्याल गरी सम्प्रेषण गर्नुपर्दछ।

**(७) समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले पाठक, श्रोता वा दर्शक मा भ्रम वा संशय उत्पन्न नहुने गरी समाचार, लेख, विचार र प्रायोजित सामग्री वा विज्ञापनबीच स्पष्ट अन्तर हुनेगरी सम्प्रेषण गर्नु/गराउनुपर्दछ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले विज्ञापनलाई विज्ञापन कै रुपमा र समाचारलाई समाचारकै रुपमा प्रस्तुत गर्नुपर्दछ।

(३) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने तथा आधिकारिकता पुष्टि हुने गरी विज्ञापन प्रकाशन वा प्रशारण गर्नुपर्दछ।

**(८) गोप्य स्रोतको संरक्षण :**

(१) समाचारको विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ। स्रोत उल्लेख गर्दा स्रोतलाई गम्भीर क्षति हुने देखिएमा स्रोतको नाम वा पहिचान गोप्य राखी संरक्षण गर्नुपर्दछ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले अन्य सञ्चारमाध्यमबाट प्रकाशित वा प्रशारित सामग्री उपयोग गर्दा अनिवार्य रुपमा मूल स्रोत उद्धृत गरी पुनः प्रकाशन, प्रशारण वा वितरण गर्नुपर्दछ। यसरी पुनः प्रकाशन, प्रशारण वा वितरण गर्दा सहमति वा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको भएमा मूलस्रोतसँग सहमति लिएरमात्र प्रकाशन प्रशारण गर्नुपर्दछ।

**(९) गोपनीयताको हकको सम्मान :** पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको गोपनीयताको हकको सम्मान गर्नुपर्दछ। तर सावर्जनिक हितमा त्यस्तो सूचना वा सामग्री सम्प्रेषण भएमा गोपनीयताको हकको सम्मान प्रतिकूल भएको मानिनेछैन।

**(१०) भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता :** पत्रकार तथा सञ्चारमाध्यमलेकुनैपनि प्रायोजित भ्रमण तथा लेखनवृत्ति ग्रहण गरी तयार पारिएका सामग्रीको प्रायोजन वा वृत्ति लिइएको बारेमा सोही सामग्रीमा स्पष्ट खुल्ने गरी प्रकाशन वा प्रशारण गर्नुपर्दछ।

**(११) राष्ट्रिय विपद्मा संयम :** पत्रकार तथा सञ्चारमाध्यमले प्राकृतिक विपद्, विशेष संवेदनशील अवस्था वा घटनाका सम्बन्धमा समाचार सामग्री सङ्कलन र सम्प्रेषण गर्दा संयमित भई व्यक्तिको जीवनमाथिको खतरा, मानवीय संवदेना, सार्वजनिक सुरक्षा, जनस्वास्थ्य, सामाजिक सद्भावजस्ता विषयमा विशेष संवदनशीलता र सतर्कता अपनाउनुपर्दछ।

**(१२) मत सर्वेक्षणमा सतर्कता :** पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि मत सर्वेक्षण वा अनुसन्धानमूलक सामग्रीको समाचार वा समाचारमूलक सामग्री तयार पार्दा अनुसन्धानको विधि उल्लेख गर्नुपर्दछ। यस्तो मत सर्वेक्षण गर्दा सर्वक्षिणकोप्रायोजक, औचित्य र पृष्ठभूमिजस्ता विषय खुलाई प्रस्तुत गर्नुपर्दछ।

**(१३) अन्तर्वार्तामा सजगता:** पत्रकारले अन्तर्वार्ता दिने व्यक्तिलाई निजका भनाइहरू कुन सन्दर्भ, माध्यम र प्रयोजनका निम्ति प्रयोग गरिनेछ भन्ने विषयको पूर्व जानकारी दिएर शिष्ट एवम् सम्मानजनक रुपमा अन्तर्वार्ता लिनु पर्दछ।

**(१४) गल्ती सच्याउन तत्परता :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले समाचार तथा विज्ञापन सम्प्रेषण गर्दा सावर्ज निक सरोकार र संवेदनशीलतालाई सदैव ख्याल गर्नुपर्दछ। त्यस्ता सामग्रीको सत्यतामाथि प्रश्न उठ्नासाथ अनुसन्धान गर्नु, त्रुटी एवम् गल्ती भएको जानकारी हुनासाथ यथाशीघ्र सच्याउनु तथा प्रकाशित वा प्रशारित सामग्री असत्य हो भन्ने सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट

भाषामा उचित स्थान दिइ प्रकाशन वा प्रशारण गर्नुपर्दछ।

(२) सामान्यतः कुनै एउटा सञ्चारमाध्यमबाट प्रकाशित वा प्रशारित समाचारको खण्डन पीडित पक्षले सोही सञ्चारमाध्यममार्फत गर्नुपर्दछ। तर, सार्वजनिक स्वास्थ्य र सुरक्षा जस्ता संवेदनशील विषयमा तत्काल गम्भीर असर पार्ने अवस्थामा भने अन्य सञ्चारमाध्यममार्फत् खण्डन, टिप्पणी वा स्पष्ट गर्न सकिनेछ।

## पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने

**५. पत्रकार र सञ्चारमाध्यमले देहाय अनुसार कार्यहरू गर्नुहुँदैन:**

**(१) सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने :**

पत्रकार तथा सञ्चारमाध्यमले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनताविरूद्ध एवम् विभिन्न जात-जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबीचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नुहुँदैन।

**(२) भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी समाचार सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नुहुँदैन।

(२) पत्रकार तथा सञ्चारमाध्यमले त्रसित पार्ने, धम्क्याउने, अनुचित आर्थिक फाइदा उठाउने, व्यक्तिगत स्वार्थपूर्ति गर्ने र कसैलाई अनुचित लाभ वा हानी पुऱ्याउने नियत राखी पत्रकारिताको पेशागत मर्यादा प्रतिकूल कार्य गर्नुहुँदैन।

(३) पत्रकार परिचयपत्र वा प्रेस प्रतिनिधि प्रमाणपत्र वा सञ्चारमाध्यमको अनुमतिपत्रलाई व्यक्तिगत स्वार्थ वा अवाञ्छित काममा प्रयोग गर्नुहुँदैन।

(४) पत्रकार तथा सञ्चारमाध्यमले संघ, प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध र सामाजिक सद्भावमा गम्भीर असर पार्ने गरी समाचार सम्प्रेषण गर्नुहुँदैन।

**(३) हिंसा, आतंक, अश्लीलता र अपराधलाई प्रश्रय हुने :** पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, आतंक र अपराधलाई प्रश्रय हुनेवा आत्महत्या गर्न उक्साउने, अश्लील, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नुहुँदैन।

**(४) पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सचूनाको सम्प्रेषण :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेका व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदे नशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, चित्र, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नुहुँदैन।

(२) पत्रकार तथा सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवताविरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नुहुँदैन। त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको सचेत स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको समेत नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनुहुँदैन।

**(५) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रशारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम असान्दर्भिक रूपमा जोडी कसैको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नुहुँदैन।

(२) यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको समेत स्वीकृति र प्रभावको मूल्यांकन विना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृश्य उत्पादन, वितरण वा प्रकाशन-प्रशारण गर्नुहुँदैन।

**(६) बिभत्स दृश्य र तस्वीर प्रकाशन वा प्रशारण :** पत्रकार तथा सञ्चारमाध्यमले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका साथै हत्या, आत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सृजित नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवम् तस्वीरहरू सम्प्रेषण गर्नुहुँदैन।

**(७) फोटो तथा दृश्यको गलत प्रयोग :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै टिप्पणी वा स्पष्टता बिना तस्वीर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने वा असान्दर्भिक हुने गरी सामग्री प्रकाशन वा प्रशारण गर्नुहुँदैन।

(२) पत्रकार तथा सञ्चारमाध्यमले साजसज्जाका क्रममा वास्तविकताभन्दा अलग देखिने गरी नक्कली वा बनावटी किसिमले अलग-अलग फोटोहरू मिलाउन, छाँटकाँट वा तोडमोड गर्नहुँदैन। मोडलिङ वा अभिनय वा रेखाचित्र वा कोलाज गररे कुनै फोटो वा दृश्य तयार गरिएको खण्डमा पाठक, दर्शक वा श्रोता नझुक्किने गरी सो कुरा स्पष्ट उल्लेख गर्नुपर्दछ।

**(८) पोस्ट डिलिटः**

(१) अनलाइन सञ्चारमाध्यमले सामग्री सम्प्रेषण गर्दा पहिले नै राखिएको जस्तो देखाउने गरी पुरानो मिति र समय उल्लेख गर्न र एकपटक प्रकाशित सामग्री प्रकाशन पश्चात् हटाउन (Post Delete गर्न) हुँदैन। तर असावधानीवश पोस्ट हुन गएका गम्भीर क्षति पुऱ्याउने खालका सामग्री हटाउँदा त्यस्तो सामग्रीको प्रकृति खुलाई क्षमायाचना गर्नुपर्दछ।

(२) प्रकाशित सामग्रीमा प्राप्त हुने असान्दर्भिक, अमर्यादित, अश्लील टिप्पणी वा सामग्रीलाई स्थान दिनुहुँदैन। सम्प्रेषण भएका टिप्पणी वा प्रतिक्रियाको जिम्मेवारी सम्बन्धित सञ्चारमाध्यमको हुनेछ।

**(९) अनुचित दबाब वा सम्बन्ध :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि सामग्री सङ्कलन वा सम्प्रेषण गर्दा अनुचित प्रभाव पार्न खोज्ने विज्ञापनदाता, प्रायोजक, समाचारका स्रोत, व्यक्ति वा समूह कसैको पनि प्रत्यक्ष वा परोक्ष दबाब वा प्रलोभनमा पर्नुहुँदैन।

(२) पत्रकार तथा सञ्चारमाध्यमले समाचार स्रोतसँग पेशागत मर्यादा विपरीत सम्बन्ध राख्न एवम् व्यक्ति वा संस्थाको निहित स्वार्थपूर्तिका लागि सञ्चारमाध्यमको दुरूपयोग गर्नुहुँदैन।

**(१०) प्रविधिको अदश्य प्रयोग :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि प्रविधिको अदृश्यरूपमा प्रयोग गर्नुहुँदैन।

(२) उपदफा (१) बमोजिम सार्वजनिक हितका लागि प्रविधिको गोप्यरूपमा प्रयोग गर्नुपरेमा त्यसरी सङ्कलित सामग्री प्रस्तुत गर्दा पाठक, श्रोता वा दशर्क लाई जानकारी दिनुपर्दछ।

**(११) न्याय निरूपणमा प्रभाव :** पत्रकार तथा सञ्चारमाध्यमले न्यायिक निकायमा विचाराधीन मुद्दाको स्वच्छ सुनुवाइ प्रक्रिया वा निर्णयमा प्रतिकूल असर पार्ने गरी कुनै पनि सामग्री सम्प्रेषण गर्नुहुँदैन।

**(१२) पेशागत मर्यादाविपरीत उपहार तथा पुरस्कार ग्रहण :** (१) पत्रकार तथा

सञ्चारमाध्यमले पेशागत मर्यादा तथा दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकाय, व्यापारिक प्रतिष्ठान, संघसंस्था वा व्यक्तिबाट कुनै पनि प्रकारका उपहार वा विशेष सुविधा लिनुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले पेशागत मर्यादा, व्यावसायिकता र दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै प्रकारका पुरस्कार वा सम्मान ग्रहण गर्नुहुँदैन ।

**(१३) मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर :**

(१) पत्रकार तथा सञ्चारमाध्यमले अशक्त, असहाय, अल्पसङ्ख्यक, महिला तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका सम्बन्धी सामग्री सङ्कलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरू गर्नुहुँदैन ।

**१४) जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना :** पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको स्वास्थ्य, महामारी लगायत जनस्वास्थ्यसँग सरोकार भएका विषय सम्बन्धी सामग्री पाठक, श्रोता वा दर्शकमा उत्तेजना वा निराशा उत्पन्न हुने गरी अतिरञ्जित तवरमा सम्प्रेषण गर्नुहुँदैन ।

## उजुरी र कारबाही

**६. उजुरी र कारबाही सम्बन्धी व्यवस्था :**

(१) कुनै पत्रकार वा सञ्चारमाध्यमले यो आचारसंहिता उल्लङ्घन गरेमा सोसम्बन्धी उजुरी तथा कारबाही प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) कुनै सञ्चारमाध्यममा प्रकाशित/प्रशारित समाचार सामग्री तथ्यहीन, भ्रामक र असन्तुलित भएको लागेमा सोबाट असर पर्ने व्यक्ति, समुदाय वा संस्थाले सम्बन्धित सञ्चारमाध्यममा आफ् नो प्रतिक्रिया वा खण्डन पठाउन सक्नेछ। प्रतिक्रिया वा खण्डन बुँदागत रुपमा स्पष्ट, संक्षिप्त, तथ्यपरक, शिष्ट र मर्यादित हुनुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्रतिक्रिया वा खण्डन प्राप्त भएपछि त्यसलाई उचित स्थान दिई यथाशीघ्र प्रकाशन वा प्रशारण गर्नु सम्बन्धित सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(ग) खण्ड (ख) बमोजिम सम्बन्धित सञ्चारमाध्यमले प्रतिक्रिया वा खण्डन प्रकाशन वा प्रशारण नगरेमा वा चित्तबुझ् दो जवाफ नदिएमा मर्का पर्ने पक्षले पैंतीस दिनभित्र काउन्सिलमा उजुर गर्न सक्नेछ। म्यादभित्र उजुर गर्न नसकेको मुनासिब कारणसहित उजुर गरेमा काउन्सिलले म्याद नाघेपछि पनि त्यस्तो उजुरी लिन सक्नेछ।

(२) उपदफा (१) (ग) बमोजिमको उजुरीमा देहाय बमोजिमको विवरण र प्रमाण संलग्न गर्नुपर्नेछ :-

(क) प्रकाशित वा प्रशारित सामग्रीको प्रतिलिपि तर, उजुरीकर्ताले त्यस्तो विवरण संलग्न गर्न सम्भव नभएको ब्यहोरा उल्लेख गरी दिएको उजुरी मुनासिब देखिए काउन्सिल आफैंले सम्बन्धित सञ्चारमाध्यमसँग अभिलेख झिकाई वा काउन्सिलमा रहेको अभिलेखका आधारमा सुनुवाइ गर्न सक्नेछ।

(ख) त्यस्तो सामग्रीबाट हुन गएको आचारसंहिता उल्लङ्घन वा पर्न गएको नकारात्मक प्रभावको विवरण

(ग) सम्बन्धित सञ्चारमाध्यम समक्ष दिएको प्रतिक्रिया वा खण्डनको प्रतिलिपि

(घ) सम्बन्धित सञ्चारमाध्यमले त्यस सम्बन्धमा कुनैजवाफ दिएको रहेछ भनेत्यसको विवरण

(ङ) सम्बद्ध अन्य सामग्री वा विवरण ।

(३) उपदफा (१)(क) (ख) मा जनुसुकै कुरा लेखिएको भए तापनि अविलम्ब खण्डन प्रकाशित नहुँदा आफूलाई अपूरणीय क्षति पुग्ने भनी मर्का परेको पक्ष वा सरोकारवालाले खण्डनसहित प्रेस काउन्सिलमा निवेदन दिएमा काउन्सिलले सो खण्डन प्रकाशन वा प्रशारणका लागि सम्बन्धित सञ्चारमाध्यममा पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिक्रिया वा खण्डन प्राप्त भएपछि त्यसलाई उचित स्थान दिई यथाशीघ्र प्रकाशन वा प्रशारण गर्नु सम्बन्धित सञ्चारमाध्यमको कर्तव्य हुनेछ। खण्डन प्रकाशन गर्न नसकिने कारण भए सम्बन्धित सञ्चारमाध्यमले आधार र कारणसहित सात दिनभित्र काउन्सिलमा जवाफ दिनुपर्नेछ। जवाफ चित्तबुझ्दो नलागेमा सम्बन्धित सञ्चारमाध्यमलाई खण्डन प्रकाशन, प्रशारण गर्न काउन्सिलले निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित सञ्चारमाध्यमले प्रतिक्रिया वा खण्डन प्रकाशन वा प्रशारण नगरेमा वा चित्तबुझ्दो जवाफ नदिएमा यो आचारसंहिता अनुसार काउन्सिलले कारबाही गर्न सक्नेछ।

(६) उपदफा (१), (२), (३), (४) र (५) जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनु पूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै सच्याउनुपर्ने, खण्डन गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिब जवाफ पठाउन लगाउनेजस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ।

(७) कुनै सञ्चारमाध्यमले आफ्नो चरित्र, सामाजिक प्रतिष्ठामा गम्भीर चोट पुऱ्याउन आचारसंहिता गम्भीर उल्लङ्घन गरी नियतवश समाचार सम्प्रेषण गरेको हुँदा खण्डन मात्र पर्याप्त नहुने भनी मर्का पर्ने पक्षले आधार प्रमाणसहित उजुरी दिएमा छानबिन गरी उजुरीको व्यहोरा सत्यतथ्य देखिएमा काउन्सिलले सम्वन्धित सञ्चारमाध्यमलाई क्षमायाचनाका लागि निर्देशन दिन सक्नेछ।

(८) काउन्सिलको स्वअनुगमनबाट कुनै सञ्चारमाध्यम वा पत्रकारले राष्ट्रिय सावर्भ ौमसत्ता, सार्वजनिक हित, शिष्टाचार वा जनसरोकारका विषयमा आचारसंहिता उल्लङ्घन गरेको पाइएमा छानबिन गरी काउन्सिलले आवश्यक कारबाही गर्न सक्नेछ।

(९) काउन्सिलले उपदफा (१)(ग) बमोजिमको उजुरी तथा उपदफा (५), (७) र (८) बमोजिमको कारबाहीका सम्बन्धमा सबुत प्रमाण बुझी सामान्यतया तीस दिनभित्र निर्णय गर्नेछ।

(१०) काउन्सिलले उपदफा (९) बमोजिम निर्णय गर्नुअघि सम्बन्धित विषयमा सबुत प्रमाण बुझ्ने, आवश्यक कागजात र प्रमाण सम्बन्धित पक्षबाट पेश गर्न लगाउने वा निरीक्षण र तत् सम्बन्धी जाँचबुझ गर्ने-गराउने, सम्बन्धित पक्षलाई बोलाई त्यससम्बन्धी सत्य, तथ्य पत्ता लगाउने जस्ता कार्य गर्न सक्नेछ।

**७. कारबाही तथा निर्णय :**

(१) यो आचारसंहिताको दफा ४को पालना नगरेमा वा दफा ५ को उल्लङ्घन गरेमा वा काउन्सिलको निर्णय वा निर्देशन नमानेमा उल्लङ्घनको गम्भीरताका आधारमा सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई काउन्सिलले देहाय बमोजिम एक वा सोभन्दा बढी कुनै पनि कारबाहीको निर्णय गर्न सक्नेछ :

(क) खण्डन प्रकाशन/प्रशारण, भूलसुधार तथा क्षमायाचना गर्न निर्देशन दिने

(ख) ध्यानाकर्षण वा सचेत गराउने ।

(ग) मूल्याङ्कन वर्गीकरण प्रकृयाबाट अलग गर्ने, लोककल्याणकारी विज्ञापनलगायत अन्य सुविधाबाट वञ्चित गर्ने वा सूचीकरणबाट हटाउने

(घ) प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने

(ङ) सरकारी वा कुनै पनि सार्वजनिक निकायका तर्फबाट उपलब्ध गराइने कुनै पनि प्रकारका विज्ञापन वा सुविधाहरू निश्चित अवधिका

लागि उपलब्ध नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने

(च) कुनै पनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने

(छ) गम्भीर रूपमा आचारसंहिता उल्लङ्घन गर्ने पत्रकार र सञ्चारमाध्यमलाई थप कारबाहीका लागि नेपाल पत्रकार महासंघ र सम्बन्धित सञ्चारसंस्थामा सिफारिस गर्ने।

(ज) काउन्सिलको निर्णय वा निर्देशन अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने, अवज्ञाकारी, कालोसूचीमा राख्ने र पटक-पटक गरिएका कारबाहीको विवरण तत्काल वा आवश्यकता अनुसार सार्वजनिक गर्ने।

२. उजुरीकर्ताबाट प्राप्त खण्डन वा प्रतिक्रिया वा उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनःउत्पादन-वितरण गर्न निर्देशन दिन सक्नेछ।

३. उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना नगरेमा काउन्सिलले सम्वन्धित पत्रकार र सञ्चारमाध्यमलाई अवज्ञाकारी, कालोसूचीमा राखी थप प्रक्रिया अगाडी बढाउन सक्नेछ। काउन्सिलको निर्देशनलाई तीन पटकभन्दा बढी अवज्ञा गर्ने सञ्चारमाध्यम मूल्यांकन वर्गीकरण नगर्न, लोककल्याणकारी विज्ञापन वा यस्तै अन्य सुविधा निश्चित अवधिका लागि रोक्का गर्न सिफारिस गर्ने वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहछे भने प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

४. उपदफा (३) बमोजिम कारबाही भएपछि पनि काउन्सिलको निर्देशन पालना नगरेमा काउन्सिल वा नेपाल सरकार वा सावर्ज निक निकायकोतर्फबाट उपलब्ध हनु ेसुविधाहरु निश्चित अवधिका लागि निलम्बन गर्नुका साथै कुनै पनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने।

५. अनलाइन सञ्चारमाध्यममा सम्प्रेषित कुनै सामग्रीले आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको ठहर भएमा निश्चित अवधि तोकी त्यस्ता सामग्री नदेखिने गरी रोक लगाउन सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ।

६. उजुरी वा स्वअनुगमनबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गरेको देखिन आएमा सो विषयमा सुधार गर्न, आइन्दा त्यस प्रकारका सामग्री सम्प्रेषण नगर्न नगराउन र आचारसंहिता पालनामा सजग रहन ध्यानाकर्षण एवम् विषयको गम्भीरताका आधारमा सचेत गराउन सक्नेछ।

७. काउन्सिलले आवश्यक ठानेमा माथि उल्लेखित बँदुामध्ये एकै पटक दुई वा सोभन्दा बढी कारवाही गर्न सक्नेछ।

८. काउन्सिलले आवश्यकता अनुसार सम्बन्धित पक्षहरूका बीच मेलमिलाप गराउन सक्नेछ।

**८. कारबाहीका लागि सिफारिस गर्न सक्ने :** सरकारी, गैरसरकारी निकायका पदाधिकारी वा अन्य व्यक्तिले प्रेस स्वतन्त्रता वा संविधानप्रदत्त सञ्चार सम्बन्धी हक हनन गरेको उजुरी परेमा वा काउन्सिलको स्वअनुगमनबाट त्यस्तो पाइएमा काउन्सिलले उपयुक्त कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ। कारबाहीको सिफारिस गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइको मौका दिनुपर्नेछ।

## विविध

**९. स्वनियमन र स्वमूल्याङ्कनः**

(१) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाई सोको स्वनियमन र स्वमूल्याङ्कन गर्नेछन्। यसका लागि सञ्चारमाध्यमले आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेका स्वतन्त्र विज्ञहरु रहेको सञ्चार स्वनियमन समिति गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले सम्बन्धित सञ्चारमाध्यमको आचारसंहिता निर्माण, गुणस्तर सुधार र प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउन स्वनियमन र स्वमूल्याङ्कन गर्नेछ। समितिले यस सम्वन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुका साथै अभिलेखका लागि प्रेस काउन्सिलसमक्ष पेश गर्नेछ।

**१०. आचारसहिता अनुगमन उपसमिति गठन गर्न सक्ने :** (१) आचारसंहिता उल्लङ्घनका विषयमा उजुरीको सुनुवाइ र छानबिन गरी आवश्यक निर्णय गर्न काउन्सिलले आचारसंहिता अनुगमन उपसमिति गठन गर्न सक्नेछ। (२) पत्रकार तथा सञ्चारमाध्यमले आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा आचारसंहिता अनुगमन उपसमितिले आवश्यकता अनुसार काउन्सिलका पदाधिकारी वा काउन्सिलका कर्मचारी वा अन्य ततसम्बन्धी विषयका विज्ञलाई छानबिन र अनुगमनका लागि खटाउन सक्नेछ।

**११. आन्तरिक आचारसंहिता र कार्यविधि बनाउन सक्ने :** काउन्सिलले यस आचारसंहिताले गरेको व्यवस्थाको अधीनमा रही काउन्सिलका अध्यक्ष, सदस्य र कर्मचारीहरुका लागि आन्तरिक आचारसंहिता बनाइ लागू गर्न सक्नेछ। यसैगरी उजुरी र कारबाहीका लागि यस सम्बन्धी आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**१२. निर्वाचन आचारसंहिताको पालना :** प्रेस काउन्सिल नेपालले निर्वाचनका क्रममा पत्रकार तथा सञ्चारमाध्यमका लागि निर्वाचन आचारसंहिता जारी गर्न सक्नेछ।

१३. अनलाइन सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन-प्रशारण वा बाह्य लिङ्कहरूलाई प्रकाशित गर्नुअघि तिनको विश्वसनीयता परीक्षण गर्नुपर्नेछ र प्रकाशित वा प्रशारित भएका सामग्री अनलाइनमा रहिरहने व्यवस्था गर्नुपर्दछ। तर, मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य र सुरक्षा, सामाजिक सद्भाव जस्ता गम्भीर असर पर्ने सामग्री हटाउन काउन्सिलले निर्देशन दिन सक्नेछ।

**१४. प्रवृत्तिगत अध्ययन गर्ने :** काउन्सिलले सञ्चारमाध्यमको रुपमा अभिलेख नभएका अनलाइन र पत्रकार एवम् सञ्चारमाध्यमले प्रयोग गर्ने (सञ्चालन गर्ने) सामाजिक सञ्जालमा प्रवाह भएका सामग्रीको प्रवृत्ति अध्ययन गर्न सक्नेछ। यसरी गरिएको अध्ययनको प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक गर्नुपर्नेछ।

**१५. अभिन्न अङ्ग मानिने :** यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार तथा सञ्चारमाध्यमका निमित्त जारी गरिने आचारसंहिता सम्बन्धी विशिष्टीकृत निर्देशिकाहरू यस आचारसंहिताको अभिन्न अङ्ग मानिनेछन्।

**१६. खारेजी तथा बचाउ :** (१) पत्रकार आचारसंहिता-२०६० (संशोधित तथा परिमार्जित , २०६४) खारेज गरिएको छ।

(२) पत्रकार आचारसंहिता -२०६० (संशोधित तथा परिमार्जित, २०६४) बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ।

(३) यो आचारसंहिता जारी हुनु पूर्व काउन्सिलमा परेका आचारसंहितासँग सम्बन्धित उजुरीहरूको कारबाही र किनारा यस आचारसंहिता बमोजिम गरिनेछ।

**(स्रोतः प्रेस काउन्सिल नेपाल)**



● भानुभक्त आचार्य
पीएचडी
युनिभर्सिटी अफ अटवा,
क्यानडा

# अनलाइनमा पाठक प्रतिक्रिया: नियमन गर्ने कि बेवास्ता ?

केही अनलाइन पोर्टलमा पाठकप्रतिक्रियाको अनुगमन

| नाम (वर्णानुक्रम) | प्रतिक्रियाको नियम | प्रकाशन हुने समय | लग इन/रजिस्ट्रेसन | भाषा |
|---|---|---|---|---|
| अनलाइनखबर | प्रकाशित छैन | सम्पादनपछि | गर्नुपर्छ | जुनसुकै |
| इकागज | प्रकाशित छैन | तत्कालै | गर्नुपर्दैन | जुनसुकै |
| इकान्तिपुर | प्रकाशित छैन | सम्पादनपछि | गर्नुपर्छ | जुनसुकै |
| उकेरा | प्रकाशित छैन | तत्कालै | गर्नुपर्दैन | जुनसुकै |
| थाहाखबर | प्रकाशित छैन | तत्कालै | गर्नुपर्दैन | जुनसुकै |
| नयाँपत्रिका | प्रकाशित छैन | तत्कालै | गर्नु पर्दैन | जुनसुकै |
| नेपालखबर | प्रकाशित छैन | तत्कालै | गर्नुपर्दैन | जुनसुकै |
| रातोपाटी | प्रकाशित छैन | सम्पादनपछि | गर्नुपर्छ | जुनसुकै |
| सेतोपाटी | प्रकाशित छैन | तत्कालै | गर्नु पर्दैन | जुनसुकै |
| हिमालखबर | प्रकाशित छैन | तत्कालै | गर्नु पर्दैन | जुनसुकै |

अनलाइन समाचार पोर्टलहरूमा प्रकाशित विभिन्न समाचार, लेख वा सम्पादकीय मुन्तिर प्रायः प्रतिक्रिया लेख्न मिल्ने सुविधा पाठकलाई हुन्छ। त्यो सुविधाको प्रयोग गर्दै पाठकले सम्बन्धित समाचारमा आफ्ना प्रतिक्रिया, विचार, प्रश्न वा आलोचना लेख्छन्। परम्परागत अखबारका पृष्ठमा सीमित स्थान हुने भएकाले छानिएका केही पाठक प्रतिक्रियाहरू मात्रै प्रकाशित हुन्छन्। तर, अनलाइनमा ठाउँको समस्या हुँदैन। त्यसैले पाठकले जति लेख्छन्, प्रायः ती सबै प्रकाशित हुन्छन्। कुनै कुनै समाचारमा त समाचारको लम्बाइभन्दा पाठक प्रतिक्रियाको थुप्रो निकै ठूलो हुन्छ।

स्थान पर्याप्त भएकाले पाठकका सबै प्रतिक्रिया प्रकाशित भएका होइनन्। जनशक्तिको अभाव भएकाले वा पाठकका क्रियाप्रतिक्रियालाई बेवास्ता गरिने भएकाले ती प्रतिक्रियाहरू थुप्रिएका हुन्। बहुसंख्यक अनलाइन पोर्टलमा विभिन्न पदमा अनेक नाम देखिन्छन्– प्रधानसम्पादक, प्रबन्ध सम्पादक, कार्यकारी सम्पादक, समाचार सम्पादक, सह सम्पादक, उपसम्पादक आदि इत्यादि। तर ती देखाउने दाँत मात्रै हुन्। खास काम गर्ने पत्रकार एक दुई मात्रै हुन्छन्। तिनीहरूले के-के पो भ्याउन्। अन्य सञ्चारमाध्यममा आएका समाचारको 'रिमेक' गर्दागर्दै, सोसल मिडिया स्क्रोलिङ गर्दागर्दै वा एकदुईजनालाई फोनमा थप जानकारी माग्दामाग्दै आधा किलोमिटर पर भएको सवारी दुर्घटनाको रिपोर्टिङमा जाने फुर्सद् हुन्न। विभिन्न समाचार एजेन्सीलगायतबाट समाचार तानतुन पारेर, अलिअलि पुनर्लेखन गरेर, काँटछाँट गरेर आफ्नो जस्तो बनाएर हाल्दाहाल्दै दिन बित्छ। त्यस्तोमा पाठकले के लेख्दैछ भनेर हेर्ने फूर्सत् कसलाई ? निकै गम्भीर त्रुटि भएछ भने त्यसलाई हतपत्त सच्याउनेसम्म हो।

हामीलाई थाहै छ, अनलाइन माध्यम भनेको 'ब्लाकहोल' जस्तै हो। असिमिति 'स्पेस' भएकाले जति समाचार प्रकाशन गरे पनि पुग्दैन। फेरि यसमा कुनै 'डेडलाइन' हुन्न। खासमा अनलाइन मिडिया सबैभन्दा खर्चिलो मिडिया हो। तर, हामीले सबैभन्दा सस्तो हिसाबले चलाइदियौं। पुगनपुग तीन करोड जनसंख्या भएको देशमा करिब चार हजार अनलाइन सरकारी निकायमै सूचिकृत छन्। त्यो भन्दा धेरै अनलाइन ब्लग वा युट्युब वा त्यस्तै कुनै स्वरूपमा बिना दर्ता नै समाचार प्रकाशन/प्रसारण गर्दछन्। यसलाई गएको दशकमा आएको अनलाइन सञ्चारमाध्यमको बाढी नै भने पनि हुन्छ किनभने नेपालमा पूर्णकालीन पत्रकारको संख्याभन्दा अनलाइन पोर्टलहरूको संख्या बढी भइसक्यो।

**कस्ता छन् पाठक प्रतिक्रिया ?**

साना त साना भइगए, ठूलो लगानी गरेका अनलाइन सञ्चार संस्थाहरूले पनि पाठक प्रतिक्रियालाई महत्व दिएका छैनन्। पाठकले जेसुकै लेखोस्, जस्तोसुकै भाषामा लेखोस्, जतिसुकै लेखोस, जोसुकैलाई गाली गरेर लेखोस्, जहिलेसुकै लेखोस्। पाठक प्रतिक्रियालाई नियमन गर्ने न मान्छे छ, न नीति (तालिका हेर्नुहोस्)।

समाचार, विचार वा सम्पादकीयमा प्रतिक्रिया दिनु भनेको त्यसै विषयसँग सम्बन्धित क्रिया वा प्रतिक्रिया, समर्थन वा खण्डन, थप जानकारी वा त्रुटि पहिचान आदि लेखेर (वा बोलेर) हो सम्पादकीय समूहलाई जानकारी गराउनु हो। तर सम्बन्धित समाचार, लेख, फिचर वा सम्पादकीय आदिले उठाएको विषयसँग असम्बन्धित भए पनि पाठकको टिप्पणी प्रकाशित भएकै छ। समाचार निकै चर्चित (भाइरल) हुने किसिमको रहेछ भने घरजग्गा व्यावसायी, ज्योतिषी, अनलाइन बिक्रेता आदिले पनि आफ्नो 'बिजनेस कार्ड', फेसबुक पेज वा वेबसाइटको लिंकसहित विज्ञापन गर्न भ्याउँछन्। त्यसलाई रोक्ने कोही छैन।

प्रतिक्रिया लेख्नेको भाषा अनेक थरिको हुन्छ। कोही राम्रै नेपालीमा लेख्छन् तर ह्रस्वदीर्घ वा सामान्य व्याकरण मिलेको हुन्न। कतिपय अंग्रेजीमा लेख्छन् तर भाषाको स्तर, हिज्जे र व्याकरण आदि चौपट हुन्छ। लेख्नेले बाहेक अरुले बुझ्न कठिन। कतिपयले अंग्रेजीमा लेख्न जान्दैनन् तर नेपाली टाइप पनि आउँदैन। उनीहरू रोमन फन्ट प्रयोग गरेर नेपालीमा लेख्छन्। त्यो बुझिनसक्नु हुन्छ। अझ कतिपय त घरि नेपाली घरि अंग्रेजी, नेपांग्रेजी (रोमन फन्टमा नेपाली) लेख्छन्। त्यो बुझ्न झन् कठिन छ। अझ कतिपय पाठकले कस्ता शब्द प्रयोग गर्छन् भनिसक्नु छैन। मुखमा जे आयो त्यही लेख्ने। एक्लै पढ्दा समेत लाज लाग्ने शब्दहरू हुन्छन्। कसैलाई देखाउन वा पढेर सुनाउन सकिने त हुँदैहुन्न। व्यक्तिको मानमर्दन गर्ने गरी वा झूटा आरोप लगाउने गरी प्रतिक्रिया लेख्नेहरू पनि हुन्छन्। त्यस्तो लेखाइ पाठक प्रतिक्रिया होइन, फोहोरको डंगुर हो। कतिपय अनलाइनले सूचना र समाचार प्रकाशनमा जति योगदान गरेका छन्, त्योभन्दा बढी अरू पाठकलाई छाडा बोल्न सिकाइ रहेका छन्। केही स्तरहीन पाठक प्रतिक्रिया पढेर

अन्यले निर्लज्ज गाली गर्न सिकिरहेका छन् । कसैले आफ्नो सामाजिक सञ्जालमा के लेख्छ, कसरी लेख्छ, त्यो उसको कुरा हो । तर, आफ्नो अनलाइन प्लाटफर्म अरूलाई दुरुपयोग गर्न दिनु भएन। त्यो दुरुपयोगको जिम्मेवार हामीआफैं हो ।

लेख्नु भनेको शब्दहरूको रास मात्रै होइन । लेखाइ सरल, सान्दर्भिक र अर्थपूर्ण हुनुपर्छ । सिलसिला मिलाएर लेख्न जान्ने पाठक थोरै हुन्छन् । के लेख्ने, कति लेख्ने, कस्तो शब्द वा भाषा प्रयोग गर्ने आदिबारे हामीसँग कुनै नीति छैन । एउटा समाचारमा कहिलेसम्म प्रतिक्रिया लेख्न दिने भन्ने सीमा छैन । पोहोर प्रकाशित समाचारमा कुनै पाठक यसपाली कमेन्ट गर्दै हुन्छ । सम्बन्धित पत्रकारले पनि कति हेर्ने, कताकता ध्यान पुऱ्याउने ? साध्यै हुन्न । यति शब्दमा लेख्ने, समाचारसँग सम्बन्धित विषयमा मात्रै लेख्ने, सार्वजनिक प्रयोगमा सुपाच्य हुने भाषा प्रयोग गर्ने, व्यक्तिगत आलोचना र लाञ्छना नलगाउने, तथ्यप्रमाणसहित लेख्ने जस्ता आधारभूत मार्गदिर्नेशन नदिएर हामीले पाठकलाई पनि बेलगाम र छाडा बनायौं । पाठकलाई अर्थपूर्ण प्रतिक्रिया लेखनका लागि मार्गदिर्नेशन गर्न नसक्नु हाम्रो कमजोरी हो ।

सन् २०१४ मा नेपालका मुख्य अनलाइन मिडिया विद्यमान पत्रकार आचारसंहिता र यसका विश्वव्यापी मान्यताहरू कत्तिको आत्मसात गर्छन्, सर्वसाधारण पाठकप्रति कत्तिको जवाफदेही हुन्छन् भन्ने विषयमा नेपालमा एउटा अध्ययन गरेको थिएँ । त्यस अध्ययनमा समावेश भएका १० मध्ये एउटा अनलाइनमा मात्रै पाठक प्रतिक्रिया सम्पादन भएर प्रकाशन गरिनेछ भन्ने एक वाक्यको नीति थियो । तर आज एक दशकपछि पनि लगभग त्यही अवस्था छ । अझ धेरैजसो अनलाइनमा प्रतिक्रिया लेख्नका लागि पाठकले थाहा पाउनु पर्ने कुनै नियम छैन । लग इन गरेर पाठक प्रतिक्रिया लेख्नेले पनि के लेख्न हुन्छ के हुन्न भन्ने सामान्य जानकारी पाउँदैनन् । आजसम्म नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल लगायत सरकारी वा निजी क्षेत्रको कुनै पनि सरोकारवाला संस्थाले पाठक प्रतिक्रियालाई नियमन वा व्यवस्थित गर्ने विषयमा छलफल समेत भएको थाहा छैन ।

**के छ अन्तर्राष्ट्रिय अभ्यास ?**

हुन त इन्टरनेट र यससम्बन्धी मिडियाहरू लोकतान्त्रिक मञ्चहरू हुन्, जसमा व्यक्ति कुनै प्रकारको अभिव्यक्ति दिन स्वतन्त्र हुन्छ भन्ने गरिन्छ । तर यो भनाइ या त अति नै आदर्शवान अवस्थाबाट जन्मिएको छ या त अति नै अल्छी र बेपर्वाह पत्रकारले पाठकका प्रतिक्रियामा कुनै ध्यान दिन नचाहेको अवस्थाबाट आएको छ ।

विश्वका सबैजसो प्रतिष्ठित अनलाइन मिडियाहरूले अनलाइन समाचार वा विचार वा सम्पादकीय टिप्पणी आदिमा पाठक प्रतिक्रियाका लागि निश्चित नियमहरू बनाएका हुन्छन् । उदाहरणका लागि क्यानाडियन ब्रोडकास्ट कर्पोरेसन (सिबिसी) १२ बुँदे पाठक प्रतिक्रिया नीति बनाएको छ । त्यो नीति हरेक प्रतिक्रिया लेख्ने ठाउँमा हाइपरलिंकमा देखिन्छ । त्यस नीतिमा समेटिएका मुख्य प्रवाधानहरू यस्ता छन् – (क) प्रतिक्रिया सम्बन्धित समाचार/ विचार/ सम्पादकीयसँग सम्बन्धित हुनु पर्ने, (ख) भाषा सभ्य र मर्यादित हुनु पर्ने, (ग) कसैलाई व्यक्तिगत लाञ्छना लगाएर लेख्न नपाइने, (घ) तीनभन्दा बढी बाहिरी लिंक राखेर लेख्न नपाइने, (ङ) अंग्रेजी र फ्रेन्च भाषामा मात्रै प्रतिक्रिया लेख्न पाइने तर कुनै खास विदेशी शब्द अर्थसहित प्रयोग गर्न सकिने, (च) आफैंले लेखेको हुनु पर्ने । अर्काको सारेर, चोरेर राख्न नपाइने (प्रतिलिपि अधिकारको मुद्दा लाग्न सक्छ), (छ) कुनै जात, वर्ण, भाषा, भूगोल, लिंग, उमेर, शारीरिक अवस्था आदिप्रति अनादर हुने भाषा प्रयोग गर्न नपाइने । (ज) अश्लील शब्द वा भाषा, गैह्रकानुनी कुरा, घृणायुक्त अभिव्यक्ति, धम्की, व्यक्तिगत लाञ्छना, अपराध दुरुत्साहन गर्ने कुरा लेख्न बन्देज, (झ) अरुको व्यक्तिगत सूचना सार्वजनिक गर्न नपाइने, (ञ) कुनै सामग्री, सेवा वा उत्पादनको प्रचार गर्न नपाइने । (ट) वास्तविक नाम प्रयोग गर्नु पर्ने । बेनामे र छद्मनाम प्रयोग गर्न नपाइने आदि ।

ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन (बिबिसी) को प्रतिक्रिया नीति अलि पृथक छ । यसले धेरैजसो समाचारमा पाठकलाई सोझै कमेन्ट गर्न दिँदैन । अर्थात् समाचारको अन्त्यमा कमेन्ट गर्ने ठाउँ नै हुँदैन । समसामयिक र बढी चर्चा पाएका कतिपय विषयमा कमेन्ट गर्न दिइन्छ तर निश्चित समयपछि समाचारको मुन्तिर सोझै प्रतिक्रिया लिन बन्द गरिन्छ र इमेल, फोन वा चिठ्ठीमा प्रतिक्रिया पठाउन भनिन्छ । कमेन्टमा रेटिङ गर्न मिल्छ । सबैभन्दा बढी रेटिङ पाएको प्रतिक्रिया सबैभन्दा माथि देखिन्छ । माथि सिबिसीको नीति जस्तै बिबिसीको पाठक प्रतिक्रिया नीति १८ बुँदामा समेटिएको छ र प्रायः सिबिसीका सबै प्रावधान बिबिसीको नीतिमा पनि मिल्छन् । त्यसबाहेक अदालतको अवहेलना हुने, गैह्रकानुनी गतिविधिलाई प्रोत्साहन गर्ने कुरा, मिथ्यासूचना भएको, अंग्रेजी बाहेकका भाषामा लेखिएको, सन्दर्भ नमिल्ने बेमतलबका कुरा, दोहोरिएको प्रतिक्रिया, भाइरसयुक्त लिंक भएको, निर्वाचनको संवेदनशील समयमा कसैका पक्ष वा विपक्षमा प्रचार गर्ने किसिमका प्रतिक्रियाहरू प्रकाशित हुँदैनन् । आफ्नो प्रकाशित प्रतिक्रिया हटाउन मनलागे तपाईंले दिइएको इमेलमा कारणसहित अनुरोध गर्नुपर्छ । आफैं हटाउन मिल्दैन ।

त्यसैगरी अमेरिकाको लोकप्रिय द न्युयोर्क टाइम्समा पाठक प्रतिक्रियाका लागि सामान्यतः २४ घण्टाको समय दिइन्छ । त्यसपछि कमेन्ट बक्स बन्द हुन्छ । त्यसपछि पनि कसैले प्रतिक्रिया पठाउन चाहेमा इमेल गर्ने विकल्प हुन्छ । यसोगर्दा सबै लेखमा पत्रकारहरु सधैं सतर्क भइरहनु पर्दैन । कसैले लेखेको प्रतिक्रियामा अन्य पाठकले पनि उपप्रतिक्रिया लेखेर विमति/सहमति जनाउने विकल्प दिइएको हुन्छ । सम्पादन नभइकन कुनै प्रतिक्रिया प्रकाशन हुँदैनन् । पाठक प्रतिक्रियाका लागि मापदण्डसहितको निर्देशिकाको लिंक दिइएको हुन्छ । त्यसलाई आत्मसात नगर्ने प्रतिक्रिया अस्विकृत हुन्छन् । तर सम्बन्धित मिडियाका नीति, गलत काम, निर्णय, विषयवस्तु छनोट आदिमा पनि पाठकले तथ्यपरक ढंगले आलोचना गर्न सक्छन् । त्यसलाई प्रकाशन गर्ने गरिन्छ ।

भारतबाट प्रकाशित हुने 'द हिन्दु'ले त प्रतिक्रिया पठाउन चाहने पाठक र सञ्चार संस्थाबिच 'प्रयोगका सर्त' शीर्षकमा एउटा सम्झौता मै सहमति जनाउनु पर्ने व्यवस्था गरेको छ । त्यसअघि आफ्नो सही सूचना दिएर लगइन गर्नुपर्छ । नत्र प्रतिक्रिया लेख्न पाइँदैन ।

**अब के गर्ने ?**


संसारका सबैजसो ठूला सञ्चार संस्थाले पाठक प्रतिक्रियाका लागि निश्चित मापदण्ड बनाएका छन् । त्यसले गर्दा पाठकहरू आफ्नो मनमस्तिष्कमा उब्जेका तर्क वा भावनालाई राम्रो र सभ्य भाषामा लेख्न प्रयास गर्छन् । यस्तो नियमनले पनि मिथ्यासूचना नियन्त्रण गर्न सघाउँछ, पाठकलाई उत्तेजित हुनबाट रोक्छ, व्यक्तिगत लाञ्छना र गालीगलौजलाई नियन्त्रण गर्छ । तर हामीकहाँ पाठक प्रतिक्रिया बारे कहिल्यै गम्भीर छलफल भएन । बरु पाठकलाई सही प्रतिक्रिया दिन उत्साहित गर्नुको साटो छद्म वा बेनामे प्रतिक्रिया दिन समेत हामीले हाम्रो डिजिटल मञ्च उपलब्ध गराइदियौं ।


यसले एकातिर पाठकलाई अनियन्त्रित र मनमौजी बनाइदिएको छ भने अर्कातिर यसले मिथ्यासूचनाको बढोत्तरीमा भूमिका खेलेको छ । प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ, सञ्चार मन्त्रालय, विभिन्न सञ्चार संस्था र संगठनहरू मिलेर तत्कालै पाठक प्रतिक्रिया नियमन र सहजीकरणका लागि छरिदो निर्देशिका बनाउन जरुरी छ । सभ्यसमाज निर्माण गर्न इन्टरनेटमा घुमिरहने कलुषित प्रतिक्रियाहरूलाई नियन्त्रण गर्नुपर्छ । अभिव्यक्ति स्वतन्त्रताका नाउँमा अनलाइन सञ्चारमाध्यमलाई मान्छेको भँडास पोख्ने रंगमञ्च बन्न दिनुहुँदैन । नत्र सामाजिक सञ्जाल र अनलाइन सञ्चार संस्थामा के नै फरक रह्यो र ? गुणस्तरीय पत्रकारिताका लागि पाठक प्रतिक्रियाको छनौट, सम्पादन र नियमन अत्यावश्यक छ ।

*(हिमालखबर डटकममा प्रकाशित यो लेखले उठाएको विषयवस्तु सान्दर्भिक लागेर परिमार्जनसहित पुनः प्रकाशित गरिएको हो ।)*

'समय, सम्पति र पानीको सही सदुपयोग गरौं'

# अनलाइन माध्यमबाट खानेपानीको बिल भुक्तानी सम्बन्धी जानकारी





बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका आम उपभोक्ताको हितलाई ध्यानमा राख्दै खानेपानीको महसुल भुक्तानी अनलाइनमार्फत् हुने व्यवस्था मिलाइएको छ । जसमा connect IPS, E-sewa, Khalti, Phone Pay, QR Scan Pay, Wallet Intrication जस्ता Digital Pay System बाट बिल भुक्तानी गर्न सकिनेछ ।

उल्लेखित माध्यमबाट बिल भुक्तानी गर्न आफूले चलाउने एप्सको पेमेन्ट अप्सनमार्फत् Khanepani मा गई Birtamode Khanepani Choose गरी बिलमा भएको Customer ID राखी बिल भुक्तानी गर्न सकिनेछ वा खानेपानीको बिल लिएर नजिकैको E-sewa पसलमा गई बिल भुक्तानी गर्न पनि सकिनेछ ।


पारमणि मैनाली: सचिव

मेघराज बाँस्तोला: अध्यक्ष

## बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था

बिर्तामोड-५, झापा

सम्पर्क फोन : ०२३-५३०२७०/५३१४०१ | इमेल : khanepanibirtamode@gmail.com


घुमौं
चेप्टी पार्क
माई नगरपालिका-२, इलाम
नेपालकै ठूलो
जाने मुख्य बाटोहरू
पूर्व-पश्चिम राजमार्ग, झापा
> बिर्तामोड
> चारपाने
> दुर्गापुर
HAPPY DREAM